# व्यवस्थाको पुस्तकको भूमिका

*'व्यवस्थाको पुस्तकचाहिँ पुरानो नियमका सबैभन्दा महान् पुस्तकहरूमध्ये एक हो। युगयुगका मानिसहरूको बीचमा परिवारको र व्यक्तिगत भक्तिमाथि यस पुस्तकको असल प्रभाव पवित्र बाइबलका अरू सबै पुस्तकको प्रभावभन्दा बढ़ी भएको छ। नयाँ नियममा यस पुस्तकबाट असी पल्टभन्दा बढ़ी केही खण्ड उद्धृत गरिएको छ। अनि यही कारणले शुरुका इसाईहरूले आफ्ना लेख र प्रचारमा उत्पत्ति, व्यवस्था, भजनसंग्रह र यशैयाको पुस्तक – पुरानो नियमका यी चारवटा पुस्तकहरू सन्दर्भको आधार तुल्याउँथे।'*

*श्री जे. ए. थम्पसन*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

उजाड़स्थानमा हाम्रा प्रभु येशू ख्रीष्ट चालीस दिन र चालीस रातसम्म शैतानद्वारा परीक्षामा पर्नुभयो। उहाँका परीक्षाहरूमध्ये विशेष गरी तीनवटा परीक्षाहरू हाम्रो आत्मिक लाभको निम्ति सुसमाचारका पुस्तकहरूमा वर्णन गरिएका छन्। यी तीनै पल्ट ख्रीष्ट येशूले पुरानो नियम 'आत्माको तरवार'को रूपमा प्रयोग गर्नुभयो; यति मात्र होइन, तर हरेक पल्ट उहाँले केवल त्यस आत्मिक तरवारको एकै पुस्तकरूपी 'धार' चलाउनुभयो – व्यवस्थाको पुस्तक। हुन सक्छ, यो पुस्तक येशू ख्रीष्टलाई धेरै मन पर्ने पुस्तकहरूमध्ये एक भएको हुनुपर्ला; यसो हो भने, हामीले पनि यो पुस्तक प्रिय मान्नुपर्छ। धेरै ठाउँहरूका मानिसहरूले व्यवस्थाको पुस्तक हेलचेक्र्याइँ र बेवास्ता गरेका छन्; यो दुःखलाग्दो कुरा हो। हुन सक्छ, ग्रीक भाषामा लेखिएको 'सेप्टुवजिन्ट' नामक पुरानो नियमको अनुवादबाट आएको यस पुस्तकको शीर्षक यसको बेवास्ता गरेको मूलकारण हुन सक्छ। किनभने अँग्रेजीमा यस पुस्तकको शीर्षक 'ड्युटेरोनोमी' भयो, जसको अर्थ 'दोस्रो पल्ट व्यवस्था' अथवा 'व्यवस्था दोहोरिएको' हो। यसैले होला, 'अरे, यहाँ नयाँ कुरा केही पनि छैन, तर प्रस्थानको पुस्तकमा, लेवीको पुस्तकमा र गन्तीको पुस्तकमा जेजति कुराहरू प्रस्तुत गरिएका छन्, केवल ती कुराहरू व्यवस्थाको पुस्तकमा दोहोरिन्छन्' भन्ने भूल-धारणा कसै-कसैको मनमा यस पुस्तकको विषयमा उठेको होला। तर बुझ्नुहोस्ः परमेश्वरले केही कुरा दोहोऱ्याउनुभयो भने, उहाँले बिनसित्ति यसो गर्नुहुन्न, तर यसो गरेकोमा एउटा विशेष कारण र उद्देश्य हुनुपर्छ। अनि यो पनि होः केही कुरा दोहोऱ्याउँदा उहाँले त्यसमा कुनै नयाँ जोड़ दिन चाहनुहुन्छ र त्यसका केही नयाँ बुँदाहरू प्रकट गर्नुहुन्छ। व्यवस्थाको पुस्तकसँग कुरा पनि यस्तै छ। व्यवस्थाको पुस्तक एउटा गजबको पुस्तक हो, होशियारसाथ अध्ययन गर्न लायकको पुस्तक हो।

### ख) यस पुस्तकको लेखक को हुन् ?

यस पुस्तकको लेखक मोशा नै हुन्। तर हुन सक्छ, परमप्रभुले कतै आत्माप्रेरित

सम्पादकहरूलाई प्रयोग गर्नुभयो होला, जसले मोशाको लेखमा केही नयाँ बुँदाहरू थपेर सुनमा सुगन्ध लगाइदिए होलान्। यस पुस्तकको अन्तिम अध्यायको सन्दर्भ मोशाको मृत्यु भएको हुनाले उनले यो अध्याय कसरी लेख्न सके त ? यो प्रश्न उठ्नु अनिवार्य हो। तर हुन सक्छ, मोशाले यो अध्याय भविष्यवाणीको रूपमा लेखे; हुन सक्छ, यहोशूले अथवा अरू कसैले यो अध्याय लेखे।

उदारवादी आलोचकहरूले के भनेका छन् भने, 'व्यवस्थाको पुस्तकचाहिँ ख्रीष्टपूर्व ६२० सालमा राजा योसियाहको पालोमा भेट्टाइएको व्यवस्थाको पुस्तक हो।' तिनीहरूको विचारमा, यो पुस्तक एउटा छलसाजी धार्मिक पुस्तक हो अरे। किनभने यहूदीहरूले अन्य कुनै ठाउँमा होइन, तर यरूशलेममा अवस्थित भएको मन्दिरमा मात्र परमेश्वरको उपासना गरून् भन्ने हेतुले यस पुस्तकको लेखकले मोशाको लेख्ने शैली अपनाए अरे।

वास्तवमा, कुनै पुस्तक धार्मिक छल हुनै सक्दैन नै। एउटा पुस्तक कि त धार्मिक पुस्तक हो, कि त छलसाजी रचना हो। छलसाजी पुस्तक धार्मिक हुँदैन। धार्मिक पुस्तक छलको रचना हुन सक्दैन।

अब २ राजाको २२ अध्यायको कुरा आयोः त्यस समयमा भेट्टाइएको व्यवस्थाको पुस्तकचाहिँ पेन्टटुकका पाँचवटा पुस्तकहरू हुनुपर्छ; त्यसमा कुनै शङ्का छैन। योसियाहका दुईजना पूर्वज मनस्से र अमोनचाहिँ दुष्ट राजाहरू थिए। तिनीहरूले मूर्तिपूजालाई परमप्रभुको मन्दिरमा नित्य स्थान दिए। तर कुरा स्पष्ट छ, कि कुनै भक्त जनले अघि कुनै समयमा यस मन्दिरमा व्यवस्थाको पुस्तक लुकाइराखेका हुनुपर्छ।

परमेश्वरको वचन भेट्टाउँदा र त्यस वचनप्रतिको समर्पणले सधैं जागृति ल्याउँछ-ल्याउँछ। सोह्रौं शताब्दीमा मच्चिरहेको ठूलो धर्मसुधार यसको साक्षी छ।

मोशा यस पुस्तकको लेखक हुन् भन्ने कुरा पुष्टि गर्ने छोटो संरक्षण तपाईंले कृपया यस पुरानो नियमको टिप्पणीको पुस्तकमा 'पेन्टटुकको भूमिका'को शीर्षकअन्तर्गत हेर्नुहोला।

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

व्यवस्थाको पुस्तक मोटामोटी ख्रीष्टपूर्व १,४०६ सालमा लेखिएको थियो। हुन सक्छ, यसमा केही सामग्रीहरू मोशाको मृत्युपछि थपिए होलान्, जुन थप सामग्रीहरू पनि आत्माको प्रेरणाको फल भएका हुन्। यस पुस्तकको लेख्ने मितिको विषयमा गरिएको विस्तृत तर्क पढ्नको निम्ति तपाईंले फेरि 'पेन्टटुकको भूमिका' नामक खण्डमा हेर्नुहोला।

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषय-वस्तुहरू के-के हुन् ?

व्यवस्थाको पुस्तकचाहिँ नयाँ पुस्तामाथि केन्द्रित रहेको परमप्रभुको व्यवस्थाको पुनर्बयान हो; यो कुरा दोहोरिनु मात्र भन्न मिल्दैन; किनभने इस्राएलीहरूको चालीस वर्षको उजाड़स्थानको यात्राको अवधिभित्र एउटा नयाँ पुस्ता जन्मेको थियो। अनि यस नयाँ पुस्ताका मानिसहरूले प्रतिज्ञाको देशमा प्रवेश गर्न लागेका थिए। परमेश्वरको आशिष उपभोग गर्नको निम्ति तिनीहरूले परमप्रभुको व्यवस्था जान्नुपरेको थियो र पालन गर्नुपरेको थियो।

यस पुस्तकका पहिला तीनवटा अध्यायहरूमा सिनाई पर्वतदेखि यताको इस्राएली जातिको इतिहासमा आत्मिक अर्थ लगाइन्छ; किनकि कुरा स्पष्ट छः जस-जसले इतिहासबाट सिक्दैनन्, तिनीहरूले

बितेको पुस्ताका मानिसहरूका गल्तीहरू दोहोरूयाउनैपर्छ। यसकारण इतिहास जान्नुमा ठूलो महत्त्व छ। अनि यस खण्डमा सिकाउन चाहेको पाठ यही हो।

व्यवस्था ४-२६ अध्यायहरूमा, यस पुस्तकको दोस्रो खण्ड यसको मुख्य भाग हो; यस खण्डमा परमेश्वरले आफ्ना जनहरूसित स्थापित गर्नुभएको व्यवस्थाका प्रमुख नियमहरू फेरि एकपल्ट प्रस्तुत गरिएका छन्। त्यसपछि व्यवस्था २७-३३ अध्यायहरूको तेस्रो खण्डमा इस्राएलीहरूले प्रतिज्ञाको देशभित्र प्रवेश गरेको समयदेखि ख्रीष्ट येशूको दोस्रो आगमनसम्मको पूर्वदर्शन पेश गरिएको छ। परमेश्वरले इस्राएली-हरूलाई अनुग्रह देखाउनुभएको र तिनी-हरूमाथि आफ्नो शासन कायम राख्नुभएको कुरामा उहाँका उद्देश्यहरू के-के हुन्, सो यस खण्डबाट जानिन्छ। अनि यस पुस्तकको अन्तमा मोशाको मृत्युको बयान छ र उनको उत्तराधिकारी यहोशूको नियुक्ति पनि उल्लेख गरिएको छ (व्यवस्था ३४)।

प्रेरित पावलले यस व्यवस्थाको पुस्तकमा इस्राएली जातिको निम्ति मात्र होइन, तर हाम्रो निम्ति पनि सन्देश छ भन्ने कुरा हामीलाई सम्झना गराएका छन्। व्यवस्था २५:४ पदको टिप्पणी गर्दै तिनले यसो भनेका छन्ः *'... कि के उहाँले विशेष गरी हाम्रो निम्ति यसो भन्दै हुनुहुन्न र? हो, यो हाम्रो निम्ति नै लेखिएको हो'* (१ कोरिन्थी ९:१०)।

यस पुस्तकमा प्रशस्त अर्तीहरू छन्; व्यवस्था ५:१ पदका शब्दहरू लिएर यी अर्तीहरूको समूहको सारांश यसरी दिन सकिन्छः *'सुन ..., सिक ... र होशियारसाथ पालन गर!'*

## रूपरेखाः

**खण्ड १) व्यवस्था १-४ः मोशाको पहिलो उपदेशः इस्राएलीहरूले प्रतिज्ञाको देशमा प्रवेश गर्न लागेको**

**क) व्यवस्था १ः१-५ः** परिचय

**ख) व्यवस्था १ः६-४६ः** होरेबदेखि कादेशसम्मको यात्राको छोटो विवरण

**ग) व्यवस्था २ः** कादेश-बर्नेअदेखि हेश्बोनसम्मको यात्राको छोटो विवरण

**घ) व्यवस्था ३ः** यर्दन नदीको पूर्वपट्टिको भाग कब्जा गरेको

**ङ) व्यवस्था ४ः** आज्ञाकारी हुन दिइएको अर्ती

**खण्ड २) व्यवस्था ५-२८ः मोशाको दोस्रो उपदेशः प्रतिज्ञाको देशमा आफ्नो पवित्रता कायम राख !**

**क) व्यवस्था ५ः** सिनाई पर्वतमा बाँधिएको करारको पुनर्विचार

**ख) व्यवस्था ६ः** अनाज्ञाकारिताको विरुद्धमा दिइएका चेताउनीहरू

**ग) व्यवस्था ७ः** मूर्तिपूजा गर्ने अन्यजातिहरूसँग कसरी व्यवहार गर्नुपर्ने हो, सो सम्बन्धमा दिइएका निर्देशनहरू

**घ) व्यवस्था ८ः१-११ः७ः** बितेका घटनाहरूबाट सिक्नुपर्ने पाठहरू

**ङ) व्यवस्था ११ः८-३२ः** आज्ञाकारिताको निम्ति तिनीहरूले पाउने इनामहरू के-के हुन् ?

**च) व्यवस्था १२ः** परमप्रभुको उपासनाको सम्बन्धमा केही नियमहरू

**छ) व्यवस्था १३ः** झूटा अगमवक्ताहरू र मूर्तिपूजकहरूलाई दिनुपर्ने सजाय

**ज) व्यवस्था १४ः१-११ः** शुद्ध र अशुद्ध खानेकुराहरू

**झ) व्यवस्था १४ः२२-२९ः** दशांश

**ञ) व्यवस्था १५ः** ऋणी र कमारा-कमारीहरूप्रति गर्नुपर्ने व्यवहार

**ट) व्यवस्था १६ः** परमप्रभुका तीनवटा निर्धारित चाड़हरू

**ठ) व्यवस्था १७ः** न्यायकर्ताहरू र राजाहरूको विषयमा

**ड) व्यवस्था १८ः** पूजाहारीहरू, लेवीहरू र अगमवक्ताहरूको विषयमा

**ढ) व्यवस्था १९ः** अपराधीहरूमाथि लागू हुने कानुन

**ण) व्यवस्था २०ः** लड़ाइँको सम्बन्धमा दिइएको नियमावली

**त) व्यवस्था २१-२५ः** विभिन्न नियमहरू

**थ) व्यवस्था २६ः** विभिन्न संस्कारहरू र नियम पारित हुने तरिकाहरू

**द) व्यवस्था २७-२८ः** श्राप र आशिषहरू

**खण्ड ३) व्यवस्था २९-३०ः मोशाको तेस्रो उपदेशः प्रतिज्ञाको देशको निम्ति दिइएको करार**

**क) व्यवस्था २९ः१-२१ः** मोआबमा गरिएको करार

**ख) व्यवस्था २९ः२२-२९ः** करार भङ्ग गर्दा हुने सजाय

**ग) व्यवस्था ३०ः** करारको अधीनतामा फर्केर आउँदा हुने पुनर्स्थापना

**खण्ड ४) व्यवस्था ३१-३४ः मोशाका अन्तिम दिनहरूः प्रतिज्ञाको देशदेखि बाहिर उनको मृत्यु**

**क) व्यवस्था ३१ः** मोशाको उत्तराधिकारी

**ख) व्यवस्था ३२ः** मोशाको स्तुतिगान

**ग) व्यवस्था ३३ः** मोशाले दिएको आशीर्वाद

**घ) व्यवस्था ३४ः** मोशाको मृत्यु

# व्यवस्थाको पुस्तकको टिप्पणी

## खण्ड १

### व्यवस्था १-४ः मोशाको पहिलो उपदेशः इस्राएलीहरूले प्रतिज्ञाको देशमा प्रवेश गर्न लागेको

#### क) व्यवस्था १ः१-५ः परिचय

**व्यवस्था १ः१-२ः** व्यवस्थाको पुस्तक कहाँबाट शुरु हुन्छ? यस पुस्तकले इस्राएलीहरू मोआबका मैदानमा पाल टाँगेर बसेको समयदेखि शुरु गर्छ। गन्ती २२ः१ पदले बताएअनुसार इस्राएलीहरू त्यहाँ पुगेका थिए। अनि व्यवस्था १ः१ पदले यो जानकारी थपेको छः तिनीहरू सूपको अघिल्तिरको मैदानमा बसेका रहेछन्। 'सूप' भन्ने शब्दको अर्थ लाल समुद्र हो; यसो हो भने, मोआबका मैदानहरू दक्षिणपट्टि लाल समुद्रको अकाबाको खाड़ीसम्म फैलिएर गएका बुझिन्छ। होरेब अर्थात् सिनाई पर्वतदेखि तिनीहरूको यात्रा सेईर पहाड़को बाटो भएर कादेश-बर्नेअमा आइपुगेको थियो, जुन कादेश-बर्नेअ भन्ने ठाउँ कनान देशको मुखमा परेको थियो। अनि तिनीहरूको यो यात्रा एघार दिन मात्र होइन, तर अठतीस वर्ष लागेको थियो। तर अब इस्राएलीहरू प्रतिज्ञाको देशमा प्रवेश गर्न तयार भए।

**व्यवस्था १ः३-५ः** इस्राएलीहरूले मिस्र देश छोड़ेको चालीसौं वर्षमा मोशाले तिनीहरूलाई कनान देशमा प्रवेश गर्न लागेको बेलामा यो उपदेश दिए। भर्खरै तिनीहरूले एमोरीहरूका राजा सीहोनलाई र बाशानका राजा ओगलाई मारेका थिए (गन्ती २१)।

#### ख) व्यवस्था १ः६-४६ः होरेबदेखि कादेश-बर्नेअसम्मको यात्राको छोटो विवरण

व्यवस्था १ः६-३ः२८ पदको खण्डमा हामी सिनाई पर्वतदेखि मोआबका मैदानसम्म इस्राएलीहरूले यात्रा गरेर बितेको अठतीस वर्षको अवधिको बारेमा मोशाले पुनर्विचार गरेको वर्णन पढ्न पाउँछौं। यस अवधिभित्र के-के घटेको थियो, सो विषयमा हामीले अघि गन्तीको पुस्तकमा विस्तृत चर्चा गरिसकेको कारणले हामी यहाँ यसको छोटो सर्वेक्षण मात्र दिन्छौंः **क)** व्यवस्था १ः६-८ः परमेश्वरले इस्राएलीहरूलाई प्रतिज्ञाको देशमा जाने र त्यो देश कब्जा गर्ने आज्ञा दिनुभएको थियो। **ख)** व्यवस्था १ः९-१८ः परमेश्वरको निर्देशनमा इस्राएलीहरूका निम्ति सुयोग्य न्यायकर्ताहरू नियुक्त भएका थिए, जसले तिनीहरूको बीचमा उठ्ने सानाठूला मामिला-हरूको न्याय गर्नुपरेको थियो। **ग)** व्यवस्था १ः१९-२१ः सिनाई पर्वतदेखि कादेश-बर्नेअसम्म तिनीहरूले ठूलो र डरलाग्दो उजाड़स्थान हुँदा यात्रा गरेका थिए। **घ)** व्यवस्ता १ः२२-४६ः तिनीहरूले कनान

देशको चेवा गर्न जासुसहरू पठाएका थिए; अनि त्यसको सिलसिलामा तिनीहरूले पछि विद्रोह गरेका थिए। **ङ)** व्यवस्था १ः३४-३८ः मिस्र देशबाट निस्किआएका कुनै पनि सिपाहीले प्रतिज्ञाको देशभित्र प्रवेश गर्न पाएन; केवल यहोशू र कालेबले त्यस देशमा जान पाए।

### ग) व्यवस्था २ः कादेश-बर्नेअदेखि हेश्बोन-सम्मको यात्राको छोटो विवरण

**व्यवस्था २ः१-२३ः क)** व्यवस्था २ः१-७ः कादेश-बर्नेअदेखि इस्राएलीहरूले एदोमका सिमानाहरू हुँदै यात्रा गरेका थिए। परमेश्वरको निर्देशनअनुसार तिनीहरूले एदोमीहरूसँग लड़ाइँ गर्न पाउँदैनथिए। **ख)** व्यवस्था २ः८-१५ः एदोमका सिमानाहरू पछाड़ि छोड़ेर तिनीहरू जेरेदको बेंसीमा आइपुगे; तर तिनीहरूले मोआबी-हरूसँग पनि लड़ाइँ गर्न पाउँदैनथिए, जसको देश त्यहाँबाट शुरु भएको थियो। **ग)** व्यवस्था २ः१६-१९ः परमप्रभुले इस्राएलीहरूलाई आज्ञा गर्नुभएको थियो; यसैले तिनीहरूले अम्मोनीहरूलाई दुःख दिन, अँ, यिनीहरूलाई छुन पाउँदैनथिए; किनकि उहाँले त्यो देश लूतका सन्तानहरूलाई अधिकारको भागको रूपमा दिनुभएको थियो। परमप्रभुले अघि एसावका सन्तान-हरूको पक्षमा काम गरेर उनीहरूको सामुबाट होरीहरूलाई, अनि अव्वीहरू र कप्तोरी-हरूलाई नष्ट पार्नुभएको थियो; अनि ठीक त्यस्तै उहाँले अम्मोनीहरूको पक्षमा काम गर्नुभयो र जम्जुम्मी नामक भीमकाय मानिसहरूलाई[1] त्यहाँबाट निकालिदिनुभयो (व्यवस्था २ः२०-२३)।

**व्यवस्था २ः२४-३७ः** दुई अध्यायको बाँकी भागको सन्दर्भ त्यो चक्नाचूर गर्ने पराजय हो; किनभने एमोरीहरूका राजा सीहोनले इस्राएलीहरूको हातबाट ठूलो हार खानुपरेको थियो। व्यवस्था २ः२९[क] पदमा यस्तो लेखिएको छः *'… जस्तो सेईरमा बस्ने एसावका सन्तानहरूले र आरमा बस्ने मोआबीहरूले मसित गरे।'* यस पदको खण्डबाट के सङ्केत पाइन्छ भने, इस्राएलीहरू एदोमीहरूको देशको सिमाना-सिमाना हुँदै त्यो देश फेरो मारेको बेलामा एसावका सन्तानहरूले तिनीहरूलाई खानेकुरा र पिउने पानी बेचे। तर गन्ती २०ः१४-२२ पदको खण्डमा उल्लेख गरिएको विवरणअनुसार एदोमका राजा इस्राएलीहरूलाई सहायता दिन अलिकति पनि राजी थिएनन्। तर यिनले तिनीहरूको घोर विरोध गरे। यसकारण हुन सक्छ, यिनका मानिसहरूमध्ये कसै-कसैले इस्राएलीहरूलाई खानेकुरा र पिउने पानी बेचेका हुनुपर्ला। अनि हुन सक्छ, व्यवस्था २ः१०-१२ र २०-२३ पदको खण्डहरू कसैले यहाँ, यस ठाउँमा मोशाको मृत्युपछि थपेको सम्भव देखिन्छ। यसो भए पनि पवित्र धर्मशास्त्रका यी खण्डहरू पवित्र आत्माको प्रेरणाको फल हुन्; यसमा कुनै शङ्का छैन।

### घ) व्यवस्था ३ः यर्दन नदीको पूर्वपट्टिको भाग कब्जा गरेको

**व्यवस्था ३ः१-११ः** बाशानका राजा ओगको राज्यअन्तर्गत साठीवटा शहरहरू थिए, ती सबै शहरहरू अग्ला-अग्ला पर्खाल-हरूले घेरिएका र मूलढोकाहरू भएका शहरहरू थिए, जुन मूलढोकाहरूमा बलिया आग्लाहरू लगाइएका थिए। यस इलाकामा धेरै बस्तीहरू पनि थिए। परमप्रभुले यी शत्रुहरूलाई आफ्ना जनहरूको हातमा सुम्पिदिनुभयो।

अब ओगको कुरा आयोः तिनी एक भीमकाय मानिस थिए, जसको फलामले बनिएको पलङ नौ हात लामो र चार हात चौड़ा थियो। यस फलामको पलङको

विषयमा श्री जे. ए. थम्पसनले के भनेका छन् भने, तिनको यो पलङ तिनको सुत्ने खाट थिएन, तर तिनको समाधि पो भएको रहेछ, जब उक्त टिप्पणीकारले यसो लेखेका छन्:

> 'ओगको मृत्यु हुँदा तिनको दफन तिनको निम्ति असिताश्म नामक ढुङ्गाले बनिएको एउटा ठूलो शवपेटिकामा भएको थियो (शवपटिकाको अक्षरशः अर्थ पलङ्ग नै हो, अर्थात् तिनको अन्तिम विश्रामस्थल बुझिन्छ)। फलामे शवपेटिका किन भनिएको छ? असिताश्म ढुङ्गाको रङ फलामे हो। ... अनि व्यवस्था ३:११ पदअनुसार व्यवस्थाको पुस्तक लेखिएको समयमा तिनको शवपटिका अम्मोनीहरूको रब्बामा देख्न सकिन्थ्यो।' 2)

**व्यवस्था ३:१२-२०:** इस्राएलीहरूले यर्दनको पूर्वपट्टि कब्जा गरेको देशचाहिँ रूबेनीहरू, गादीहरू र मनस्सेको आधा कुल मानिसहरूको बीचमा बाँड़ियो (व्यवस्था ३:१२-१७)। तर मोशाले यिनीहरूलाई आज्ञा गरे, कि यिनीहरूका सबै योद्धाहरू आफ्ना हातहतियार भिरेर यर्दनको पारिपट्टि परेको प्रतिज्ञाको देश कब्जा गर्न आफ्ना दाजुभाइहरूलाई सहायता गर्नू! त्यसपछि तिनीहरू आफ्नो अधिकारको भागमा, आफ्ना घरपरिवारकहाँ फर्कन सक्नेथिए।

**व्यवस्था ३:२१-२९:** त्यस बेलामा मोशाले यहोशूलाई 'बितेको समयमा प्राप्त गरेका विजयहरूको सम्झना कायम राख र भविष्यका दिनहरूमा हासिल गर्ने विजय-हरूको निम्ति परमप्रभुमाथि भरोसा गर' भन्ने आज्ञा दिए (व्यवस्था ३:२१-२२)।

तर परमप्रभु मोशासँग रिसाउनुभएको थियो; किनभने उनी मरीबामा इस्राएलीहरूको सम्बन्धमा अनाज्ञाकारी भएका थिए। यसैले उनले यर्दन नदी पार गर्न पाउँदैनथिए। तर परमेश्वरले उनलाई पिस्गाको टाकुराबाट प्रतिज्ञाको देशको चारैतिर एक झलक हेर्ने मौका दिनुभयो (व्यवस्था ३:२३-२९)।

### ङ) व्यवस्था ४: आज्ञाकारी हुन दिइएको अर्ती

व्यवस्थाको चार अध्यायदेखि मोशाले व्यवस्थाका नियमहरू दोहोर्‍याउन लागेका छन्। अनि यस सिलसिलामा उनले एकमात्र सत्य परमेश्वरको भक्ति र सेवा गर्नुपर्ने कुरामा जोड़ दिन्छन्। उहाँबाट भड्किएर जानेहरूले मूर्तिहरूलाई पूजा गर्नुपर्नेथियो र आफूमाथि सजायमाथि सजाय निम्त्याउनेथिए।

**व्यवस्था ४:१-२४:** इस्राएलीहरूले कनान देशमा प्रवेश गर्न लागेका थिए; यसकारण तिनीहरू आफैले पालन गर्नुपर्ने विधिहरू र नियमहरू के-के हुन्, सो जान्नुपरेको थियो; किनभने यी विधि र नियमहरू परमप्रभु तिनीहरूका परमेश्वरका विधि र नियमहरू थिए (व्यवस्था ४:१)। तिनीहरूले ती विधि र नियमहरूमा कुनै कुरा थप्नुहुँदैनथियो र कुनै कुरा घटाउनुहुँदैनथियो (व्यवस्था ४:२)। तिनीहरूले बाल-पोर र त्यहाँ घटेको घटना सधैं याद गर्नुपरेको र त्यसबाट गम्भीर चेताउनी लिनुपरेको थियो; किनभने परमेश्वरले बालको पूजा गर्नेहरू सबैलाई दण्ड दिएर तिनीहरूलाई नाश गर्नुभएको थियो (व्यवस्था ४:३-४)। मूर्तिपूजा गर्नेहरूमाथि परमेश्वरको क्रोध आइपरेको यस घटनादेखि धेरै समय बितेको थिएन र त्यहाँ भइरहेका कुराहरू तिनीहरूको सम्झनामा सजीव थिए। यो व्यवस्था तिनीहरूले पालन गर्नुपरेको थियो; तब अन्य-जातिहरूको दृष्टिमा इस्राएलीहरू एउटा महान् जाति ठहरिनेथिए (व्यवस्था ४:५-८)। परमप्रभुको पछि लाग्दाखेरि कुन-कुन आशिषहरू पाइँदा रहेछन्, सो कुरा तिनीहरूले बितेको समयमा गरेका अनुभवहरूबाट जान्नुपर्नेथियो। अनि विशेष गरी सिनाई पर्वतमा तिनीहरूलाई दस आज्ञाहरू दिइएको

दिनको सम्झना तिनीहरूले जारी राख्नुपरेको थियो (व्यवस्था ४:९-१३)। याद रहोस्ः होरेब पर्वत भन्नु र सिनाई पर्वत भन्नु एउटा कुरा हो; किनभने यस पहाड़का दुईवटा नामहरू यी हुन्।

त्यस स्मरणीय दिनमा के-के भएको थियो? *'अनि आगोको बीचबाट परमप्रभु तिमीहरूसँग बोल्नुभयो; तिमीहरूले शब्द-हरूको आवाज त सुन्यौ, तर कुनै रूप देखेनौ; तिमीहरूले केवल एउटा सोर सुन्यौ।'* हो, तिनीहरूले त्यस दिनमा परमेश्वरको कुनै रूप देख्दैनथिए। उहाँले त्यस दिनमा विभिन्न तरिकाद्वारा आफ्नो प्रदर्शन गर्नुभयो; त्यो त तिनीहरूले देख्न पाएका थिए; तर परमेश्वरलाई कुनचाहिँ प्रतिमूर्ति वा कुनचाहिँ मूर्तिको रूप प्रस्तुत गर्ने हो, सो कुरा जान्न तिनीहरूले केही पनि देखेका थिएनन्, यसको एक झलक पनि पाएका थिएनन्। यसकारण परमेश्वरलाई कुनचाहिँ रूप दिने? तिनीहरूले उहाँलाई कुनै पनि आकार, कुनै पनि रूप दिन पाउँदैनथिए; अहँ, घाम, जून र ताराहरू समेत तिनीहरूलाई पुज्न मनाही थियो (व्यवस्था ४:१४-१९)। परमप्रभुले इस्राएलीहरूलाई मिस्र देशको दासत्वबाट छुटकारा दिनु-भएकोमा उहाँको उद्देश्य के थियो, सो तिनीहरूले सधैं याद गर्नुपर्नेथियो। अनि मोशा अनाज्ञाकारी भएको र उनले सजाय पाएको कुरा उनले तिनीहरूलाई फेरि सम्झना दिलाए। मूर्तिपूजाको विरोधमा परमेश्वरको क्रोध आइपर्ने नै छ भन्ने कुरा उनले तिनी-हरूलाई सम्झाइदिए (व्यवस्था ४:२०-२४)।

व्यवस्था ४:९: *'केवल आफ्नो विषयमा होशियार रहो ... नत्र तिमीले यी कुराहरू बिर्सिनेछौ।'* व्यवस्था ४:१५-१६: *'यस-कारण आफ्नो विषयमा खूबै होशियार रहो, ... नत्र कहीं तिमीहरूले आफूलाई भ्रष्ट पारौला कि।'* व्यवस्था ४:२३: *'आफ्नो विषयमा होशियार रहो, नत्र कहीं तिमी-हरूले परमप्रभु आफ्ना परमेश्वरको वाचा बिर्सिनेछौ।'* मानिसको हृदयका झुकाउ र कमजोरीहरू मोशालाई राम्ररी थाह थियो; अनि यसकारण उनले पूरा गम्भीरताको साथ मानिसहरूलाई सम्पूर्ण मनले ध्यान दिन लगाए।

**व्यवस्था ४:२५-४०ः** इस्राएली जाति भविष्यमा भड्किएर मूर्तिहरूतिर लागे, तिनीहरू कैदमा जानुपर्नेथियो (व्यवस्था ४:२५-२८)। तर यस परिस्थितिमा पनि, तिनीहरू पश्चात्ताप गरेर आफ्नो सारा हृदयले पमरप्रभुकहाँ फर्के भने, उहाँले तिनीहरूलाई पुनर्स्थापित गर्नुहुनेथियो (व्यवस्था ४:२९-३१)।

इस्राएली जातिले उपभोग गर्न पाएका सौभाग्यहरू अरू कुनै जातिले पनि कहिल्यै पाएको थिएन। विशेष गरी मिस्र देशबाट तिनीहरूको छुटकारा भएको सम्बन्धमा परमप्रभु तिनीहरूका परमेश्वरले तिनीहरूका आँखाहरूको सामु तिनीहरूको निम्ति कस्ता-कस्ता अचम्मका कामहरू गर्नुभएको थियो? यी त अघि कहिल्यै नभएका अपूर्व आश्चर्यकर्महरू थिए (व्यवस्था ४:३२-३८)। यसकारण तिनीहरू उहाँप्रति आज्ञाकारी रहनुपर्नेथियो र यसरी नै तिनी-हरूले निरन्तर उहाँका आशिषहरू उपभोग गर्न पाउनेथिए (व्यवस्था ४:३९-४०)।

तर इस्राएली जातिको इतिहास साक्षी छः तिनीहरूको अनाज्ञाकारिता र तिनीहरूले परमप्रभु परमेश्वरका चेताउनीहरू गम्भीरता-पूर्वक नलिएको कारणले तिनीहरू कैदमा लगिए; यस कैदी भएको अवस्थामा तिनीहरू खारिए। यसकारण बुझ्नुहोस्ः परमेश्वरका चेताउनीहरू बेकम्मा शब्दहरू होइनन्। कुनै पनि मानिसले र कुनै पनि जातिले उहाँका चेताउनीहरू हल्का लिन सक्दैन नै। यस्तो

व्यक्ति विशेष वा जाति विशेष दण्ड नदिई छोड़िनेछैन ।

**व्यवस्था ४ः४१-४३ः** मोशाले यर्दन नदीको पूर्वपट्टि तीनवटा शरणनगरहरू छुट्ट्याएः बेसेर, रामोत-गिलाद र गोलान ।

**व्यवस्था ४ः४४-४९ः** यहाँदेखि मोशाले आफ्नो दोस्रो उपदेश शुरु गर्छन् । उनले यो दोस्रो उपदेश यर्दन नदीको पूर्वपट्टि, मोआबका मैदानमा दिएका थिए । अनि व्यवस्था ४ः४८ पदमा एउटा विशेषता छः किनकि केवल यस पदमा हर्मोन पहाड़लाई 'सियोन[3] पर्वत' अर्थात् सिर्योन भनिएको छ ।

# खण्ड २

## व्यवस्था ५-२८ः मोशाको दोस्रो उपदेशः प्रतिज्ञाको देशमा आफ्नो पवित्रता कायम राख !

### क) व्यवस्था ५ः सिनाई पर्वतमा बाँधिएको करारको पुनर्विचार

**व्यवस्था ५ः१-६ः** पाँच अध्यायको सन्दर्भचाहिँ सिनाई पर्वतमा दिइएका दस आज्ञाहरू हुन्, जसको पुनर्विचार यस खण्डमा गरिन्छ । व्यवस्था ५ः३ पदमा यसरी पढ्नुपर्लाः *'परमप्रभुले यो वाचा हाम्रा पिता-पुर्खाहरूसँग **मात्र** होइन, तर हामीसँग **पनि** बाँध्नुभयो ।'* किनभने यो करार तिनीहरूका पितापुर्खाहरूसित बाँधिएको कुरा ठिक्कै हो; तर यो करार इस्राएलीहरूका भावी सन्तान-हरूको निम्ति पनि थियो ।

**व्यवस्था ५ः७-२१ः दस आज्ञाहरू**

*पहिलो आज्ञाः*

व्यवस्था ५ः७ः *'मेरो सामु तिम्रो अरू कुनै ईश्वर हुनुहुँदैन ।'* यसर्थ परमप्रभु परमेश्वरलाई छोड़ेर तिनीहरूले अरू कुनै पनि भगवान्लाई मान्नुहुँदैनथियो, नत्रता तिनीहरूले उहाँको जलन उठाउनेथिए ।

*दोस्रो आज्ञाः*

व्यवस्था ५ः८-१०ः *'तिमीले आफ्नो निम्ति कुनै खोपेको मूर्ति बनाउनुहुँदैन; चाहे माथि आकाशमा होस्, चाहे तल पृथ्वीमा होस् अथवा पानीभित्र किन नहोस्, तिमीले कुनै थोकको प्रतिमूर्ति बनाउनुहुँदैन !'* यस दोस्रो आज्ञाले पहिलो आज्ञामा भनिएको कुरा दोहोऱ्याएको होइन; किनभने मानिसहरूले कुनै आकृतिलाई नगरेर तर कुनै कल्पित वस्तुलाई सम्भेर पूजा गर्न सक्छन्; अँ, तिनीहरूले सूर्य र चन्द्रमालाई पुज्न सक्छन् । परमेश्वरको अवहेलना गर्ने छोराछोरीहरूले तिनीहरूका बुबाहरूले भोगेको दण्ड भोग्नु-पर्नेछन् (व्यवस्था ५ः९) ।

*तेस्रो आज्ञाः*

व्यवस्था ५ः११ः *'तिमीले परमप्रभु आफ्ना परमेश्वरको नाम व्यर्थैमा लिनुहुँदैन ।'* दण्ड नपाई कसैले पनि परमप्रभुको नाम व्यर्थमा लिन सक्दैन ।

*चौथो आज्ञाः*

व्यवस्था ५ः१२-१५ः *'परमप्रभु तिम्रा परमेश्वरले तिमीलाई आज्ञा गर्नुभएअनुसार तिमीले विश्रामदिन पवित्र राख्ने गरी त्यस दिनलाई मान्नुपर्छ ।'* प्रस्थान २०ः८-११ पदको खण्डमा विश्रामदिन पवित्र राख्नलाई निम्न कारण दिइएको थियोः परमेश्वरले सृष्टिको उत्पत्ति सिद्ध्याउनुभएको हुनाले उहाँले विश्राम लिनुभएको थियो । तर यहाँ, यस खण्डमा विश्रामदिन मान्ने अर्को कारण पेश गरिएको छः विश्रामदिन मानेर यहूदीहरूले 'हामी मिस्र देशमा दासदासीहरू थियौं' भन्ने कुरा मनमा राख्नुपरेको थियो

(व्यवस्था ५:१५)। यी दुईवटा कारणहरूमा कुनै मेल नखाने कुरा छैन; किनभने विश्रामदिन मान्नुपर्ने दुईवटा मुख्य कारणहरू पो हुँदा रहेछन्।

*पाँचौं आज्ञाः*

व्यवस्था ५:१६: *'परमप्रभु तिम्रा परमेश्‍वरले तिमीलाई आज्ञा गर्नुभएअनुसार तिमीले आफ्ना बुबालाई र आफ्नी आमालाई आदर गर्नुपर्छ!'* यसमा थपेको छः 'तिम्रो आयु लामो होस् र प्रतिज्ञाको देशमा तिम्रो भलाइ होस्।'

*छैटौं आज्ञाः*

व्यवस्था ५:१७: *'तिमीले हत्या गर्नुहुँदैन।'* मानिसको ज्यान लिन मनाही गरिएको थियो र मनाही छँदैछ।

*सातौं आज्ञाः*

व्यवस्था ५:१८: *'तिमीले व्यभिचार गर्नुहुँदैन।'* परस्त्रीगमन गर्न निषेध गरिएको थियो।

*आठौं आज्ञाः*

व्यवस्था ५:१९: *'तिमीले चोरी गर्नुहुँदैन।'* लाम हात गरेर कसैको सम्पत्ति हासिल गर्न मनाही गरिएको थियो।

*नवौं आज्ञाः*

व्यवस्था ५:२०: *'तिमीले आफ्नो छिमेकीको विरोधमा कुनै झूटो गवाही दिनुहुँदैन।'* कसैले पनि आफ्नो छिमेकीको विरुद्ध झूट बोल्न पाउँदैनथियो।

*दसौं आज्ञाः*

व्यवस्था ५:२१: *'तिमीले आफ्नो छिमेकीकी पत्नीको लालच गर्नुहुँदैन; तिमीले आफ्नो छिमेकीको घर, उसको खेतबारी, उसको कमाराकमारी, उसको गाईगोरु वा गधा, अँ, तिमीले आफ्नो छिमेकीको कुनै पनि थोकको लालच गर्नुहुँदैन।'* अरू कसैको सम्पत्तिको लोभलालच गर्न सशक्त मनाही गरिएको थियो।

**व्यवस्था ५:२२:** यस पदको बारेमा श्री जे. ए. थम्पसनले यस प्रकारको टिप्पणी गरेका छन्ः

> ' "*उहाँले अरू कुनै कुरा थप्नुभएन*" भन्ने वाक्यांश निक्कै असाधरण छ; अनि यस वाक्यको अर्थ यस प्रकारको हुनु सम्भव छः यी दस आज्ञाहरू परिपूर्ण थिए, यहाँसम्म कि यस करारमा अरू कुनै आज्ञा थप्नु आवश्यक परेन; यी दस आज्ञाहरू पर्माप्त थिए; किनभने यस करारमा हाल्नुपर्ने आधारभूत शिक्षा-समूह यी आज्ञाहरूमा पूर्ण थियो। यी दस आज्ञाबाहेक अरू जेजति नियमहरू छन्, ती नियमहरू केवल मूलभूत शिक्षाको व्याख्या वा त्यसको विस्तार गर्ने उप-नियमहरू हुन्।
>
> उक्त वाक्यको विषयमा दोस्रो अर्थ पनि सम्भव छ। यस वाक्यांशले भन्न खोजेको कुरा यस्तो छ होलाः परमप्रभुले त्यस विशेष अवसरमा जेजति भन्न चाहनुभयो, त्यो यति नै थियो। त्यस बेलामा परमप्रभुले यी दस आज्ञाहरू मात्र दिन चाहनुभयो, बस! अनि बाँकी नियमहरू उहाँले अरू समयहरूमा दिनुहुनेथियो। किनकि हामी जान्दछौं कि इस्राएलीहरूको हातमा भएको व्यवस्थाको पुस्तक निक्कै ठूलो ग्रन्थ हो, जुनचाहिँ परमेश्‍वरको रचनाको रूपमा तिनीहरूले उहाँबाट प्राप्त गरे।' [4)]

**व्यवस्था ५:२३-३३:** जुन समयमा परमेश्‍वरले यो व्यवस्था दिनुभएको थियो, त्यस समयमा उहाँको उपस्थितिको भयानक प्रदर्शनको कारणले मानिसहरू मृत्युको डरले थरथर भएका थिए। यसैले तिनीहरूले मोशालाई परमप्रभुकहाँ पठाएका थिए; उनले उहाँसित बरताव गरून् र उहाँलाई आश्‍वासन दिऊन्, कि उहाँले तिनीहरूलाई जे-जे आज्ञा गर्नुहुन्छ, तिनीहरू उहाँका सबै आज्ञाहरू मान्न

तयार थिए। (तर तिनीहरूले यस्तो विवेकहीन भाकल गर्दा आफ्नो पापमय स्वभाव र आफ्नो दुर्बलताको ख्यालै गरेनन्)। यही कारणले परमप्रभुका बाँकी नियमहरू र विधिहरू तिनीहरूको मध्यस्थ मोशाद्वारा तिनीहरूलाई दिइएका थिए। व्यवस्था ५:३०-३१ पदहरूअनुसार यी दस आज्ञाहरू सबै इस्राएलीहरूले सुन्ने गरी बोलिएका थिए, जब तिनीहरू सिनाई पर्वतमा रहेका थिए।

अब व्यवस्था ५:२८ पदको कुरा आयोः मानिसहरूले 'हामी परमप्रभुको व्यवस्था पालन गर्नेछौं' भन्ने प्रण दिएकोमा उहाँले यहाँ तिनीहरूको प्रशंसा गर्नुभएन। तर तिनीहरूले आफ्नो डर र भय व्यक्त गरेको कुरा उहाँलाई सठीक लागेको थियो (यो कुरा व्यवस्था १८:१६-१८ पदको खण्डसित तुलना गर्नुहोस्!)। *'तिनीहरूमा यस्तै हृदय भइरहे त!'* तिनीहरूसँग उहाँका आज्ञाहरू पालन गर्ने हृदय छँदैथिएन भन्ने कुरा परमेश्वरलाई थाह थियो। तिनीहरूमा आज्ञाकारी हृदय भएको उहाँको ठूलो चाहना थियो; किनकि यसो हुँदा उहाँले तिनीहरूलाई प्रशस्त गरी आशिष दिन सक्नुहुनेथियो (व्यवस्ता ५:२८-३३)।

### ख) व्यवस्था ६: अनाज्ञाकारिताको विरुद्धमा दिइएका चेताउनीहरू

**व्यवस्था ६:१-९:** इस्राएलीहरूले प्रतिज्ञाको देशमा प्रवेश गर्ने बेलामा तिनीहरूको नैतिक अवस्था सठीक रहेको परमेश्वरले इच्छा गर्नुभयो। उहाँले चाहनु-भएझैं त्यस देशका आशिषहरू उपभोग गर्नको निम्ति तिनीहरू आज्ञाकारी हुनुपर्थ्यो। यसकारण मोशाले यहाँ, यस खण्डमा तिनीहरूलाई कनान देशमा जीवन व्यतीत गर्न सुहाउँदो व्यावहारिक अर्ती दिए (व्यवस्था ६:१-२)। इस्राएलीहरू 'परमप्रभु एकमात्र सत्य परमेश्वर हुनुहुन्छ' भन्ने सत्यताको साक्षी बन्नुपरेको थियो (व्यवस्था ६:३-४)। *'तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर्नुपर्छ'* भन्ने सर्वोच्च आज्ञाअनुसार तिनीहरूले परमप्रभुलाई सबैभन्दा बढ़ी प्रेम गर्नुपरेको थियो र उहाँको वचन पालन गर्नुपरेको थियो (व्यवस्था ६:५-६)। तिनीहरूले आफ्ना छोराछोरी-हरूलाई परमप्रभुका आज्ञाहरू यत्नसँग सिकाउनुको साथसाथै उनीहरूलाई जीवनको हरेक क्षेत्रमा मार्गदर्शन दिनुपरेको थियो।

संयुक्त राज्य अमेरिकामा धेरै इसाई बुबाआमाहरूले यो खण्ड लिएर आफ्ना छोराछोरीहरूलाई ख्रीष्टीय विश्वासको सम्बन्धमा मात्र होइन, तर लौकिक विषय-हरूको सम्बन्धमा पनि शिक्षादीक्षा दिने प्रेरणा पाएका छन्। अनि यही कारण तिनीहरूले आफ्ना छोराछोरीहरूलाई स्कूल पठाउँदैनन्।

अनि येशू ख्रीष्टको जमानामा यहूदीहरूले साँच्चै व्यवस्था-पेटिकाहरू आफ्ना हातहरूमा र आफ्ना दुईवटा आँखाहरूको बीचमा निधारमा झुन्ड्याउने गर्थे (व्यवस्था ६:८)। तर निस्सन्देह परमप्रभुले यो आज्ञा दिएर बरु तिनीहरूको क्रियाकलाप र तिनी-हरूका चाहनाहरू व्यवस्थाद्वारा नियन्त्रित भएको चाहनुभयो। तिनीहरूका हातहरूले तिनीहरूको क्रियाकलाप, र तिनीहरूका आँखाहरूले तिनीहरूका चाहनाहरू चित्रण गर्छन्।

व्यवस्था ६:४-९ पदको खण्ड हिब्रूमा 'शेमा!' भनिन्छ, जसको अर्थ 'सुन!' हो। अनि भक्त यहूदीहरूले यो खण्ड व्यवस्था ११:१३-२१ र गन्ती १५:३७-४१ पदका खण्डको साथमा विश्वासको सारको रूपमा दिनहुँ पाठ गर्थे।

*' "हे इस्राएल, सुन! परमप्रभु हाम्रा परमेश्वर **एकै** परमप्रभु हुनुहुन्छ"* (व्यवस्था

६ः४); यस पदमा 'एक'को निम्ति प्रयोग गरिएको हिब्रू-शब्दको अर्थ नयाँ नियमबाट प्राप्त भएको बृहत् प्रकाशको ज्योतिमा हेर्दा महत्त्वपूर्ण हुन्छ। किनभने यो 'एखाद' भन्ने शब्द पूर्ण एकताको निम्ति होइन, तर संयुक्त एकताको निम्ति प्रयोग गरिन्छ। अनि यस कुराले परमेश्वरको निम्ति प्रयोग गरेका 'यहोवा एलोहिम' भन्ने दुईवटा शब्दहरूसित मेल खाएको छ। किनभने 'यहोवा' भन्ने नामले उहाँको एकतामा जोड़ दिएको छ भने 'एलोहिम'भन्ने शब्दले उहाँ त्रिएक हुनुहुन्छ भन्ने तत्त्वमाथि जोड़ दिएको छ।

पवित्र धर्मशास्त्र बाइबलको पहिलो पदमा पनि यस किसिमको त्रिएकताको विषयमा रहस्यमय सङ्केतहरू पाइन्छन्, जुन पदमा परमेश्वरको निम्ति प्रयोग गरिएको 'एलोहिम' भन्ने बहुवचन-शब्दको पछि यससित सम्बन्धित क्रियापद एकवचनमा छः 'सृष्टि गर्नुभयो'; अनि उत्पत्ति १ः२६ पदमा बहुवचन संज्ञा 'हामी' र 'हाम्रो' भन्ने शब्दहरूपछि एकवचन संज्ञा शब्द 'स्वरूप' र 'प्रतिरूप' लेखिएको पाइन्छ।'

स्क्रिप्चर यूनियनको दैनिक पाठबाट उद्धृत

**व्यवस्था ६ः१०-१५ः** *'तब होशियार होऊ, नत्र कहीं तिमीले परमप्रभुलाई बिर्सौला !'* परमेश्वरका जनहरूले प्रतिज्ञाको देशमा प्रवेश गर्न लागेका थिए, जहाँ तिनीहरूले ठूलो समृद्धि उपभोग गर्नेथिए। यस परिस्थितिमा तिनीहरूले परमप्रभुलाई भुलिपठाउने डर हुनेथियो, जसले तिनी-हरूलाई त्यो व्यवस्था दिनुभएको थियो। तिनीहरू भड्‌किएर अन्य देवताहरूको पछि लाग्ने खतरा जारी हुनेथियो। तिनीहरूको आज्ञाकारिताचाहिँ परमेश्वरको कृपादृष्टि पाउने माध्यम होइन रहेछ, तर उहाँप्रति भएको प्रेम देखाउने तरिका हो भन्ने कुरा तिनीहरूले बुझ्नुपरेको थियो। बाइबलीय प्रेमचाहिँ न्यानो भावुकता होइन, तर परमेश्वरको प्रत्यक्ष इच्छा सधैं सकभर आज्ञापालन गर्ने सुदृढ़ परिकल्पना हो। अनि परमेश्वरलाई प्रेम गर्ने कुरा चाहेमा गर्दा हुने भयो र नचाहे नगर्दा पनि हुने भयो जस्तै कुरा होइन; किनभने हाम्रो कुशलता यसमाथि निर्भर गर्छ। परमप्रभु जलन गर्ने परमेश्वर हुनुहुन्छ। अनाज्ञाकारी भएर तिनीहरूले उहाँ-सित बाँधेको करार भङ्ग गरे भने उहाँले तिनीहरूलाई नष्ट गर्नुहुनेथियो। यसरी नै जलन गर्नुहुने परमेश्वरले आफ्नो महिमाको निम्ति आफ्नो जोश देखाउनुहुनेथियो।

**व्यवस्था ६ः१६ः** *'तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई परीक्षा नगर !'* भनेर प्रभु येशूले यो पद मत्ती ४ः७ र लूका ४ः१२ पदमा उद्धृत गर्नुभयो, जब शैतानले उहाँलाई परीक्षा गरेर उहाँलाई 'मन्दिरको टुप्पाबाट तल हाम फाल' भन्ने सुझाउ दिएको थियो। तर यहाँ कुरा प्रस्थान १७ अध्यायमा फर्केको छ; मस्सा भन्ने ठाउँमा मानिसहरूको निम्ति पर्याप्त पिउने पानी थिएन; तब परमप्रभु तिनीहरूको पक्षमा हुनुहुन्छ भन्ने कुरामा तिनीहरूले शङ्का गरेका थिए। यसर्थ परमेश्वरको वास्ता र भलाइको विषयमा शङ्का गर्नुचाहिँ उहाँलाई परीक्षा गर्नु हो।

**व्यवस्था ६ः१७-२५ः** इस्राएली जाति आफ्ना शत्रुहरूमाथि विजयी बन्ने कुरा तिनीहरूको आज्ञाकारिताको फल हुनेथियो (व्यवस्था ६ः१७-१९)। अनि तिनीहरूले आउँदा पुस्ताका भावी सन्तानहरूलाई मिस्र देशको दासत्वबाट पाएको दिव्य छुटकाराको विषयमा र परमप्रभुको हातबाट सिनाई पर्वतमा व्यवस्था पाएको घटनाको विषयमा शिक्षा दिनुपरेको थियो; उनीहरूको भलाइ र आशिष यसमाथि निर्भर गर्नेथियो (व्यवस्था ६ः२०-२५)।

अब एउटा काम गर्नुहोस्! व्यवस्था ६ः२५ पद रोमी ३ः२१-२२ पदहरूसित तुलना गर्नुहोस्! *'हामीले यी सबै आज्ञाहरू होशियारसाथ पालन गर्‍यौं भने;'* यो

व्यवस्थाको भाषा हो । तर अनुग्रहको कारारले यसो भन्दछः *'परमेश्वरको धार्मिकताचाहिँ येशू ख्रीष्टमाथि राखिएको विश्वासद्वारा विश्वास गर्ने सबैको निम्ति हो र सबैमाथि आउँछ ।'* अनुग्रहको युगमा बाँचिरहेका ख्रीष्ट-विश्वासीहो, तपाईंहरू धार्मिकताको पोसाकले ढाकिनुभएको छ; तपाईंहरूले ख्रीष्ट येशूमा पाउनुभएको धार्मिकता परमेश्वरको धार्मिकता हो, जुन धार्मिकतामाथि व्यवस्था आधारित थियो (२ कोरिन्थी ५:२१); अनि यो कसरी भयो ? यसको निम्ति हामीले काम गरेका होइनौं, तर प्रभु येशूमाथि विश्वास गरेका हौं; हामीले सिर्फ यति गरेका हौं (रोमी ४:५) ।

### ग) व्यवस्था ७ः मूर्तिपूजा गर्ने अन्य-जातिहरूसँग कसरी व्यवहार गर्नुपर्ने, यस सम्बन्धमा दिइएका निर्देशनहरू

**व्यवस्था ७:१-५ः** 'होशियार ! तिमीहरू कनान देशका बासिन्दाहरूसित कुनै हालतमा पनि मिल्नुहुँदैन' भनेर इस्राएलीहरूलाई कड़ा चेताउनी दिइएको थियो; किनभने यी बासिन्दाहरू मूर्तिपूजक जातिहरू थिए । उहाँले हित्ती, गिर्गाशी, एमोरी, कनानी, परिज्जी, हिव्वी र यबूसी नाम गरेका सातवटा जातिहरूको विषयमा यो कुरा गर्नुभएको थियो । इस्राएलीहरूले यी अन्यजातिहरूलाई प्रहार गरेर पूरा नष्ट गर्नुपर्नेथियो र उनीहरूका मूर्तिहरूको कुनै कण र गन्ध समेत रहन दिनुहुँदैनथियो; किनकि यी जातिहरूले साह्रै घिनलाग्दा, गन्दगी भन्न नहुने पापहरू गरि-रहन्थे, जसको फोहोर-मैलाबाट इस्राएली जाति जोगिनुपर्नेथियो । अब व्यवस्था ७:३ पदको कुरा आयोः परमेश्वरले पूर्वानुमान गर्नुभयो कि इस्राएलीहरू व्यवस्था ७:२ पदमा आज्ञा गरिएका कुराहरू पूरा गर्न असफल हुनेछन्; नत्र ता उहाँले तिनीहरूलाई 'उनीहरूसित बिहावारी गर्नुहुँदैन' भन्ने आदेश दिनुहुनेथिएन । तिनीहरूले यी सबै जाति-हरूका मानिसहरूलाई नष्ट गर्नु हो भने त निश्चय नै उनीहरूको सम्बन्धमा कुनै अन्तर्विवाह गर्ने खतरा हुनेथिएन ।

**व्यवस्था ७:६-११ः** परमेश्वरले इस्राएली जातिलाई आफ्नै निम्ति अलग गर्नुभयो । तिनीहरू अरू जातिहरूजस्तै हुन उहाँले चाहनुभएन । अनि उहाँले तिनीहरूलाई किन छान्नुभयो त ? तिनीहरू संख्यामा बढ़ी भएको कारणले उहाँले तिनीहरूलाई चुन्नुभएको होइन; किनकि पृथ्वीमा भएका सबै जाति-हरूभन्दा तिनीहरूचाहिँ कम थिए । उहाँले तिनीहरूलाई प्रेम गर्नुभयो; उहाँले तिनीहरूलाई चुन्नुभएको एकमात्र कारण यही रहेछ । यसमा 'तिनीहरूले सबै कुराहरूमा उहाँको आज्ञापालन गरून्' भन्ने उहाँको चाहना थियो ।

*'उहाँलाई प्रेम गर्नेहरू र उहाँका आज्ञाहरू पालन गर्नेहरूसित उहाँले हजार पुस्तासम्म आफ्नो करार र कृपा कायम राख्नुहुन्छ'* (व्यवस्था ७:९) । हजार पुस्ता भन्नाले कहिल्यै नटुङ्गिने, अनन्तसम्म बुझिन्छ । परमप्रभुले कनानीहरूलाई किन घृणा गर्नुभयो ? किनभने तिनीहरूका कामहरू साह्रै दुष्ट हुन्थे । अनि उहाँले इस्राएली जातिलाई किन प्रेम गर्नुभयो ? यसको निम्ति तिनीहरूमा कुनै खास कारण थिएन; यसको निम्ति तिनीहरूले कुनै असल काम गरेका थिएनन् । होइन, उहाँले तिनीहरूलाई प्रेम गर्नुभएको एकमात्र कारण उहाँको प्रेम गर्ने मनसाय थियो; अनि यस सम्बन्धमा उहाँले तिनीहरूका पिता-पूर्खाहरूसँग खानुभएको शपथ कायम राख्नु थियो । सर्वाधिकारी परमेश्वरले आफ्नो अनुग्रहमा कसरी मानिसहरूलाई चुन्नुहुन्छ, सो कुरा कसले पूरा बुझ्न सकेको छ र ?

**व्यवस्था ७:१२-२६ः** प्रतिज्ञाको देशमा परमेश्वरका जनहरू उहाँप्रति पूरा विश्वास-योग्य रहनुपरेको थियो । तब उहाँले तिनी-हरूलाई असंख्य सन्तानहरू, प्रशस्त अन्न-

बाली, ठूलो पशुधन, कुशलता र सुस्वास्थ्य दिनुको साथै तिनीहरूका शत्रुहरूमाथि पनि विजय दिनुहुनेथियो (व्यवस्था ७:१२-१६)। तिनीहरूलाई तिनीहरूका शत्रुहरूदेखि डर लागेको बेलामा तिनीहरूले बितेको समयमा परमेश्वरका शक्तिशाली छुटकारा-हरूको सम्झना गर्नुपर्नेथियो, विशेष गरी तिनीहरूले मिस्र देशको दासत्वबाट पाएको छुटकारा याद गर्नुपर्नेथियो (व्यवस्था ७:१७-१९)। उहाँले बितेको समयमा तिनीहरूको निम्ति जेजस्तो गर्नुभयो, उहाँले तिनीहरूको पक्षमा फेरि त्यही गर्नुहुनेथियो, अर्थात् उहाँले तिनीहरूका शत्रुहरूलाई नाश पार्न अरिङ्गाल पठाउनुहुनेथियो। अरिङ्गाल भन्ने शब्दको अर्थ हामीले कि त अक्षरशः रूपमा लिन सक्छौं, कि त इस्राएलीहरूका शत्रुहरूलाई पराजय गर्ने सेनाको साङ्केतिक अर्थमा लिन सक्छौं (व्यवस्था ७:२०-२४)। उहाँले तिनीहरूका सबै शत्रुहरूलाई एकैपल्टमा नष्ट गर्नुहुनेथिएन, नत्र ता देशमा जङ्गली पशुहरूको संख्या बढ्नेथियो (व्यवस्था ७:२२)। अबाद नभएका क्षेत्रहरू जङ्गली पशुहरूको वृद्धि हुने स्थल बनिनेथिए; तर मानिसहरूका बस्तीहरूमा जङ्गली पशुहरू फैलिएर जान सक्नेथिएनन्। परमेश्वरले एकैपल्टमा तिनीहरूका सबै शत्रुहरूलाई नष्ट नगर्नुभएको अर्को कारण हामीले न्यायकर्ता २:२१-२३ पदहरूमा पढ्न पाउँछौंः उहाँले बाँकी रहेका अन्यजातिहरूलाई इस्राएली जातिलाई जाँच गर्ने हतियारको रूपमा प्रयोग गर्नुहुनेथियो। सबै मूर्तिहरू सम्पूर्ण रीतिले नष्टभ्रष्ट गरिनुपर्थ्यो, नत्र ता ती मूर्तिहरू इस्राएलीहरूको निम्ति परीक्षाको कारण बन्नेथिए (व्यवस्था ७:२५-२६)। इस्राएली-हरूको निम्ति कनानी जातिहरूबाट खास खतरा आउने होइन, तर यिनीहरूका मूर्तिहरूबाट पो ठूलो खतरा आउनेथियो, र ती मूर्तिहरूको पूजाको सम्बन्धमा गरिने घोर व्यभिचारबाट गम्भीर खतरा आउनेथियो। यसर्थ जुन लड़ाइँहरू तिनीहरूले लड्नु-पर्नेथियो, ती लड़ाइँहरूमा शारीरिक लड़ाइँहरू होइन, तर आत्मिक लड़ाइँहरू सबैभन्दा ठूला, सबैभन्दा खतरा हुनेथिए। तिनीहरू यी आत्मिक लड़ाइँहरू लड्न सधैं तम्तयार हुनुपरेको थियो।

**घ) व्यवस्था ८:१-११:७: बितेका घटना-हरूबाट सिक्नुपर्ने पाठहरू**

श्री जे. ए. थम्पसन्ले व्यवस्था आठ र नौ अध्यायको छोटो-मीठो व्याख्या गरेर यसो भनेका छन्ः

‘यस खण्डमा बितेका घटनाहरूबाट सिक्नुपर्ने दुईवटा मुख्य पाठहरू पेश गरिएका छन्। पहिलो पाठ तिनीहरूले उजाड़स्थानमा बितिरहेको समयभरि परमेश्वरको वास्ता अनुभव गरेको सम्बन्धमा छ; किनभने जुन बेलामा इस्राएलीहरू असहाय थिए, त्यस बेलामा उहाँले तिनीहरूको निम्ति प्रबन्ध गर्नुभयो। त्यस बेलामा उहाँले अति सिपालो भई सुहाउँदो किसिमले तिनीहरूको ताड़ना गरेर तिनीहरूलाई नम्रताको पाठ सिकाउनुभयो। यस अनुभवको सम्झनाद्वारा तिनीहरू घमण्ड-देखि बाँच्नेथिए। तिनीहरूले यस नौलो देशमा सुरक्षासाथ बसेर र त्यसको भरपूरी उपभोग गरेर आफ्नै बल र बुद्धिद्वारा यो सफलता र समृद्धि प्राप्त गरेको गर्व कहिल्यै नगरून् (८:१-२०)। तिनीहरूले सिक्नुपर्ने दोस्रो पाठ यस प्रकारको थियोः तिनीहरूले गर्न लागेको अभियानमा जुन विजयहरू हासिल गर्नेथिए, यी विजयहरू तिनीहरूले आफ्नै धार्मिकताको कारणले प्राप्त गर्ने नै होइन, न ता तिनीहरूले यो कुरा ‘हेर, हामी कति धर्मी रहेछौं’ भन्ने ईश्वरीय अनुमोदन सम्झनुपर्नेथियो (९:१-८)। किनभने तिनीहरूको विषयमा कुरा अर्को थियोः तिनीहरूले त्यो सुनको बाछा बनाएको विषयमा कसो हो ? (९:७-२१)। अनि तबेरा, मस्सा र किब्रोत-हत्तावाको विषयमा कसो हो ?

कयौं पल्ट इस्राएली जातिले प्रमाणित गरेको थियोः तिनीहरू एउटा हठी र विद्रोही जाति रहेछन् (९:२२-२९)।' 5)

**व्यवस्था ८:१-५:** मोशाले फेरि एकपल्ट परमेश्‍वरका जनहरूलाई उहाँप्रति आज्ञाकारी हुने आग्रह गरे; किनभने उहाँ तिनीहरूप्रति अति प्रेमिलो बुबा हुनुहुन्छ, जसले तिनीहरूको फिक्री गरेर तिनीहरूको निम्ति प्रबन्ध गर्नुहुन्छ र तिनीहरूलाई रक्षा गर्नुहुन्छ। बितेको समयमा परमप्रभुले तिनीहरूलाई नम्र तुल्याउन, तिनीहरूलाई जान्न र तिनीहरू आज्ञाकारी हुन् कि होइनन् भन्ने कुरा पत्ता लगाउन तिनीहरूको जीवनमा परीक्षाहरू आउन दिनुभएको थियो। अनि उहाँले तिनीहरूलाई स्वर्गबाट मन्ना खुवाउनुभयो। चालीस वर्षभरि तिनीहरूका लुगाहरू फाटेनन्, कसरी? र तिनीहरूका जुत्ताहरू पुराना भएनन्, कसरी? चालीस वर्षसम्म उजाड़स्थानमा यताउता घुमफिर गर्दा-गर्दै तिनीहरूका खुट्टाहरू नसुनिन, कसरी?

इस्राएलीहरूको हृदयमा के थियो, सो परमेश्‍वरलाई राम्ररी थाह थियो। यसकारण उहाँले उजाड़स्थानमा इस्राएलीहरूको परीक्षा गरेर तिनीहरूलाई जान्ने कोशिश गर्नुभएको होइन (व्यवस्था ८:२); तर उहाँले तिनीहरूमा भएको विद्रोही स्वभाव यस हेतुले तिनीहरूकहाँ प्रकट गर्न चाहनुभएको थियो, कि तिनीहरू उहाँको कृपा र अनुग्रहको निम्ति बढ़ी कृतज्ञ बन्न सकून्। तिनीहरूले परमप्रभुको डर मान्न सिक्नुपरेको थियो। उजाड़स्थानमा तिनीहरूले सिक्नुपर्ने अर्को पाठचाहिँ यही थियो।

**व्यवस्था ८:६-२०:** मोशाले परमेश्‍वरले बितेको समयमा गर्नुभएको कामकुरा यहाँ आफ्नो तर्कको एकमात्र आधार तुल्याएनन्, तर उनको तर्क उहाँले के-के गर्न लाग्नुभएको थियो, त्यस तथ्यमाथि पनि आधारित थियो (व्यवस्थ ८:६-७)। कनान देश कति उत्तम देश थियो, सो कुरा व्यवस्था ८:७-९ पदमा बयान गरिएको छ। तर तिनीहरूको समृद्धिमा एउटा खतरा के थियो भने, तिनीहरूले परमेश्‍वरको गुण बिर्सन सक्नेथिए; अनि परमप्रभुलाई भुलेर तिनीहरू अनाज्ञाकारी बन्न सक्नेथिए। तिनीहरू यस्ता खताराहरूदेखि सधैं होशियार बस्नुपरेको थियो (व्यवस्था ८:१०-२०)। परमेश्‍वर विश्‍वासयोग्य हुनुहुन्थ्यो। तर एक हातले ताली बज्दैन। इस्राएली जाति पनि उहाँप्रति विश्‍वासयोग्य हुन आवश्यक थियो। परमेश्‍वरले तिनीहरूका पितापुर्खाहरूसँग बाँध्नुभएको करार कायम राखिरहनुभएको थियो (व्यस्था ८:१८)। तब के, के परमेश्‍वरका जनहरूले उहाँलाई दिएको आफ्नो प्रण पूरा गर्नुपर्नेथिएन र? (प्रस्थान १९:८)। अवश्य तिनीहरूले यस करारको सम्बन्धमा आफ्नो भाग पूरा गर्नुपरेको थियो। अनि यस विषयमा यो कुरा पनि सुनिश्‍चित थियो, कि यदि इस्राएलीहरूले परमेश्‍वरले तिनीहरूको पक्षमा गर्नुभएका सामर्थ्यका कामहरू बिर्से भने, र तिनीहरूले यत्रो धनसम्पत्ति प्राप्त गरेको श्रेय आफ्नै शक्ति र आफ्नै हातको बललाई दिए भने, परमप्रभुले तिनीहरूलाई नाश गर्नुहुनेथियो, जसरी उहाँले कनानमा भएका जातिहरूलाई नष्ट गर्नुभयो।

**व्यवस्था ९:१-३:** यो नौ अध्यायचाहिँ इस्राएलीहरूले चाँड़ै लड़ाइँमा सामना गर्नुपर्ने जातिहरूको विवरणबाट शुरु गर्छ। इस्राएली जाति ती जातिहरूदेखि डराउनुहुँदैनथियो, जसरी तिनीहरू चालीस वर्षअघि उजाड़-स्थानमा डराएका थिए; किनभने परमेश्‍वर तिनीहरूको पक्षमा लड़ाइँ गर्न लाग्नुभएको थियो। *'उहाँले तिनीहरूलाई नष्ट पार्नुहुनेछ ... अनि यसरी नै तिमीहरूले तिनीहरूलाई धपाउनेछौ र तिनीहरूलाई चाँड़ै नष्ट गर्नेछौ'* (व्यवस्था ९:३)। के तपाईंले यहाँ सर्वाधिकारी परमेश्‍वरको भाग के हो र मानिसहरूले पूरा गर्नुपर्ने जिम्मेवारी के रहेछ,

सो देख्नुभयो ? यी दुवै कुराहरू मिलेर काम गर्नुपर्नेथियो, तब प्रतिज्ञाको देश कब्जा गर्न सजिलो रहेछ, अधिकार गर्न सकिँदो रहेछ ।

**व्यवस्थान ९ः४-७ः** परमेश्वरले कनान देशका जातिहरूलाई धपाउनुभएपछि, इस्राएलीहरूले त्यसको विषयमा घमण्ड गर्नुहुँदैनथियो । व्यवस्था ९ः४-६ पदको खण्डमा तीन पल्ट एकै किसिमको चेताउनी दिइएको छः मानिसहरूले आफ्नै धार्मिकता विजयको कारण ठान्ने खतरा सधैं जारी रहेको छ । तर परमेश्वरले इस्राएली जातिलाई यो देश दिने कारण अर्को छः चार पदअनुसार त्यहाँका बासिन्दाहरूमा भएको दुष्टता यसको एउटा कारण थियो भने, उहाँले अब्राहाम, इसहाक र याकूबसँग खानुभएको शपथचाहिँ यसको अर्को कारण थियो (व्यवस्था ९ः५) । हो, त्यो देश इस्राएलीहरूलाई दिन लागेको थियो, तर तिनीहरूमा भएको कुनै गुण वा योग्यताको कारणले होइन । किनकि तिनीहरू एउटा हठी जाति थिए (व्यवस्था ९ः६); अँ, तिनीहरू परमेश्वरलाई बारम्बार रिस उठाइरहने विद्रोही पो भएका थिए (व्यवस्था ९ः७) ।

**व्यवस्था ९ः८-२३ः** मोशाले यसको सम्बन्धमा एउटा उदाहरण प्रस्तुत गरेः होरेब पर्वतमा परमेश्वरका जनहरूले उहाँको रिस उठाइदिएका थिए (व्यवस्था ९ः८-२१) । व्यवस्था ९ः२२-२३ पदहरूमा अरू कति ठाउँहरूका नाम उल्लेख गरिएका छन्, जुन-जुन ठाउँमा इस्राएलीहरूले पाप गरेका थिएः तबेरा (गन्ती ११ः३); मस्सा (प्रस्थान १७ः७), किब्रोत-हत्तावा (गन्ती ११ः३४) र कादेश-बर्नेअ (गन्ती १३ः३१-३३) । यस पदमा ख्याल गर्नुहोस्ः त्यो सुनको बाछा फेरि कहिल्यै फेला नपर्ने गरी त्यो नाश गरिएको थियो (व्यवस्था ९ः२१) ।

**व्यवस्था ९ः२४-२९ः** सिनाई पर्वतमा मोशाको अन्तर्विन्तीले मात्र इस्राएलीहरूलाई परमप्रभुको क्रोधबाट बचाएको थियो । उनले परमेश्वरको सामु उहाँका जनहरूको धार्मिकता आफ्नो अर्जविन्तीको आधार तुल्याएका थिएनन्; किनभने कुरा स्पष्ट छ, कि तिनीहरूको आफ्नै धार्मिकता छँदैथिएन । तर **क)** *'हे प्रभु, तपाईंले **आफ्ना** जनहरूलाई र **आफ्नो** अधिकारको भाग नष्ट नगर्नुहोस्'* भनेर उनले आफ्नो अर्जविन्ती परमेश्वरको स्वामित्वमाथि बसालेका थिए (व्यवस्था ९ः२६); **ख)** *'आफ्ना दासहरू अब्राहाम, इसहाक, याकूबलाई सम्झनुहोस्'* भन्दाखेरि उनको प्रार्थनाको जग परमेश्वरको प्रतिज्ञा भएको बुझिन्छ (व्यवस्था ९ः२७); अनि **ग)** आफ्नो अन्तर्विन्ती गर्दा उनले परमेश्वरको शक्तिको विषयमा सवाल उठ्ने सम्भावना यसरी व्यक्त गरेका थिएः *'नत्र ता कतै त्यस देशले, जहाँबाट तपाईंले हामीलाई निकालेर ल्याउनुभयो, यसो भन्लाः "परमप्रभुले तिनीहरूलाई त्यस देशभित्र ल्याइपुऱ्याउन सक्नुभएन, जुन देश उहाँले तिनीहरूलाई प्रतिज्ञा गर्नुभएको थियो'* (व्यवस्था ९ः२८) । यसरी मिस्रीहरूले परमेश्वरको शक्ति खिसी गर्नेथिए ।

व्यवस्था १०ः१ पदमा भएको कथनले हामीलाई सिनाई पर्वतमा भएका घटना-हरूकहाँ फर्काएर लैजान्छ । पवित्र बाइबलमा लेखिएका वृत्तान्तहरू सधैं कालक्रमबद्ध हुँदैनन्; किनभने त्यसमा प्रस्तुत गरिएका घटनाहरू प्रायः आत्मिक वा नैतिक दृष्टिकोणले प्रस्तुत गरिन्छन्, जुन कुराचाहिँ कालक्रम-बद्धताभन्दा मुख्य हो । अनि मलाई के लाग्छ भने, व्यवस्था १०ः११ पद पछि यस अध्यायको विभाजन[6)] गरिएको भए बढ़ी उपयुक्त देखिन्छ; किनकि व्यवस्था १०ः१-११ पदको खण्ड सिनाई पर्वतमा घटेका घटना-हरूसित सम्बन्ध राख्छ, तर व्यवस्था १०ः१२ पददेखि मोशाको अर्तीअनुसार हामीप्रति देखाइएको परमेश्वरको अनुग्रहले पूर्ण

व्यवहारको माग उहाँप्रति हाम्रो आज्ञापालन नै हो ।

**व्यवस्था १०:१-५:** यस अनुच्छेदले दस आज्ञाहरू दोस्रो पल्ट दिइएको र यी ढुङ्गाका दुईवटा पाटीहरू करारको सन्दुकभित्र राखिएको घटना बयान गरेको छ । अब तीन पदको कुरा आयोः यस वाक्यबाट मोशाले आफ्नै हातले यो करारको सन्दुक बनाएका थिए भन्ने अर्थ बुझ्नुहुँदैन; तर उनले अघिबाटै यो सन्दुक बनाउन लगाए – यो यस वाक्यको सठीक अर्थ हो । धेरै पल्ट यस्तो लेखिएको पाइन्छः जुन काम कुनै व्यक्ति विशेषले गरे भनेर लेखिएको छ, त्यो काम यी व्यक्तिले खास गरी अरूलाई अह्राए वा गर्न लगाए ।

**व्यवस्था १०:६-९:** यी पदहरूमा, विशेष गरी व्यवस्था १०:६-७ पदमा मोशाको बयान गराइमा आकस्मिक अन्तराल आएको देखिन्छ । वास्तवमा यी पदहरू कोष्ठकबद्ध लेख हुन्, जुन लेखमा पछिको समयमा घटेका केही घटनाहरू बीचमा हालिए । किनकि यस कोष्ठकबद्ध लेखले पाठकहरूलाई हारूनको मृत्यु भएको समयमा ल्याइपुऱ्याउँछ । कति बाइबल-अनुवादहरूमा यी पदहरू कोष्ठक-चिन्हहरूद्वारा छुट्ट्याइएका छन्; तब यो खण्ड बुझ्न अलिक सजिलो पर्छ ।

हुन सक्छ, मोसेरा त्यो क्षेत्र भएको हुनुपर्ला, जहाँ होर पर्वत परेको थियो; किनभने त्यस पहाड़मा हारूनको मृत्यु भएको थियो (गन्ती २०:२५-२८) । मोसेरा कहाँ परेको थियो, यो कुरा वर्तमान समयमा पत्ता पाइन । हारूनको मृत्युको कुरा गर्दा-गर्दै सायद मोशाको ध्यान त्यस पूजाहारीगिरीमाथि पुऱ्याएको थियो होला । यसैले उनले लेवीको कुल कसरी पूजाहारीय कुलको रूपमा चुनिएको थियो, सो कुरा यहाँ आफ्नो विषयवस्तु तुल्याए होलान् (व्यवस्था १०:८-९) । व्यवस्था १०:८ पदमा त्यस पूजाहारीगिरीका तीनवटा कामहरू उल्लेख गरिएका छन्ः **क)** पूजाहारीहरूले करारको सन्दुक बोक्नु थियो; **ख)** परमप्रभुको सेवा गर्नको लागि यिनीहरू उहाँको सामु खड़ा रहनुपरेको थियो; **ग)** यिनीहरूले मानिसहरूलाई परमप्रभुको नाममा आशीर्वाद दिनुपरेको थियो । पूजाहारीको सेवाको सम्बन्धमा यहाँ पेश गरिएका निर्देशनहरू यस पुस्ताका मानिसहरूलाई जान्न आवश्यक थियो, जो कनान देशभित्र प्रवेश गर्न लागेका थिए ।

**व्यवस्था १०:१०-११:** मोशा यहाँ अघि उठाइसकेको आफ्नो विषयमा फर्के । उनी आफै सिनाई पर्वतमा फेरि दोस्रो पल्ट चालीस दिन र चालीस रात परमेश्वरको उपस्थितिमा बसेको कुरा उनले मानिसहरूलाई सम्झना गराए, जुन बेलामा उनले तिनीहरूको पक्षमा अन्तर्विन्ती गरेका थिए । परमेश्वरले उनको विन्ती सुन्नुभयो र गर्न लागेको सजाय रोकिराख्नुभयो, अनि 'प्रतिज्ञाको देश अधिकार गर्न जाओ' भनेर तिनीहरूलाई अघि बढ्ने आदेश दिनुभयो ।

**व्यवस्था १०:१२-२२:** परमेश्वरले आफ्ना जनहरूको विषयमा केकस्तो चाहना र आशा राख्नुभयो ? यो कुरा निम्न शब्दहरूले व्यक्त गर्छन्ः *'परमप्रभु तिम्रा परमेश्वरको डर मान्नु ... उहाँका सबै मार्गमा हिँड्नु ... उहाँलाई प्रेम गर्नु ... आफ्नो सम्पूर्ण हृदय र प्राणले उहाँको सेवा गर्नु ... उहाँका आज्ञाहरू पालन गर्नु'* (व्यवस्था १०:१२-१३) । परमेश्वरका सबै आज्ञाहरू तिनीहरूलाई तिनीहरूकै भलाइको निम्ति दिइएका थिए (व्यवस्था १०:१३[ख]) । मानिसहरूले परमेश्वरको आज्ञापालन किन गर्नुपरेको थियो ? यसको विषयमा मोशाले तिनीहरूलाई निम्न कारणहरू पेश गरेः परमेश्वर महान् हुनुहुन्छ (व्यवस्था १०:१४); उहाँले इस्राएली जातिलाई स्वेच्छाले आफ्नो विशेष जाति हुनको निम्ति चुन्नुभएको थियो (व्यवस्था

१०:१५), अनि उहाँले तिनीहरूसित सधैं धार्मिक व्यवहार र न्याय कायम राख्नुभयो (व्यवस्था १०:१७-२०); अनि बितेको समयमा उहाँले इस्राएलीहरूप्रति प्रशस्त दयाका कामहरू देखाउनुभएको थियो (व्यवस्था १०:२१-२२)। अनि खतना गरिएको हृदय त्यो हृदय हो, जसले उहाँको आज्ञापालन गर्दछ (व्यवस्था १०:१६)।

**व्यवस्था ११:१-७ः** मोशा फेरि एकपल्ट केही आत्मिक पाठहरू खोजिनिकाल्न इस्राएलको इतिहासमाथि पुनर्विचार गर्न पुगेछन्। व्यवस्था ११:२ पदमा मोशा मिस्र देशबाट बाँचेर आएको पुस्ताका उत्तरजिवी मानिसहरूसँग बातचित गर्छन्, उजाड़स्थानमा जन्मेका मानिसहरूसँग होइन। अनि हामी यो कुरा पनि याद गरौंः मिस्र देशबाट निस्कि-आएका बीस वर्षदेखि उँभोका सिपाहीहरूले कनान देशभित्र प्रवेश गर्न पाएनन् (व्यवस्था २:१४; यहोशू ५:६)।

परमेश्वरले आफ्ना जनहरूलाई मिस्र देशदेखि छुटकारा दिनुभयो, र तिनीहरूलाई उजाड़स्थानको बाटो भएर डोऱ्याउनुभयो; तर उहाँले दातान र अबिरामको विद्रोह सहनु-भएन। परमेश्वरले मूर्तिपूजक मिस्रीहरूलाई गर्नुभएको न्याय र इस्राएलीहरूको बीचमा भएका विद्रोहीहरूमाथि आइपरेको उहाँको कड़ा सजायचाहिँ तिनीहरूका निम्ति सिक्नु-पर्ने पाठहरू थिए, जसबाट तिनीहरूले उहाँको रिस उठाउनुचाहिँ कति ठूलो मूर्खता हो भन्ने पाठ सिक्नु थियो।

### ङ) व्यवस्था ११:८-३२ः आज्ञाकारिताको निम्ति तिनीहरूले पाउने इनामहरू

**व्यवस्था ११:८-१७ः** अब त्यसको ठीक विपरीत कुरा आयोः तिनीहरूले प्रतिज्ञाको देशमा दीर्घायु उपभोग गर्नु हो भने, तिनीहरूले हरेक आज्ञा पालन गर्नु थियो (व्यवस्था ११:९)। आज्ञाकारी मानिसले प्रतिज्ञाको देशका आशिषहरू उपभोग गर्न पाउनेथियो; यसमा कस्ता-कस्ता आशिषहरू समावेश भएका थिए, सो कुरा व्यवस्था ११:१०-१२ पदहरूमा बताइएको छ। तिनीहरूले उपभोग गर्न पाउने प्रतिज्ञाको देश कति उत्तम देश हुँदो रहेछ!!

*'जहाँ तिमीले आफ्नो बीउ छर्थ्यौ र* ***आफ्नो खुट्टाले पानी हाल्थ्यौ'*** भन्ने वाक्यको निम्ति कुनै स्पष्टीकरण चाहिन्छ। मिस्र देशमा खुट्टाले कुनै पेडल चलाएर तिनीहरूले कुवाबाट पानी निकाल्थे; अथवा हुन सक्छ, तिनीहरूले नालाको जलद्वार खोल्ने र बन्द गर्ने यन्त्र खुट्टाको बलले चलाउँथे होलान्। जे होस्, मिस्र देशचाहिँ प्रायः बाँझो भूमि थियो, जसको जमिन पानीले सिँचेर फलदायक बनाइएको थियो। तर प्रतिज्ञाको देशमाथि सृष्टिका मालिकको विशेष कृपादृष्टि रहन्थ्यो (व्यवस्था ११:११-१२)। तिनीहरूको निम्ति प्रशस्त बर्साद र फसलको भरपूरीचाहिँ आज्ञाकारिताको इनाम हुनेथियो (व्यवस्था ११:१३-१५); तर तिनीहरूले परमेश्वरलाई बिर्सिपठाए वा मूर्तिपूजातिर लागेमा यसको नतिजा खड़ेरी र जमिनको बाँझोपन सुनिश्चित हुनेथियो।

**व्यवस्था ११:१८-२१ः** घरपरिवारमा परमेश्वरको वचन बातचित गर्ने विषय हुनुपरेको थियो। तिनीहरूले उहाँको वचन प्रेम गर्नुपरेको थियो र आफ्नो व्यवहारमा उतार्नुपरेको थियो। परमेश्वरको वचन व्यवहारमा ल्याएको इनामचाहिँ उहाँले 'दिन्छु' भनेर शपथ खानुभएको देशमा तिनीहरूको आयु र तिनीहरूका छोराछोरीहरूको आयु बढ्नेथियो, र पृथ्वीमाथिको आकाशको आयुजत्तिकै हुनेथियो (व्यवस्था ११:२१)।

> 'वर्तमान समयका कति यहूदीहरूले व्यवस्था ११:१८[ख] पदको अर्थ अक्षरशः लिए, र आफ्ना निधारहरूमा व्यवस्था-पेटिकाहरू बाँध्न थाले, जुन पेटिकाहरूमा तिनीहरूले पवित्र धर्मशास्त्र-

बाट केही खण्डहरूको प्रतिलिपि हालेका छन्; अनि तिनीहरूले घरको ढोकाका खाँबाहरूमाथि परमेश्वरको वचनका केही खण्ड लेखे र अझै लेख्ने गर्छन् । तर *"मेरा वचनहरू आफ्नो हातमा बाँध्नू"* भनेर भन्न खोजेको तात्पर्य के हो, सो कुराको विषयमा व्यवस्था ११:१९[क] पदले अर्थ खोल्छः हामीले आफ्ना दुईवटा हातहरू कुनै तुच्छ र अयोग्य कामको निम्ति प्रयोग गर्नुहुँदैन । अनि हाम्रो निधारमा बाँधिएको वचनको खास अर्थ यस प्रकारको हुनुपर्लाः हाम्रा आँखाहरू परमेश्वरको नियन्त्रणमा रहेका छन्; यसर्थ हामी जे हेर्छौं र जुन थोकको लोभ गर्छौं, यो सबको सब उहाँको अनुशासनमा रहिरहन्छ । अनि घरको ढोकाको चौकटमा लेखिएको वचन हामीले कुन अर्थमा लिऔं त ? यसको अर्थ यही होलाः हाम्रो घरपरिवार परमेश्वरप्रतिको जिम्मेवारी शिरोपर गर्ने परिवार हो; यसकारण यस दिव्य बाध्यतामा परेर हामी आफ्नो पारिवारिक जीवनमा कुनै लापरवाही गर्नेछैनौं, न ता हाम्रो जिम्मामा छोड़िएका आफ्ना छोराछोरीहरूको बेवास्ता गर्नेछौं (व्यवस्था ११:१९) ।'

स्क्रिप्चर यूनियनको दैनिक पाठबाट उद्धृत

**व्यवस्था ११:२२-२५:** परमप्रभुका मार्गहरूमा हिँड्नेहरू जतिले निस्सन्देह कनानका अन्यजातिहरूलाई धपाउनेथिए र आफूले टेकेको सारा भूमि अधिकार गर्नेथिए। व्यवस्था ११:२४ पदमा भूमि अधिकार गर्ने नियम पेश गरिएको छः प्रतिज्ञाको जम्मै देश तिनीहरूकै थियो; तर तिनीहरू गएर त्यो आफ्नो तुल्याउनुपरेको थियो । ठीक त्यसरी नै हामीले पनि विश्वासद्वारा परमेश्वरका प्रतिज्ञाहरू आफ्नै बनाउनुपर्छ। यस पदमा बयान गरिएको सिमाना इस्राएली जातिले कहिल्यै कब्जा गरेन । इतिहास यसको साक्षी छ। हो, राजा सुलेमानको राज्य यूफ्रेटिस नदीदेखि लिएर मिस्र देशको सिमानासम्म पुग्यो (१ राजा ४:२१)। तर वास्तवमा इस्राएलीहरूले त्यो सारा भूभाग अधिकार गरेनन्; किनभने १ राजा ४:२१ पदमा बताइएको भूभागमा यस्ता राज्यहरू पनि समावेश गरिए, जुन राज्यहरूले राजा सुलेमानलाई कर त तिरे, तर जसको आफ्नो सरकार रहेको थियो । यसो हो भने, व्यवस्था ११:२४ पदको कुरा कहिले पूरा हुनेछ त ? यो पद र योजस्ता अन्य धेरै पदहरू प्रभु येशू ख्रीष्टको एक हजार वर्षको राज्यको समयमा पूरा हुने नै छन् ।

**व्यवस्था ११:२६-३२:** इस्राएली जातिको सामु आशिष र श्राप राखियो। आज्ञाकारिताको फलस्वरूप तिनीहरूले आशिष पाउनेथिए भने, तिनीहरूको अनाज्ञाकारिताले श्राप निम्त्याउनेथियो । कनान देशमा दुईवटा पहाड़हरू थिए, जसले यो तथ्य प्रस्तुत गरेः गेरिजीम पहाड़ आशिषको पक्ष थियो भने, एबाल पहाड़ श्रापको पक्ष थियो । यी दुईवटा पहाड़हरू शेकेमको नजिक अवस्थित थिए, र यिनको बीचमा एउटा सानो बेंसी परेको थियो। पूजाहारीहरूले आज्ञाकारी हुनेहरूमाथि आइपर्ने आशिषहरू के-के हुन्, सो कुराको उद्‌घोषणा गरेको बेलामा इस्राएली जातिका छवटा कुलहरूका मानिसहरू गेरिजीम पहाड़मा उभिनुपर्नेथियो। ठीक त्यस्तै पूजाहारीहरूले अनाज्ञाकारी हुनेहरूमाथि आइपर्ने श्रापहरूको पाठ गरेर सुनाउँदाखेरि अरू बाँकी कुलका मानिसहरू एबाल पहाड़मा उभिनुपर्नेथियो । आशिषहरू सुनाउँदा र श्रापहरू सुनाउँदा मानिसहरूले हरेक आशिष र हरेक श्राप सुनेपछि 'आमेन' अर्थात् 'यस्तै होस्' भन्नुपर्नेथियो । यी दुईवटा पहाड़हरूको महत्त्व केमा थियो, सो कुरा जान्न तपाईंले व्यवस्था २७:११-२६ पदको खण्ड पढ्नुहोला ।

हुन सक्छ, मोरे भन्ने ठाउँमा भएका फँलाटका रूखहरूचाहिँ उत्पत्ति ३५:१-४ पदको खण्डमा उल्लेख गरिएका रूखहरू

थिए होलान्। त्यही ठाउँमा याकूबले सैयौं वर्षअघि आफ्नो घरपरिवारलाई मूर्तिपूजादेखि शुद्ध पारेका थिए। सायद यो सन्दर्भ दिइएको कारण भौगोलिक मार्गदर्शन दिनुको साथै आत्मिक मार्गदर्शन दिने उद्देश्यले पनि दिइएको थियो, यसमा शङ्का छैन।

### च) व्यवस्था १२ः परमप्रभुको उपासनाको सम्बन्धमा केही नियमहरू

**व्यवस्था १२ः१-३ः** परमेश्वरका जन-हरूले प्रतिज्ञाको देशमा प्रवेश गरेपछि, त्यहाँ तिनीहरूले सबै मूर्तिहरू र सबै पूजा-थानहरू भत्काएर नष्ट पार्नुपर्नेथियो – हरेक स्थान, जहाँ कनानी जातिहरूले झूटा देवीदेवता-हरूको पूजा गर्थे। 'अशेरा'हरूचाहिँ शुक्र देवीका काठका मूर्तिहरू थिए भने, खाँबाहरू बाल देवताका आकृति थिए।

**व्यवस्था १२ः४-१४ः** परमेश्वरले आराधनाको निम्ति एउटा निर्धारित स्थान ठहराउनुहुनेथियो, जुन स्थानमा मानिसहरूले बलिहरू चढ़ाउनुपर्नेथियो र भेटीहरू ल्याउनुपर्नेथियो। अनि यो निर्धारित ठाउँ पहिले शीलो थियो, जहाँ शुरुमा निवासस्थान खड़ा गरियो (यहोशू १८ः१); पछि त्यो निर्धारित ठाउँ यरूशलेम भयो, जहाँ परमेश्वरको मन्दिर निर्माण गरियो। परमेश्वरद्वारा नियुक्त गरिएको एकमात्र ठाउँमा उहाँको आराधना ग्रहणयोग्य हुनेथियो। तर हामी ख्रीष्ट-विश्वासीहरूका निम्ति आराधनाको केन्द्र प्रभु येशू ख्रीष्ट हुनुहुन्छ, कुनै पवित्र स्थान होइन। किनभने उहाँ अदृश्य परमेश्वरको प्रत्यक्ष प्रतिरूप हुनुहुन्छ। उजाड़स्थानको समयमा परमेश्वरले इस्राएलीहरूको बीचमा कति अनियमितताहरू सहनुभयो। तर कनान देशमा पुगेपछि तिनीहरू यस सम्बन्धमा अझै पनि अनजान रहनुहुँदैनथियो र अज्ञानताको काम गर्नुहुँदैन-थियो (व्यवस्था १२ः८-९)।

**व्यवस्था १२ः१५-२८ः** लेवी १७ः३-४ पदहरूमा परमेश्वरले आज्ञा गर्नुभएको थियो, कि गोरु, भेड़ा वा बोकाजस्तै कुनै बलिको पशु मार्न इस्राएलीहरूले त्यो भेट हुने पालको ढोकामा ल्याउनुपरेको थियो। तर अहिले, जब मानिसहरूले कनान देशमा पसेर त्यहाँ बसोबास गर्न लागेका थिए, उक्त नियममा हेरफेर आउनुपरेको थियो। अबदेखि उसो यहूदीहरूले बलिपशुको रूपमा प्रयोग हुने घरेलु पशुहरू मारेर मृग र हरिणको मासुजस्तै खान पाउनेथिए। मृग र हरिणचाहिँ शुद्ध पशु थिए, तर ती पशुहरू बलि गरिएका थिएनन्। विधिवत् रूपले शुद्ध भएका र अशुद्ध भएका दुवै मानिसहरूको निम्ति यो अनुमति लागू हुनेथियो। तर रगतचाहिँ, अहँ, कसैले पनि कहिल्यै कुनै रगत खानुहुँदैनथियो; किनकि रगतचाहिँ प्राणीहरूको प्राण हो, अनि सबैको प्राण परमेश्वरको हो।

**व्यवस्था १२ः२९-३२ः** *'होशियार, नत्र ता "यी जातिहरूले आफ्ना देवताहरूलाई जसरी पुज्थे, म पनि त्यसरी नै गर्नेछु" भन्दै तिमीले कतै तिनीहरूका देवताहरूको विषयमा सोधखोज गरौला कि ?'* यो इस्राएलीहरूको निम्ति परमेश्वरको गम्भीर चेताउनी थियो। तिनीहरूले कनान देशका जातिहरूले मूर्तिपूजा गर्दा अपनाएका विधिहरू जान्ने कोशिश अलिकति पनि नगरे हुनेथियो। किनभने यसो गर्नाले तिनीहरू ती दुष्ट विधिहरू एकमात्र सत्य परमेश्वरको आराधनामा समावेश गर्ने आफ्नो चाहनाको शिकार बन्ने खतरा जारी रहनेथियो। व्यवस्था १२ः३१ पदको सन्दर्भ-चाहिँ मोलेक र कमोश देवताको पूजापाठसँग सम्बन्धित घिनलाग्दा, घृणित चलनहरू हुन्। नयाँ नियममा आएर प्रेरित पावलले हामीलाई के सिकाएका छन् भने, दुष्ट आत्माहरूले मूर्तिपूजा गर्ने प्रेरणा दिँदा रहेछन् (१ कोरिन्थी १०ः२०)। तब मूर्तिपूजा गर्ने त्यो वास्तविक स्रोत जानेपछि हामी मूर्तिपूजाको निर्दयता र

भ्रष्टताको विषयमा अझै किन अचम्मित हुने त? किनभने यस प्रकारको आत्मिक अन्धकारप्रति मानिसको हृदयको झुकाउ कतिको छ, सो देखाउन व्यवस्थाको पुस्तकका प्रापकहरू सबैभन्दा असल उदाहरण हुन्; किनभने एकमात्र सत्य परमेश्वरको प्रकाश खोज्नुभन्दा तिनीहरू यस्तै किसिमको घोर अन्धकारतिर सजिलैसँग खिँचिए। यस सम्बन्धमा इस्राएली जातिको तेस्रो राजा सुलेमानको कुरा आयोः तिनले साँच्चै कमोश र मोलेक देवताहरूका निम्ति यरूशलेममा, परमप्रभुले आफ्नो नाम राख्नुभएको ठाउँमा वेदीहरू बनाए (१ राजा ११:७)।

### छ) व्यवस्था १३: झूटा अगमवक्ताहरू र मूर्तिपूजकहरूलाई दिनुपर्ने सजाय

चाहे कुनै व्यक्ति होस्, चाहे कुनै झुण्ड किन नहोस्, जसले परमेश्वरका जनहरूलाई मूर्तिपूजा गर्न सुरुयाउनेथियो, त्यस्तालाई तिनीहरूले अवश्य ढुङ्गाले हानेर मार्नुपर्नेथियो, चाहे त्यो मानिस अगमवक्ता होस्, (व्यवस्था १३:१-५), चाहे त्यो मानिस नजिकको नातेदार होस्, (व्यवस्था १३:६-११), चाहे तिनीहरूलाई सुरुयाउनेहरूचाहिँ कुनै विशेष समुदाय किन नहोऊन् (व्यवस्था १३:१२-१८)। जुन अगमवक्ताले अगमवाणी बोलेरै मानिसहरूलाई मूर्तिपूजा गर्न उत्साहित तुल्याउनेथियो, त्यसको हातद्वारा आश्चर्यकर्महरू पूरा भए तापनि त्यस अगमवक्ताको पछि कोही पनि लाग्नुहुँदैनथियो। किनकि त्यो मानिस अवश्य एउटा झूटा अगमवक्ता हुनेथियो; यसैले तिनीहरूले त्यसलाई मृत्युदण्ड दिनैपर्नेथियो। जुन नजिकको नातेदारले आफ्नो परिवारलाई फुस्ल्याएर मूर्तिपूजा गर्न लाउनेथियो, त्यो नातेदार पनि मारिनुपर्नेथियो।

व्यवस्था १३:१३ पदमा अधम मानिसहरूको कुरा गरिएको छ। ती अधम मानिसहरूचाहिँ 'बेलियालका सन्तानहरू' थिए, अँ, यस हिब्रू शब्दको अर्थअनुसार 'निकम्मा मानिसहरू' थिए, शैतानका सन्तानहरू थिए। यहाँको उदाहरणअनुसार ती दुष्ट दलबन्दी गर्नेहरूले आफ्ना शहरका मानिसहरूलाई हाँकेर र भड्काएर परमेश्वरदेखि मूर्तिहरूतिर लैजानेथिए। यसकारण इस्राएलीहरूले त्यस शहरका मानिसहरूलाई लगायत यी दुष्टहरू सबैलाई मार्नुको साथै त्यस शहरमा आगो लगाएर त्यो शहर पनि सर्वनाश गर्नुपर्नेथियो।

मूर्तिपूजातिर लागेको इस्राएली शहरसित त्यही व्यवहार गरिनुपर्नेथियो, जुन व्यवहार कनानी शहरहरूसित गरिन्थ्योः यो शहर पनि र ती शहरहरू पनि सत्यानाश गरिनु थियो। परमेश्वर पक्षपाती हुनुहुन्न; उहाँ पापसँग कड़ा कारवाही गर्नुहुन्छ; उहाँले आफ्ना चुनिएका मानिसहरूको पापसित पनि उस्तै कारवाही गर्नुहुन्छ। तर आफ्ना मानिसहरूसित उहाँको कारवाहीको उद्देश्य अर्कै छ। यसको निम्ति हामी यो यहूदी शहरको उदाहरण लिऔंः सारा इस्राएली जातिको सुधार होस् भन्ने हेतुले उहाँले तिनीहरूका पितातुल्य तिनीहरूसित ताड़नारूपी कारवाही गर्नुहुनेथियो।

### ज) व्यवस्था १४:१-११: शुद्ध र अशुद्ध खानेकुराहरू

**व्यवस्था १४:१-२:** यी पहिला दुईवटा पदहरूले मरेको मानिसको निम्ति आफ्नो शरीरमा काटेर चोटहरू लगाउने प्रथामाथि प्रतिबन्ध लगाउँछन्, जुन प्रथा मूर्तिपूजकहरूको प्रथा थियो। मानिसको शरीर परमेश्वरको सृष्टि हो; यसकारण यहूदीहरूले मानिसको शरीर आदर गर्थे, अन्यजातिहरूले भन्दा बढ़ी आदर गर्थे।

**व्यवस्था १४:३-२१क:** यस अनुच्छेदले शुद्ध र अशुद्ध खानेकुराको विषयमाथि

पुनर्विचार गर्दछ, चाहे त्यो खानेवस्तु जनावरहरू होऊन् (व्यवस्था १४:४-८), चाहे माछाहरू होऊन् (व्यवस्था १४:९-१०), चाहे उड्ने कीराफट्याङ्ग्राहरू होऊन् (व्यवस्था १४:१९), वा चराहरू होऊन् (व्यवस्था १४:११-१८ र २०)। व्यवस्था १४:१९ पदअन्तर्गत नपरेका शुद्ध कीरा-फट्याङ्ग्राहरू पनि छन्; यसको विषयमा तपाईंले जानकारी लेवी ११:२१-२२ पदबाट लिनुहोला। किनभने लेवी ११ अध्यायमा खान हुने-नहुने पशुप्राणीहरूको विषयमा उस्तै किसिमको सूचि दिइएको छ। यी दुईवटा सूचिहरू दुरुस्त छैनन्, दुरुस्त हुन खोजेका पनि होइनन्। कति पशुहरू स्वास्थ्यकारी थिएनन्, यसैले ती पशुहरू अशुद्ध थिए भने, कति पशुहरू मूर्तिपूजामा प्रयोग गरिन्थे अथवा अन्यजातिका मानिसहरूले यी पशुहरूको पूजा गर्थे ।

खानेकुराको सम्बन्धमा नयाँ नियमको शिक्षा के हो, सो कुरा हामीले मर्कूस ७:१५, रोमी १४:१४ र १ तिमोथी ४:३[ख]-५ पदका खण्डहरूबाट जान्न पाएका छौं।

अन्यजातिका मानिसहरूले आफैआफ मरेको पशुको मासु खान पाउँथे; तर यहूदीहरूलाई यसो गर्न मनाही गरिएको थियो (व्यवस्था १४:२१[क])। आफैआफ मरेको पशुको मासु खाँदा तिनीहरूले व्यवस्था १२:२३ पदमा दिइएको आज्ञा उल्लङ्घन गर्नेथिए; किनभने त्यस पशुको मृत शरीरबाट त्यसको रगत नियमअनुसार निकालिएको हुनेथिएन।

**व्यवस्था १४:२१[ख]:** बाख्राको पाठोको मासु त्यसको माउको दूधसँग पकाउन मनाही गरिएको थियो। हुन सक्छ, सायद यो एउटा कनानीहरूको प्रथा भएको हुनुपर्ला। पेन्टटुकअन्तर्गत यो कुरा तीन पल्ट निषेध गरिएको छ। यसमा सहजज्ञानको कुरा छ; किनभने यस आज्ञाले मानिसहरूलाई विषाक्त खानेकुरा खानुबाट जोगाउँथ्यो; किनकि दूधको तर लागेको मासु छिट्टै बासी हुनु सम्भव थियो। यो कुरा छोड़ेर प्रमाणित भएको छ कि यी दुईवटा थोकहरू एकसाथ खानाले यिनमा भएको क्यालसियम रद्द गरिन्छ।

यही प्रतिबन्धबाट यहूदीहरूका धर्मगुरु-हरूले विभिन्न नियमहरू सृजना गरे; यसैले यहूदीहरूले मासुको निम्ति छुट्टै वर्तनहरू र दूधका खानेकुराहरूको निम्ति छुट्टै वर्तनहरू प्रयोग गर्ने गर्छन्।

### भ) व्यवस्था १४:२२-२९: दशांश

**व्यवस्था १४:२२-२७:** यस खण्डको सन्दर्भ दशांश दिने कुरा हो। यस विषयमा कुनै-कुनै टिप्पणीकारहरूको विचारमा, यस खण्डले लेवी २७:३०-३३ पदको खण्डसित सम्बन्ध राख्दैन, जहाँ पहिलो दशांशको कुरा गरिएको छ, जुन पहिलो दशांश सम्पूर्ण रूपले परमप्रभुको हुन्थ्यो र लेवीहरूलाई दिइन्थ्यो; इस्राएलीहरूले त्यसबाट कुनै थोक खान पाउँदैनथिए। तर यहाँ, यस खण्डमा अर्को दशांश, दोस्रो दशांशको विषयमा कुरा गरिएको बढ़ी सम्भव देखिन्छ, जसको नाम 'उत्सवको दशांश' भनिन्छ। यस दशांशबाट चढ़ाउने व्यक्ति आफैले पनि खान पाउँथ्यो।

यी दोस्रा दशांशहरूको विषयमा सामान्य नियम यस्तो हुन्थ्योः जुन ठाउँ परमेश्वरले आराधनाको केन्द्रको रूपमा नियुक्त गर्नुभयो, त्यस ठाउँमा यो दशांश ल्याइन्थ्यो। तर दशांश चढ़ाउने व्यक्तिको घरचाहिँ परमेश्वरले आफ्नो नाम राख्नुभएको ठाउँदेखि टाढ़ा रहेको थियो र उसले आफ्नो दशांशका थोकहरू बोकेर त्यहाँ ल्याउन सक्दैनथियो भने, उसले दशांशका थोकहरू बेचेर नगदमा परिणत गर्न पाउँथ्यो, र त्यो पैसा लिएर परमेश्वरको पवित्रस्थानमा जान पाउँथ्यो, र त्यहाँ खानेकुरा

र पिउने कुरा किनेर परमप्रभुको उपस्थितिमा खाँदै-पिउँदै आनन्द मनाउन पाउँथ्यो ।

व्यवस्था १४:२६ पदमा तपाईंले ख्याल गर्नुभयो होला, कि पवित्र बाइबलले रक्सीबाट पूरा अलग रहने शिक्षा दिएको छैन । तर यस विषयमा पवित्र बाइबलको शिक्षा यस प्रकारको छः हामी मात्तिनुहुँदैन; हामी मिताहारी, अँ, स्वल्पाहारी हुनुपर्छ; हामी आत्मसंयमी हुनुपर्छ; हामी कुनै कुलतमा पर्नुहुँदैन; अनि अरूलाई ठेस खुवाउने जुनसुकै कुराबाट हामी अलग रहनुपर्छ । दाखमद्य र मदिराको बीचको भिन्नता यसैमा छः दाखमद्य अङ्गुरबाट बनिन्छ; तर मदिराचाहिँ अन्न, फलफूल वा महबाट बनिन्छ ।

यो दोस्रो दशांश चढ़ाउने व्यक्ति कि त दशांश बोकेर, कि त त्यसको बराबरी पैदा बोकेर दुई वर्ष यस निर्धारित आराधनाको केन्द्रमा जानुपरेको थियो;

**व्यवस्था १४:२८-२९:** तर तेस्रो वर्षमा चाहिँ उसले यो दोस्रो दशांश आफ्नो ठाउँमा लेवी, परदेशी, टुहुरा-टुहुरी र विधवाहरूलाई खुवाउनको निम्ति उपयोग गर्ने गर्थ्यो। परमप्रभुले गरिब, दुःखी र खाँचोमा परेकाहरूलाई उच्च प्राथमिकता दिनुभएको हामी यहाँ फेरि एकपल्ट देख्छौं। *'जसले गरिबमाथि दया देखाउँछ, उसले परमप्रभुलाई सापट दिन्छ; अनि उसले जेजति दिएको छ, त्यो उहाँले उसलाई फिर्ता गरिदिनुहुन्छ'* (हितोपदेश १९:१७) ।

### ञ) व्यवस्था १५: ऋणी र कमाराकमारी-हरूप्रति गर्नुपर्ने व्यवहार

**व्यवस्था १५:१-३:** हरेक सातौं वर्षको अन्तमा इस्राएलीहरूको बीचमा सबै ऋणहरू माफ गरिनुपरेको थियो । अनि यो सम्भव छ, कि त्यो सातौं वर्ष र विश्राम-वर्ष एकै सालमा हुने गरी सँगै पर्ने गर्थे होलान्। तर जुन ऋणहरू विदेशीहरूले यहूदीहरूबाट लिएका थिए, ती ऋणहरू तिनीहरूले उनीहरूलाई माफ गर्नुपरेको थिएन। यो नियम केवल यहूदीहरूको बीचमा भएका ऋणहरूको लेनदेनको विषयमा लागू थियो। श्री मेथ्यू हेन्रीले यसको बारेमा निम्न टिप्पणी गरेका छन्ः

> 'हरेक सातौं वर्षचाहिँ छोड़िदिने वर्ष हुने गर्थ्यो, जुन वर्षमा जमिनले खनजोतबाट विश्राम लिन पाउँथ्यो र कमाराहरूले कामको बन्धनबाट छुटकारा पाउँथे; अनि त्यस वर्षका कल्याण-कार्यहरूमध्ये एउटाचाहिँ यो हुन्थ्योः ऋण दिने साहूहरूले ऋण लिएर यस वर्षको अन्तसम्म तिर्न नसक्नेहरूलाई माफ गर्नुपर्थ्यो । अनि हुन सक्छ, तिनीहरूमध्ये कसैको ऋण तिर्ने औकात थियो होला; तब के गर्ने ? जुन ऋण ऋणदाताले कहिल्यै कानुनी कारवाइद्वारा फेरि हासिल गर्न सक्दैनथियो, त्यो माफ दिएको ऋणले ऋणीको विवेकमा अवश्य काम गर्नेथियो र उसलाई त्यो ऋण पछिबाट तिर्न बाध्यता गराउनेथियो; यसमा शङ्का छैन ।' 7)

पवित्र धर्मशास्त्र बाइबलमा अङ्क 'सात' भरपूरी वा परिपूर्णता जनाउने संख्या हो । अनि समयको परिपूर्णतामा परमेश्वरले आफ्नो एकमात्र पुत्रलाई यस संसारमा पठाउनुभयो, र उहाँद्वारा हामीलाई पापहरूको क्षमाको घोषणा गर्नुभयो – अबदेखि 'छोड़िदिने वर्ष' केवल यहूदीहरूको निम्ति मात्र होइन, जसरी व्यवस्था १५:३ पदले भनेको छ, तर सबै मानिसहरूको निम्ति शुरु भएको हो ।

**व्यवस्था १५:४-६:** के चार पद र एघार पदको बीचमा मेल नखाने केही कुरा छ, जसरी कसै-कसैलाई यी पदहरूको बीचमा अमेल भएको लागेको छ ? व्यवस्था १५:४ पदले के अड़कल काटेको थियो भने, यस्तो एउटा समय हुनेथियो, जुन बेलामा देशमा कुनै गरिब मानिस हुनेथिएन क्यारे। तर व्यवस्था १५:११ पदले स्पष्टसँग बताएको छ,

कि देशमा सधैंभरि गरिब मानिसहरू हुनेथिए। यस सम्बन्धमा श्री हाइन्रिक बुल्लिङ्गरको टिप्पणी लाभदायक देखिन्छ, जसले यसो भनेका छन्ः

> ‘चार पदको अर्थ ‘‘तिनीहरूको बीचमा कोही पनि गरिब नहोस्’’ हुनुपर्ला ।’ 8)

अर्को शब्दमा भन्नु हो भने, यहूदीहरूले हरेक सातौं वर्षमा ऋणमा परेका आफ्ना दाजुभाइहरूलाई ऋण माफ गर्नुपर्नेथियो, यस हेतुले कि तिनीहरूको बीचमा कोही मानिस पनि निरन्तर गरिबीमा जिउनुपर्नेथिएन । अनि ऋणदाताको कुनै हानि-नोक्सानी हुने नै थिएन, किनभने परमेश्वरले ऋणदाताहरूलाई प्रचुर मात्रामा आशिष दिनुहुनेथियो । अनि व्यवस्था १५ःः११ पदको विषयमा कुरा यस्तो छः देशमा सधैं गरिब मानिसहरू हुनेथिए; किनकि कि त यहूदीहरूमाथि परमप्रभुको सजाय परेर यसो हुनेथियो, कि त तिनीहरूले खाँचोमा परेकाहरूमाथि टिठ्याएर यिनी-हरूसित बाँड्चुँड् गर्नुपर्छ भन्ने पाठ तिनीहरूले सिक्नुपर्नेथियो ।

**व्यवस्था १५ः७-११ः** ‘छोड्दिने वर्ष’ नजिक आइरहेको देखेर कसैले पनि त्यस वर्षमा सबै ऋणहरू रद्द हुने डरले प्रेरित भई गरिब इस्राएली दाजुभाइलाई रुपियाँपैसा सापट नदिनुहुँदैनथियो । व्यवस्था १५ः९ पद-अनुसार यस अवस्थामा सापट नदिने प्रेरणाचाहिँ नीच र दुष्ट विचारको फल भनिएको छ । यस सम्बन्धमा इतिहास साक्षी छ, कि यहूदीहरू आफ्ना जनहरूको वास्ता गर्ने जातिको रूपमा प्रसिद्ध भएका छन् । अनि जुन कुरा मोशाले व्यवस्था १५ः१० पदमा भने, त्यो कुरा प्रेरित पावलले २ कोरिन्थी ९ः७ पदमा पनि भनेका छन्ः *‘परमेश्वरले हर्षसाथ दिनेलाई प्रेम गर्नुहुन्छ ।’* यस पदमा लेखिएको कुरा एउटा आज्ञा हो; तर यति मात्र होइन, त्यो त एउटा प्रतिज्ञा पनि हो; किनभने परमेश्वर कसैको ऋणी हुनुहुन्न । *‘उदार चित्त भएको मन हृष्टपुष्ट पारिनेछ; अनि जसले अर्काको बारी सिँच्छ, त्यसको पनि सिँचिनेछ’* (हितोपदेश ११ः२५) ।

**व्यवस्था १५ः१२-१५ः** सातौं वर्षमा हिब्रू कमाराकमारी पनि स्वतन्त्र गरिनुपरेको थियो (व्यवस्था १५ः१२-१८) । तर यस अवसरमा यहूदी मालिकले उदार चित्तसँग कमाराको निम्ति प्रबन्ध गरी उसलाई पठाउनुपर्नेथियो, उसलाई रित्तै पठाउनुहुँदैनथियो । परमेश्वरले आफ्ना जनहरूलाई मिस्र देशको दासत्वदेखि निकालेर ल्याउनुभएको बेलामा उहाँले तिनी-हरूको निम्ति प्रशस्त गरी प्रबन्ध गरिदिनुभयो (प्रस्थान १२ः३५-३६) । अनि यही कारणले स्वतन्त्र गरिएको कमारा पनि रित्तो हात जानुहुँदैनथियो । आफ्ना जनहरूका निम्ति परमप्रभुको चाहना यही होः तिनीहरूले उहाँकै देखासिकी गरून्, अथवा उहाँको स्वर्ण नियमको परिभाषाअनुसार गरून्ः ‘जसरी प्रभुले तिमीसित व्यवहार गर्नुभयो, ठीक त्यसरी नै आफ्नो दाजुभाइसित गर !’

**व्यवस्था १५ः१६-१८ः** अर्कोतिर यसो गर्न पनि सम्भव थियोः कुनै कमाराले स्वतन्त्रता हुन इन्कार गर्न सक्नेथियो; उसले आफ्ना मालिकलाई प्रेम गरेर यसको ‘स्थायी सेवक’ बन्न सक्नेथियो । उसले मालिकको घरको ढोकामा आफ्नो कानको लोती सुतारीले छेंड्दिएर आफ्नो मनसाय प्रकट गर्नेथियो । ज्यालामा काम गर्ने नोकरको भन्दा कमाराको मूल्य दोबर गनिन्थ्यो ।

**व्यवस्था १५ः१९-२३ः** यहाँ, यस पदबाट शुरु भएर व्यवस्था १६ः१७ पदसम्म कतिवटा नियमहरू पेश गरिएका छन्, जुन नियमहरू परमप्रभुले आफ्नो नाम राख्नको निम्ति चुन्नुभएको ठाउँमा यहूदीहरूले पूरा गर्नुपर्ने-थियोः

**अ)** *व्यवस्था १५ः१९-२३ः* तिनीहरूले पहिले जन्मेका पशुहरू उहाँको निम्ति छुट्ट्याउनुपरेको थियो ।

तिनीहरूले शुद्ध पशुहरूबाट पहिले जन्मेको हरेक नरपशुचाहिँ परमप्रभुलाई चढ़ाउनुपरेको थियो; अनि मानिसहरूले उहाँको निम्ति चढ़ाइएका पशुहरूबाट आफ्नो हिस्सा खान पाउँथे; तर तिनीहरूले त्यसको रगत खानुहुँदैनथियो। परमप्रभुको निम्ति चढ़ाइएको बलिपशु विकृत हुनुहुँदैनथियो, तर पूरा निष्खोट हुनुपरेको थियो; किनभने तिनीहरूले परमेश्वरलाई सर्वोत्तम थोक दिनु-परेको थियो; उहाँको निम्ति सर्वोत्तम बाहेक अरू केही पनि चल्दैनथियो।

**आ)** *व्यवस्था १६:१-८:* तिनीहरूले निस्तार-चाड़ र अखमिरी रोटीहरूको चाड़ मान्नुपरेको थियो।

**इ)** *व्यवस्था १६:९-१२:* तिनीहरूले हप्ताहरूको चाड़ वा पेन्टेकोष्टको चाड़ मान्नुपरेको थियो।

**ई)** *व्यवस्था १६:१३-१७:* तिनीहरूले झुपड़ीहरूको चाड़ मान्नुपरेको थियो।

### ट) व्यवस्था १६: परमप्रभुका तीनवटा निर्धारित चाड़हरू

**व्यवस्था १६:१-८:** सोह्र अध्यायमा परमप्रभुका तीनवटा चाड़हरूको पुनर्विचार गरिएको छ, जुन चाड़हरूको निम्ति सबै इस्राएली पुरुषहरू हरेक वर्ष केन्द्रीय पवित्रस्थानमा जानुपरेको थियो। श्री डी. एल. मूडीले ती चाड़हरूको उद्देश्यको बारेमा यसो लेखेका छन्:

> 'यी पवित्र चाड़हरू निम्न उद्देश्यहरूको निम्ति दिइएका थिए:
>
> **क)** यी चाड़हरूले परमेश्वरका जनहरूलाई अन्य जातिहरूबाट छुट्ट्याउँथे।
>
> **ख)** यी चाड़हरूले तिनीहरूलाई तिनीहरूले अघिबाट पाइराखेका आशिषहरूको सम्झना सजीव र ताजा राख्थे।
>
> **ग)** यी चाड़हरू यी आशिषहरूको प्रतीक र चित्रण थिए, जुन आशिषहरू तिनीहरूले आउँदो समयमा ख्रीष्ट येशूबाट प्राप्त गर्नेथिए।
>
> **घ)** यी चाड़हरूले परमेश्वरका जनहरूलाई एकसाथ परमेश्वरको आराधना गर्न लाउँथे।
>
> **ङ)** यी चाड़हरूले परमेश्वरद्वारा निर्धारित गरिएको पवित्र सेवाको विशुद्धता कायम राख्न साथ दिन्थे।' [9]

निस्तार-चाड़ र अखमिरी रोटीहरूको चाड़ एकसाथ पर्ने गर्थे; अनि यी दुईवटा चाड़-हरूको बीचमा नजिकको सम्बन्ध थियो। निस्तार-चाड़को वर्णन व्यवस्था १६:१, २ र ४-७ पदमा दिइएको छ भने, अखमिरी रोटीहरूको चाड़को वर्णन व्यवस्था १६:३-४ र ८ पदमा दिइएको छ। यी चाड़हरू परमेश्वरले आफ्ना जनहरूको पक्षमा गर्नु-भएको त्राणको कामको सम्झना गराउन स्थापित भएका थिए। तर नयाँ नियमका विश्वासीहरूको निम्ति प्रभुभोजचाहिँ हरेक हप्ता मनाउने एउटा 'सम्झनाको चाड़' हो, जुन प्रभुभोजमा ख्रीष्ट येशू हाम्रो निस्तारको पाठो हाम्रो निम्ति बलि हुनुभयो भन्ने सम्झना गरिन्छ।

अखमिरी रोटीहरूको चाड़ले त्यस साक्षीको योग्य जीवनको चित्रण गर्छ, जुन प्रकारको उदाहरणीय जीवन, अँ, प्रशंसाले पूर्ण जीवन मुक्ति पाएकाहरूले जिउनुपर्छ, *'परमप्रभु तिम्रा परमेश्वरले तिमीलाई दिनु-भएको उहाँको आशिषअनुसार'* (व्यवस्था १६:१७); अनि उनीहरूले सबै प्रकारका वैरभाव र दुष्टतादेखि अलग रहेको जीवन जिउनुपर्छ (१ कोरिन्थी ५:८)।

यहाँ निस्तार-चाड़को सम्बन्धमा दिइएका कति बुँदाहरू प्रस्थान १२ र १३ अध्यायमा दिइएका बुँदाहरूभन्दा बेग्लै छन्, जस्तैः यस चाड़मा तिनीहरूले चढ़ाउन पाउने बलिपशुहरू फरक र यी बलिपशुहरू कुन ठाउँमा बलि गर्न पाउनेथिए, त्यो पनि फरक छ।

**व्यवस्था १६ः९-१२ः** गहुँको फसलको कटनीको शुरुमा, जब त्यसको पहिलो फल काटिन्थ्यो, तब हप्ताहरूको चाड़ अर्थात् पेन्टकोष्टको चाड़ मानिन्थ्यो। यस हप्ता-हरूको चाड़ले पवित्र आत्मालाई वरदानको रूपमा दिइएको कुरा चित्रण गर्छ। यो चाड़ हामी पहिलो फलको चाड़सँग खिचड़ी गर्नुहुँदैन, जुन पहिलो फलचाहिँ जौको पहिलो काटिएको बिटा थियो। त्यो पहिलो फलको चाड़ अखमिरी रोटीहरूको चाड़को दोस्रो दिनमा मानिन्थ्यो। *'आफ्नो हातको स्वेच्छा-दानको सौगात चढ़ाएर तिमीले परमप्रभु आफ्ना परमेश्वरको निम्ति हप्ताहरूको चाड़ मनाउनू, जुन सौगात तिमीले परमप्रभु आफ्ना परमेश्वरले तिमीलाई आशिष दिनुभएअनुसार दिनू !'* (व्यवस्था १६ः१०)। जुन स्वेच्छा-दान यस चाड़मा चढ़ाइन्थ्यो, त्यो स्वेच्छा-दान मानिसले पाएको आशिषअनुसारको मात्रामा चढ़ाउनुपर्थ्यो; अनि २ कोरिन्थी ८ र ९ अध्यायमा पनि ठीक त्यही कुरा सिकाइएको छ। हप्ताहरूको चाड़मा चढ़ाइने स्वेच्छा-दान फसलको अन्न हुन्थ्यो।

**व्यवस्था १६ः१३-१५ः** झुपड़ीहरूको चाड़ फसलको अन्तमा मनाइन्थ्यो; अनि यस चाड़ले त्यस आउँदो समयमाथि हाम्रो नजर लगाउँछ, जुन समयमा इस्राएली जाति फेरि आफ्नै देशमा बस्नेछ, ख्रीष्ट येशूको शासन-अधिकारमनि बस्नेछ।

**व्यवस्था १६ः१६-१७ः** वर्षमा तीन पल्ट सबै इस्राएली परूषहरू आफ्नो औकात-अनुसारको भेटी लिएर परमप्रभुको सामु देखा पर्नुपरेको थियो। श्री डी. एल. मूडीले सबै इस्राएली पुरुषहरू उपस्थित हुनुपर्ने यी तीनवटा चाड़हरूको आत्मिक अर्थ यस प्रकारले दिएका छन्ः

'निस्तार-चाड़, पेन्टेकोष्टको चाड़ र झुपड़ीहरूको चाड़ले त्राणको कामको हरेक भाग चित्रण गर्छन्, जस्तैः

**क)** निस्तार-चाड़ले त्यस दुःखकष्टको चित्रण गर्छ, जुन दुःखकष्ट ख्रीष्ट येशूले क्रूसको मृत्युमा सहनुभयो।

**ख)** पेन्टेकोष्टको चाड़ले पवित्र आत्माको आगमनद्वारा हामीलाई जुन अनुग्रह दिइएको छ, त्यो अनुग्रह चित्रण गर्छ।

**ग)** झुपड़ीहरूको चाड़ले त्यही महिमाको चित्रण गर्छ, जुन महिमा राजाहरूको महाराजको दोस्रो आगमनमा प्रकट हुनेछ, त्यस अन्तिम विजयोल्लासमा।' [10]

**व्यवस्था १६ः१८-२०ः** न्यायकर्ताहरू पूरा इमान्दार, धर्मी र निष्पक्ष हुनुपरेको थियो। यिनीहरूले कसैबाट कुनै घूस लिनुहुँदैनथियो; किनभने घूसले यिनीहरूलाई ठीक प्रकारको न्याय गर्नदेखि असक्षम तुल्याइदिनेथियो।

**व्यवस्था १६ः२१-२२ः** अशेराको मूर्ति एउटा काठको मूर्ति थियो, जुन काठको खाँबाचाहिँ शुक्र देवीको नाममा खड़ा गरियो। धन्न, परमप्रभुको वेदी अन्तिम आएर यरूशलेमको मन्दिरमा खड़ा गरिनेथियो, जहाँ कुनै रूख रोप्न सम्भव हुनेथिएन। तर के गर्ने ? त्यहाँ रूख रोप्न नसके ता पनि त्यो घिनलाग्दो अशेरा-मूर्तिचाहिँ भावी दिनमा परमप्रभुको मन्दिरमा खड़ा गरिनेथियो (२ राजा २३ः६)।

### ठ) व्यवस्था १७ः न्यायकर्ताहरू र राजाहरू

**व्यवस्था १७ः१ः** सबै बलिपशुहरू निष्खोट हुनुपरेको थियो। किनभने ती बलि-पशुहरूले पापरहित, खोटरहित परमेश्वरको थुमाको प्रतीक थिए।

**व्यवत्था १७ः२-७ः** कुनै व्यक्तिमाथि मूर्तिपूजाको आरोप भए त्यसको जाँचपड़ताल गरिन्थ्यो। त्यसलाई साबित तुल्याउन दुई कि तीनजना साक्षीको आवश्यकता पर्‍यो। मूर्तिपूजाको दोष साबित भयो भने, त्यस मानिसलाई ढुङ्गाले हानेर मारिन्थ्यो।

**व्यवस्था १७:८-१३:** कुनै शहरका बूढ़ा प्रधानहरूको निम्ति समाल्न गाह्रो परेको कुनै मामिला पेश गरियो भने उनीहरूले यो मुद्दा न्यायकर्ताकहाँ लानुपरेको थियो। व्यवस्था १७:९ पदचाहिँ १७:१२ र १९:१७ पदहरूसँग तुलना गर्दा के देखिन्छ भने, न्याय गर्ने पूजाहारीहरू र न्यायकर्ताहरूका विभिन्न टोलीहरू भएका लाग्छ, जसले ती कठिन मुद्दाहरू न्याय गर्ने गर्थे। व्यवस्था १७:१२ पदमा प्रधान पूजाहारी र सर्वोच्च न्यायकर्ताको विषयमा कुरा गरिएको हुनुपर्ला; किनभने यी दुवै शब्दहरूको सामु 'त्यस' भन्ने निश्चितार्थी विशेषण लगाइएका छन्। यसर्थ यी दुईजना यी टोलीका अगुवाहरू भएका हुनुपर्ला। परमेश्वरको पवित्रस्थान जहाँ खड़ा भएको थियो, त्यस ठाउँमा यो अदालत बस्दथियो। अनि त्यस अदालतले लिएको न्यायको फैसला स्थिर रहन्थ्यो, निर्णायक हुन्थ्यो। यो इस्राएलको सर्वोच्च न्यायालय थियो। जुन अपराधी ठहरिएको व्यक्तिले प्रधान पूजाहारीको वा सर्वोच्च न्यायकर्ताको फैसला अस्वीकार गर्थ्यो, त्यो व्यक्ति मारिन्थ्यो (व्यवस्था १७:१२-१३)।

**व्यवस्था १७:१४-२०:** मानिसहरूले राजाको माग गर्नेछन् भन्ने कुरा परमेश्वरले चार सय वर्षभन्दा अघि जान्नुभएको थियो। यसकारण उहाँले यी शासनकर्तामा हुनुपर्ने गुणहरू यस प्रकारले पेश गर्नुभयो:

**क)** *व्यवस्था १७:१५:* उनी परमेश्वरबाट चुनिएका मानिस हुनुपर्छ।

**ख)** *व्यवस्था १७:१५:* उनी इस्राएली हुनुपर्छ, अर्थात् उनी यहूदी दाजुभाइहरूको बीचबाट आएको हुनुपर्छ।

**ग)** *व्यवस्था १७:१६:* उनले घोड़ाहरूको संख्या बढ़ाउनुहुँदैन। आफ्ना शत्रुहरूमाथिको विजय यस प्रकारको लौकिक, भौतिक कुराहरूमाथि भर परेर होइन, तर परमप्रभुमाथि भरोसा गरेर उनले विजय प्राप्त गर्नुपर्छ।

**घ)** *व्यवस्था १७:१६:* उनले मानिसहरूलाई मिस्र देशमा फर्किजाने तुल्याउनुहुँदैन; किनभने मिस्र देशका घोड़ाहरूले तिनीहरूलाई कुनै हालतमा पनि लड़ाइँमा बचाउन सक्नेथिएनन्।

**ङ)** *व्यवस्था १७:१७:* उनले पत्नीहरूको संख्या बढ़ाउनुहुँदैन। एक त, उनलाई बहुविवाह मनाही गरिएको छ। अनि दुई, 'होशियार, नत्र ता यी पत्नीहरूले तिमीलाई मूर्तिपूजातिर भड्काउनेछन्' भनेर उनलाई चेताउनी दिइएको छ। अनि तीन, यस प्रकारको बिहेवारीमाथि पनि प्रतिबन्ध गरिएको हो, जुन बिहेवारीचाहिँ राजनीतिक दृष्टिकोणले गरिन्छ।

**च)** *व्यवस्था १७:१७:* उनले आफ्नो निम्ति धेरै सुन र चाँदी थुपार्नुहुँदैन; किनभने धनसम्पत्तिले उनलाई परमप्रभुमाथि भरोसा गर्नदेखि बहकाउन सक्छ।

**छ)** *व्यवस्था १७:१८-२०:* उनले परमप्रभुको व्यवस्थाको एक प्रति आफ्नो निम्ति लेख्नुपर्छ; उनले त्यो व्यवस्था पढ़्नुपर्छ र पालन गर्नुपर्छ; नत्र ता उनी घमण्डी, स्वेच्छाचारी बन्ने डर थियो। व्यवस्थामाथि ध्यान दिन राजाले निरन्तर समय निकाल्नुपर्छ र यसरी नै उनी मानिसहरूको उच्च नमुना र आदर्श बन्नुपर्छ।

**ज)** *व्यवस्था १७:२०:* उनी घमण्डले फुलिनुहुँदैन।

इस्राएली जातिको स्वर्ण समयमा राजा सुलेमानले तिनीहरूमाथि राज्य गरे, जसले प्रायः यी सबै निषेध आज्ञाहरू उल्लङ्घन गरे, र जसले यसरी नै आफैमाथि विनाश निम्त्याए

र आफ्नो राज्यको पतन गराए (१ राजा १०:१४-११:१०)।

### ङ) व्यवस्था १८: पूजाहारीहरू, लेवीहरू र अगमवक्ताहरू

**व्यवस्था १८:१-८:** यहाँ फेरि एकपल्ट पूजाहारीहरू र लेवीहरूप्रति परमेश्वरको वास्ता देखिन्छ; किनभने उनीहरूले कुलको रूपमा प्रतिज्ञाको देशमा कुनै अधिकारको भाग पाएनन्। यसकारण मानिसहरूले उनीहरूलाई सम्हाल्नुपरेको थियो। बलिपशुहरूबाट उनीहरूले पाउने हिस्सा यही थियोः बलि-पशुको पाता, दुईवटा गाला र भुँड़ी; अनि अन्न, दाखमद्य, तेल र ऊनबाट पहिलो फल उनीहरूको हुन्थ्यो।

व्यवस्था १८:६-८ पदको खण्डमा एकजना लेवीको कुरा गरिएको छ, जसले आफ्नो घरबार बेचेर परमेश्वरको सेवा गर्न उहाँले आफ्नो नाम राख्न चुन्नुभएको ठाउँमा बसाइ सर्छ। उसले अरू लेवीहरूसँग इस्राएलीहरूका भेटीहरूमा भाग पाउनुपरेको थियो, साथै आफ्नो बेचेको पैतृक सम्पत्तिको पूरा दाम पनि उसकै भएको थियो। याद रहोस्ः लेवीहरूले कुलको रूपमा प्रतिज्ञाको देशमा कुनै अधिकारको भाग नपाए तापनि आफ्नो निम्ति धनसम्पत्ति कमाउन र हासिल गर्न सक्थे।

**व्यवस्था १८:९-१४:** इस्राएलीहरूलाई गुप्तविद्या जान्ने मानिससँग सम्पर्क राख्न सशक्त मनाही थियो। यहाँ आत्मालोकसँग सम्पर्क गर्ने आठवटा माध्यमहरू दिइएका छन्; यी आठवटै माध्यमहरू परमेश्वरले 'घृणित कार्यहरू' भन्नुभएको छ, जस्तैः **क)** जादुविद्या वा बोक्सीविद्या जान्ने, **ख)** ज्योतिषविद्या जान्ने, वा जोखना र साइत हेर्ने, **ग)** शकुन बताउने, हात-रेखा हेर्ने, भावी भाग्य बताउने, बाबा र माताहरू, **घ)** तन्त्रमन्त्र गर्ने, टुनामुना गर्ने, झारफुके, धामी-झाँक्री, बिजुवा, बुङतिङ-लामा आदि, **ङ)** मोहनी लाउने, **च)** भूतप्रेत खेलाउने, दुष्ट आत्माको प्रभावमा परेर फलाक्ने वा अगमवाणी गर्ने, **छ)** बोक्सेरो-विद्या जान्ने अनि **ज)** मरेकाहरूलाई बोलाउने र मृतकहरूसित बातचित गर्ने। यी गुप्तविद्याका विभिन्न दुष्ट कलाहरूको बीचमा छुट्ट्याउन गाह्रो पर्ला।

तर दुःखको कुरा के हो भने, तीन हजार चार सय वर्षभन्दा अघि यी निषेधाज्ञाहरूलाई जति नै खाँचो परेको थियो, उत्तिकै यी निषेधाज्ञाहरूलाई 'प्रबुद्ध' भएको आधुनिक युगमा आवश्यक पर्छ। यस सम्बन्धमा श्री हेन्री जी. बोशले यसो लेखेका छनः

> 'शैतानवाद, दुष्ट आत्माहरू, भूतप्रेत र तान्त्रिक विद्या आदि अन्धकारका शक्तिहरू छन्, अशुभ कुराहरू हुन् – काल्पिक कुरा, इन्द्रजाल, जादुको खेल होइनन्। जादुविद्या, ज्योतिषशास्त्र र अन्य तान्त्रिक शक्तिहरू चलाउन जान्न खोज्ने गुप्तविद्यामा चारैतिर चासो के साह्रै बढ़ेको छ!? यसबाट हामी यस युगको अन्तमा आइपुगेको जान्दछौं। किनभने योचाहिँ अन्तका लक्षणहरूमध्ये एक हो। ... हजारौं मानिसहरूले हरेक दिन राशिफल हेर्ने गर्छन्, प्रेतात्मा-संवाद गोष्ठीमा भाग लिन्छन् वा आफ्ना मरेका प्रियहरूसँग सम्पर्क राख्न खोज्छन्। शैतानवाद र भूतप्रेतहरूमा मानिसहरूको चासो किन यत्रो? जब पवित्र बाइबलले घरिघरि हामीलाई "गुप्तविद्याका कुनै कला नचलाओ" भन्ने चेताउनी दिन्छ, जस्तैः लेवी १९:३१ र २०:२७; २ इतिहास ३३:६; यर्मिया १०:२; गलाती ५:१९-२०।
>
> यस विषयमा पवित्र धर्मशास्त्र बाइबलमा दिइएका यी चेताउनीहरू कति आवश्यक छन्, कति! यी चेताउनीहरू अलिकति पनि पुराना भएका रहेनछन्। हामी त्यस्ता अन्धकारका कुराहरूसँग खेलबाड़ नगरौं! नत्र ता कतै हामी काललाई पो चुम्बन गर्न पुग्छौं कि?' [11)]

यस सम्बन्धमा *'परमप्रभु आफ्ना परमेश्‍वरको सामु सिद्ध होऊ'* भन्ने अर्थ के हो त? यी मनाही गरिएका संचार, यी निषेध गरिएका सम्पर्कको सम्बन्धमा हामी त्यस बेलामा निर्दोष ठहरिन्छौं, जुन बेलामा हामी केवल परमेश्‍वरको वाणीतिर आफ्नो कान थाप्छौं र उहाँको मात्र सोर सुन्छौं (व्यवस्था १८:१३)।

**व्यवस्था १८:१५-१९:** यहाँ आकाश-पातालको फरक छः उक्त तान्त्रिक अगुवा-हरूको दुष्टता ठूलो छ; तर व्यवस्था १८:१५ पदमा एउटा परमसुन्दर भविष्यवाणी पेश गरिएको छः किनकि यी गुप्तविद्या चलाउने-हरूको ठीक विपरीतमा ख्रीष्ट येशू हुनुहुन्छ; उहाँ परमेश्‍वरको साँचो भविष्यवक्ता हुनुहुन्छ (प्रेरित ३:२२-२३)। व्यवस्था १८:१५, १७ र १९ पदमा यी भविष्यवक्ताको विषयमा दिइएको वर्णनमाथि विचार लगाउनुहोस्ः

**क)** एक भविष्यवक्ता खड़ा हुनेछन्; भविष्यवक्ता भन्नाले परमेश्‍वरको वचन बोल्ने प्रवक्ता बुझ्नुपर्छ।

**ख)** तिनी इस्राएलीहरूको बीचबाट खड़ा हुनेछन्; यसो हो भने, तिनी एकजना मानिस हुनेछन्।

**ग)** तिनी तिनीहरूको दाजुभाइहरूबाट खड़ा हुनेछन्; तिनी यहूदी मानिस हुनेछन्।

**घ)** तिनी मोशाजस्तै हुनेछन्; जसरी परमेश्‍वरले मोशालाई खड़ा गर्नुभयो, त्यसरी नै उहाँले ती भविष्यवक्तालाई पनि खड़ा गर्नुहुनेछ।

**ङ)** *'म आफ्ना वचनहरू तिनको मुखमा हाल्नेछु'*; यसर्थ ती भविष्यवक्ता आत्माको प्रेरणाले परिपूर्ण हुनेछन्।

च) *'अनि म तिनलाई जे-जे आज्ञा गर्नेछु, ती सबै कुराहरू तिनले तिनीहरूलाई भन्नेछन्;'* यसर्थ तिनको भविष्यवाणी ईश्‍वरीय प्रकाशले परिपूर्ण हुनेछ।

छ) *'हरेक जसले मेरा वचनहरू सुन्दैन, जुनचाहिँ तिनले मेरो नाममा बोल्नेछन्, त्यसबाट म यसको लेखा लिनेछु।'* तिनले बोलेका कुराहरू सुन्ने र तिनको आज्ञापालन गर्ने उत्तरदायित्व सबै मानिसहरूको कर्तव्य हुँदो रहेछ।

यस खण्डमा अरू के शिक्षा दिइएको छ भने, ती भविष्यवक्ताले परमेश्‍वर र मानिसको बीचमा मध्यस्थको सेवा गर्नेछन्। सिनाई पर्वतमा मानिसहरू यति साह्रै डराएका थिए; यसकारण तिनीहरूले परमेश्‍वरलाई 'हामीसँग आफै नबोल्नुहोस् र हामीले त्यो भस्म पार्ने आगो फेरि देख्नु नपरोस्' भन्ने विन्ती गरे; किनकि तिनीहरूलाई तत्कालै मरिजानुपर्ने डर लागेको थियो। तिनीहरूको यही विन्तीको उत्तरमा परमेश्‍वरले ख्रीष्ट येशूलाई मध्यस्थको रूपमा पठाइदिने प्रतिज्ञा गर्नुभयो। यस खण्डमा ख्रीष्ट येशू यहूदीहरूको आशा हुनुहुनेछ भन्ने अर्थ सही हो भन्ने कुरा हामी कसरी जान्ने त? यस खण्डको वास्तविक अर्थ यही हो भन्ने कुरा सुसमाचारका पुस्तकहरूबाट सुस्पष्ट देखिन्छ (यूहन्ना ६:१४ र ७:४०)।

**व्यवस्था १८:२०-२२:** अब झूटा अगमवक्ताहरूको कुरा आयोः झूटा अगम-वक्ताहरूलाई विभिन्न तरिकाहरूले खुट्ट्याउन सकिन्छ। हामीले अघिबाटै सिकिसक्यौं, कि झूटा अगमवक्ताहरूले मानिसहरूलाई एकमात्र सत्य परमेश्‍वरको सेवा-आराधना गर्नदेखि भड्काएर मूर्तिपूजातिर लैजान खोज्छन् (व्यवस्था १३:१-५)। अनि यहाँ यस्ताहरूलाई खुट्ट्याउन सक्ने अर्को तरिका पनि दिइएको छः त्यस झूटो अगमवक्ताले गरेको पूर्वकथन पूरा हुन आएन भने तिनीहरूले त्यस अगमवक्तालाई मृत्युदण्ड दिनुपर्नेथियो, र त्यसले तिनीहरूमाथि सम्भवतः लगाउन सक्ने श्रापसँग डराउनु-पर्दैनथियो।

### ढ) व्यवस्था १९ः अपराधीहरूमाथि लागू हुने कानुन

**व्यवस्था १९ः१-१०ः** यहाँसम्म तीनवटा शरणनगरहरू यर्दन नदीको पूर्वपट्टि स्थापित भइसकेका थिए। यसकारण मोशाले मानिसहरूलाई 'यर्दन नदीको पश्चिमपट्टि पनि ठीक-ठीक ठाउँमा तीनवटा शहरहरू ठहराओ' भन्ने कुरा सम्झना गराए, ताकि हत्या गर्ने मानिसले रगतको बदला लिने मानिसदेखि सजिलै भागेर त्यहाँ शरण लिन सकोस् (व्यवस्था १९ः१-७)। यदि इस्राएलीहरूले प्रतिज्ञा गरिएको जम्मै देश कब्जा गरे भने यस निर्देशनमा अझ एउटा प्रबन्ध थपिनेथियोः तिनीहरूले अझै तीनवटा शरणनगरहरू छुट्ट्याउनुपर्नेथियो (व्यवस्था १९ः८-१०)। तर यी तीनवटा थप शरणनगरहरूको विषयमा हामी फेरि कहिल्यै पढ्दैनौं; किनभने इस्राएली जातिले उत्पत्ति १५ः१८ पदमा प्रतिज्ञा गरिएको जम्मै देश कहिल्यै अधिकार गरेन। यर्दन नदीको पश्चिमपट्टि निर्धारित गरिएका तीनवटा शरणनगरहरू केदेश, हेब्रोन र शेकेम हुन् (यहोशू २०ः७)।

**व्यवस्ता १९ः११-१३ः** शरणनगरले कुनै हत्यारा साबित भएको कुनै व्यक्तिलाई सुरक्षा दिँदैनथियो। ती शरणनगरहरूमध्ये कुनै एउटामा त्यो भागेर गए तापनि यस शरणनगरका बूढ़ा प्रधानहरूले त्यसको कुरा केरकार गर्नुपर्थ्यो। अनि त्यो हत्यारा ठहरियो भने, तिनीहरूले त्यसलाई रगतको बदला लिने मानिसको हातमा सुम्पिदिनु थियो।

**व्यवस्था १९ः१४ः** यहाँ सिमाना-ढुङ्गाको कुरा आयोः सिमाना-ढुङ्गा भन्नाले कुनै व्यक्तिको जमिनको सिमाना छुट्ट्याउन राखिएको ढुङ्गा बुझिन्छ। कसैले राति आएर ती सिमाना-ढुङ्गाहरू सारेर आफ्नो जमिन बढ़ाउनु सम्भव थियो; यसरी त्यसले आफ्नो छिमेकीको सिमाना मिच्नेथियो। तर शरणनगरहरूको विषयमा लेखिएको खण्ड र साँचो-झूटा गवाहीहरूको सम्बन्धमा अपनाउनुपर्ने कानुनी कारवाइको बारेमा लेखिएको खण्डको बीचमा यो पद किन हालियो, सो हामीलाई भन्न गाह्रो छ; तरै पनि यस पदबाट पाइने शिक्षा सुस्पष्ट छ। हुन सक्छ, जमिनको विषयमा उठेको झगड़ाबाट हत्या हुने सम्भवना जारी थियो कि ?

**व्यवस्था १९ः१५-२१ः** कसैमाथि मुद्दा लगाउनको निम्ति एकजनाले दिएको साक्षी पर्याप्त थिएन; यसो गर्न दुई वा तीन साक्षीहरू हुनु आवश्यक थियो। झूटो साक्षी दिने व्यक्तिलाई पूजाहारीहरू र न्यायकर्ताहरूको सामु पेश गरिन्थ्यो र उनीहरूद्वारा त्यसको न्याय जाँच हुनु थियो (व्यवस्था १७ः१८-१९)। त्यसले आफ्नो झूटो गवाहीद्वारा अरू कसैलाई जेजस्तो गर्न खोज्यो, ठीक त्यही सजाय त्यसलाई दिइन्थ्यो (व्यवस्था १९ः१६-२१)।

पश्चिमी मुलुकमा 'आँखाको बदलामा आँखा' र 'दाँतको बदलामा दाँत' भन्ने नियम ल्याटिन भाषाअनुसार 'लेक्स् टलिओनिस्' अर्थात् 'प्रतिशोधी कानुन' भनिन्छ। मानिसहरूले यो साटो फेर्ने नियम कति क्रूर नियम हो भन्छन्; तर वास्तवमा, यस नियमले कसैलाई क्रूरै हुने छुट दिँदैन, तर बरु अपराधीलाई दिइने सजायमाथि सीमा पो लगाइदिन्छ। यस खण्डको सन्दर्भमा यस नियमले झूटो साक्षीमाथि लगाउनुपर्ने सजाय के हो, सो पूर्वनिर्धारित गर्थ्यो।

### ण) व्यवस्था २०ः लड़ाइँको सम्बन्धमा दिइएको नियमावली

**व्यवस्था २०ः१-८ः** यो बीस अध्याय परमेश्वरका जनहरूको निम्ति लड़ाइँको नियमावली हो। पूजाहारीहरूले शत्रुहरूसित

भिड्न लड़ाइँमा उत्रन लागेका सैनिकहरूलाई उत्साह दिनुपरेको थियो; यो उनीहरूको जिम्मेवारी थियो। लड़ाइँमा जानदेखि कति मानिसहरूलाई छुट हुन्थ्यो, जस्तैः **क)** तिनीहरू, जसले भर्खरै एउटा नयाँ घर बनाएका थिए; **ख)** तिनीहरू, जसले भर्खरै एउटा दाखबारी लगाएका थिए, तर त्यसबाट कुनै फल खान पाएका थिएनन्; **ग)** तिनीहरू, जसले भर्खरै एउटी कन्यालाई मगनी गरेका थिए, तर उससितको विवाह सुसम्पन्न भएको थिएन; अनि **घ)** तिनीहरू, जो डरछेरुवा थिए र जसको हृदय हताश भएको थियो।

> 'यहूदी लेखकहरू यस कुरामा सहमत छन् कि यस किसिमको घर फर्कन पाउने छुट केवल ती लड़ाइँहरूमा मात्र दिइन्थ्यो, जुनचाहिँ इस्राएलीहरूले स्वेच्छाले गर्ने गर्थे; तर अमालेकी र कनानीहरूसित जस्तै ईश्वरीय आदेशअनुसार तोकिएका लड़ाइँहरूमा कसैलाई छुट हुँदैनथियो, हरेक पुरुषलाई लड़ाइँमा जाने बाध्यता हुन्थ्यो रे।' [12]

**व्यवस्था २०:९:** हरेक असल सेना संगठित हुन्छ, र सिपाहीहरूको बीचमा विभिन्न दर्जाहरू हुन्छन्; ठीक त्यस्तै यहाँ अधिकारीहरूले सिपाहीहरूलाई अगुवाइ गर्ने सेनापति र कप्तानहरूलाई नियुक्त गरे।

**व्यवस्था २०:१०-२०:** इस्राएली जातिले अपनाउनुपर्ने लड़ाइँ गर्ने रणनीति अरू जातिहरूको जस्तै थिएन, तर भिन्नै थियो; किनभने तिनीहरूले परमप्रभुको निर्देशन-अनुसार लड़ाइँ गर्नुपरेको थियो। ती भिन्नता-हरूले नै इस्राएलीहरू प्रेमिलो परमेश्वरको अधीनस्त पवित्र जाति हुन् भन्ने चिनारी दिन्थे। लड़ाइँ गर्नु आवश्यक थियो; तर परमप्रभुले लड़ाइँबाट पैदा हुने हानि र खराबीहरू नियन्त्रणमा राख्नुहुनेथियो। तपाईंले अश्शूरी-हरू[13] र अरू जातिहरूले लड़ाइँ गर्दा अपनाएका क्रूर व्यवहारहरू अध्ययन गर्नुभयो भने, तपाईंले यहाँ प्रस्तुत गरिएका ईश्वरीय आदेशहरूको प्रशंसा गर्नुहुनेथियो। इस्राएली-हरूले लड़ाइँ कसरी गर्नुपर्नेथियो, सो सम्बन्धमा दिइएका निर्देशनहरूअनुसार तिनी-हरूले निम्न भिन्नताहरू कायम राख्नुपरेको कुरामाथि ध्यान दिनुहोस्ः

**क)** *व्यवस्था २०:१०-१८:* तिनीहरूले टाढ़ा र नजिकका शहरहरूको बीचमा छुट्ट्याउनुपरेको थियो। कनान देशमा भएका शहरहरूका मानिसहरू यति भ्रष्ट र नीच थिए, कि यिनीहरूबाट इस्राएलीहरूलाई आसन्न खतरा आउँथ्यो; यी शहरहरू नष्ट पारिन योग्य थिए। तर यी शहरहरू छोड़ेर अरू शहरहरू पनि थिए, जुन शहरहरूसँग इस्राएलीहरूले पहिले शान्तिको प्रस्ताव राख्नुपरेको थियो; किनभने ती शहरहरू नष्ट पारिनुपर्ने जातिहरूका थिएनन्, तर अब्राहाम-सँग प्रतिज्ञा गरिएको क्षेत्रभित्र परे। जुन शहरले शान्तिको प्रस्ताव स्वीकार गरेन, इस्राएलीहरूले त्यस शहरमा भएका सबै पुरुषहरूलाई मार्नुपरेको थियो, तर स्त्रीहरू र केटाकेटीहरूलाई जिउँदै राख्नुपरेको थियो। किनकि ती शहरहरूबाट इस्राएलीहरूलाई दूषित हुने यति ठूलो खतरा आउँदैनथियो, जत्तिकै खतरा इस्राएली जातिलाई दिइएको सिमानाभित्र भएका शहरहरूबाट आउँथ्यो।

**ख)** *व्यवस्था २०:१९-२०:* तिनीहरूले फल दिने र फल नदिने रूखहरूको बीचमा छुट्ट्याउनुपरेको थियो। यस आदेशद्वारा भन्न खोजेको कुरा यही होः इस्राएलीहरूले लड़ाइँ गर्दा तबाही रणनीति अपनाउन पाउँदैनथिए। तिनीहरूले काम लाग्ने थोकहरू बचाइ-राख्नुपरेको थियो; तिनीहरूले देशमा जथाभाबी विध्वंसन गर्नुहुँदैनथियो।

### त) व्यवस्था २१-२५ः विभिन्न नियमहरू

**अ)** व्यवस्था २१:१-९ः कसैको मृत्यु हत्या थियो कि थिएन, सो कुरा समाधान हुन नसक्दा गरिने प्रायश्चित्त यस्तो थियोः देशमा

कुनै मारिएको मानिस फेला पर्‍यो, र त्यसको हत्याराको पत्ता पाइएन भने, त्यस मरेको मानिसलाई फेला परेको ठाउँको नजिकको शहरका बूढ़ा प्रधानहरूले त्यस व्यक्तिको खातिर प्रायश्चित्त गर्नु आवश्यक थियो। यसको निम्ति तिनीहरूले एउटा कोरली बग्ने खोला भएको बेंसीमा लगेर मार्नुपरेको थियो। तिनीहरूले आफ्ना हातहरू कोरलीमाथि धोएर यस अपराधमा केही हात नभएको, तर बिलकुल निर्दोष भएको कुरा स्वीकार गरे; यसैले तिनीहरूले 'त्यस रगतको दोष हामीमाथि नलागोस्' भनेर अर्जविन्ती गर्नुपरेको थियो। यस सम्बन्धमा रक्तपातको दोष कसको थियो, सो सुनिश्चित हुन नसके ता पनि यस विषयमा समष्टिगत दोष त थियो, जसको निम्ति उक्त कारबाही गर्नुपरेको थियो। किनभने देश जुनै हालतमा पनि यस रगतको दोषबाट शुद्ध अर्थात् मुक्त पार्नुपरेको थियो। अनि मारिएको मानिस जहाँ फेला परेको थियो, त्यस ठाउँको नजिकको शहरले यो जिम्मावारी उठाउनुपरेको थियो।

एकजना अज्ञात भाइले व्यवस्था २०:१-९ पदको खण्डको शीर्षक यसरी राखेका छन्: 'आफ्नो पुत्रको विषयमा परमेश्वरले गर्नुभएको ठूलो न्यायिक अनुसन्धान'। किनभने इस्राएली जातिलाई ख्रीष्टको हत्यारूपी मृत्युको सम्बन्धमा रगतको दोष लागेको थियो, र तिनीहरू त्यस रगतको दोषबाट उचित तरिकाले मुक्त हुनुपरेको थियो।

### आ) व्यवस्था २१:१०-१४: लड़ाइँमा कब्जा गरिएका स्त्री कैदीहरू

इस्राएली मानिसले लड़ाइँमा कब्जा भएकी एउटी सुन्दरी स्त्रीलाई विवाह गर्न पाउँथ्यो; तर पहिले त्यस स्त्रीले विधिवत् शुद्धीकरण गर्नुपरेको थियो र एक महिना अलग बस्नुपरेको थियो। तर याद रहोस्: यस खण्डमा पेश गरिएको नियम कनान देशका स्त्रीहरूको विषयमा लागू थिएन। तर यस प्रकारको विवाहको निम्ति एउटा परीक्षण-काल दिइएको थियो; यदि इस्राएली मानिस त्यस स्त्रीसित सन्तुष्ट थिएन भने उसले त्यस स्त्रीलाई छोड़िदिन सक्यो। तर उसले त्यस स्त्रीलाई अर्कोको हात बेच्न पाउँदैनथियो र त्यससँग नीच व्यवहार देखाउन पाउँदैनथियो।

### इ) व्यवस्था २१:१५-१७: पहिले जन्मेका-हरूको अधिकार

एउटी अवहेलित पत्नीबाट जन्मेको छोराचाहिँ पहिले जन्मेको छोरा थियो भने, त्यस छोराबाट आफ्नो जन्मसिद्ध अधिकार खोस्न सकिँदैनथियो। यी पदहरू लिएर कसैले पनि परमेश्वरले बहुविवाहको अनुमोदन गर्नुभएको कुरा दावी गर्नुहुँदैन। यहाँ कुरा अर्को छः बहुविवाह भएको खण्डमा उहाँले पहिले जन्मेको छोराको अधिकार सुरक्षित राख्नुभयो; बस् यति हो।

कहिलेकाहीं परमेश्वरले आफ्नो सर्वाधिकारमा परिवारको जेठा छोरालाई छोड़ेर कान्छोलाई आशीर्वाद दिनुहुँदो रहेछ। याकूब र एसाव अथवा एप्रैम र मनस्सेको विषयमा कुरा यस्तो थियो। तर यो कुरा यहाँ प्रस्तुत गरिएको नियमदेखि बाहिरको कुरा हो; किनभने परमेश्वरले आफ्नो इच्छाअनुसार कसैलाई आशिष दिन चुन्नुहुन्छ, अँ, चुन्न पाउनुहुन्छ।

### ई) व्यवस्था २१:१८-२१: हठी र विद्रोही छोराहरूसित अपनाउनुपर्ने व्यवहार

शहरका बूढ़ा प्रधानहरूद्वारा एउटा विद्रोही छोराको विद्रोहको दोष साबित भएपछि त्यो ढुङ्गाले हानेर मारिन्थ्यो। यो व्यवहार र लूकाको सुसमाचारको पन्ध्र अध्यायमा बयान

गरिएको उड़न्ता पुत्रलाई दिइएको न्यानो स्वागतको बीचमा तुलना गर्नुहोस् !

### उ) व्यवस्था २१ः२२-२३ः झुन्ड्याइएका अपराधीहरूको मृत शरीरहरू

यस खण्डले निश्चय नै ख्रीष्ट येशूको सङ्केत गर्दछ । उहाँ निर्दोष हुनुहुन्थ्यो, तरैपनि उहाँ एउटा रूखमा झुन्ड्याइनुभयो । उहाँले त्यो श्राप सहनुभयो, जुन श्राप हामीले पाउनुपर्नेथियो । उहाँको मृत शरीर क्रूसमा रातभरि राख्न दिइएन । यसको सन्दर्भ तपाईंले यूहन्ना १९ः३१ पदमा हेर्नुहोला ।

मारिनुभएको थुमालाई धन्यवाद, प्रशंसा र महिमा भएको होस्,
जसले क्रूसको कष्ट सहेर आफ्नो प्राणको मूल्यमा हामीलाई दाम तिरेर छुट्टाउनुभयो;

मारिनुभएको थुमालाई आदर, वैभव र पराक्रम भइरहोस्, जो आफ्नो पुत्रीय अधिकारअनुसार सिंहासनमाथि विराजमान हुनुहुन्छ,
उहाँलाई नै स्वर्ग र पृथ्वीमाथि सारा अधिकार दिइएको छ ।

श्री जेम्स मन्टगोमेरी

### ऊ) व्यवस्था २२ः१-२२ः नौवटा व्यावहारिक नियमहरू

**व्यवस्था २२ः१-३ः** यस अध्यायमा लेवी १९ः१८ पदको व्याख्या बढ़ाउँदै लगिएको छ । किनकि यहाँ, यस खण्डमा *'आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर'* भन्ने सामान्य आज्ञाको विस्तार भएको छ । किनभने तिनीहरूले आफ्ना शत्रुहरूसँग पनि छिमेकीलाई गरेझैं व्यवहार देखाउन आवश्यक थियो (प्रस्थान २३ः४-५) । यसो हो भने, कुनै इस्राएलीलाई आफ्नो छिमेकीले अर्थात् आफ्नो दाजुभाइले हराएको पशुप्रणी, वस्त्र वा कुनै थोकको वास्ता नराख्ने अनुमति थिएन । कसैले यसको दावी नगरुन्जेल उसले त्यो भेट्टाएको थोक आफ्नो घरमा लगेर राख्नुपरेको थियो ।

**व्यवस्था २२ः४ः** इस्राएलीहरूलाई आफ्नो छिमेकीको पशु बाटोमा लड़ेको देखेपछि त्यसलाई उठाउनमा सहायता पुर्‍याउनुपर्ने बाध्यता पनि थियो ।

**व्यवस्था २२ः५ः** पुरुषले स्त्रीको, र त्यसै गरी स्त्रीले पुरुषको वस्त्र पहिरिनुहुँदैनथियो । परमेश्वर विपरीत लिङ्गको वस्त्र पहिरिने चलन घृणा गर्नुहुन्छ ।

**व्यवस्था २२ः६-७ः** तिनीहरूले चराको गुँड़बाट त्यसका बच्चाहरू लैजान पाउँथे, तर माउ-चरालाई छोड़िदिनुपर्थ्यो, यस हेतुले कि त्यसले अरू बच्चाहरू उत्पन्न गरिरहन सकोस् ।

**व्यवस्था २२ः८ः** घरको कौसीबाट कोही पनि मानिस नलड़ोस् भन्ने उद्देश्यले तिनीहरूले घरको समतल छतको वरिपरि बार लगाउनुपर्थ्यो । किनभने घरको छानामा मानिसहरू भेला हुन्थे, आपसमा सङ्गति गर्ने गर्थे । । यसबाट हामीले यो पनि सिकौंः हाम्रा नानीहरू र हाम्रा निष्फिक्री जवान छोराछोरीहरूको सङ्गति पहरा दिनु खाँचो छ ।

**व्यवस्था २२ः९-११ः** यहूदीहरूलाई निम्न कुराहरू गर्न मनाही गरिएको थियोः

**क)** तिनीहरूले दाखबारीमा दुई थरीका बीउहरू छर्नुहुँदैनथियो ।

**ख)** तिनीहरूले गोरु गधासँग नारेर जोत्नुहुँदैनथियो । किनकि गोरु शुद्ध पशु थियो भने, गधाचाहिँ एउटा अशुद्ध पशु थियो ।

**ग)** तिनीहरूले सुती र ऊनको धागोले मिसिएर बनेको वस्त्र पहिरनुहुँदैनथियो ।

'आफ्नो दाखबारीमा दुई किसिमका बीउ लगाउनुहुँदैन' भन्ने पहिलो निषेधाज्ञाले के सङ्केत गराउँछ भने, परमेश्वरको वचनको विशुद्ध शिक्षामा केही कुरा थप्नुहुँदैन । अनि 'शुद्ध र अशुद्ध पशु एकसाथ ननार्नू' भन्ने दोस्रो निषेधाज्ञाले विवाहको सम्बन्धमा र सेवा-

सङ्गतिको सम्बन्धमा हामी कुनै असमान जुवामनि आउनुहुँदैन भन्ने अर्थ लिन्छ भने; अनि 'सुती र ऊनले बनेको लुगा नलगाउनू' भन्ने तेस्रो निषेधाज्ञाले ख्रीष्ट-विश्वासीको जीवन र व्यवहार दुवै धर्म र अधर्मले बुनेकोजस्तै हुनुहुँदैन ।

**व्यवस्था २२ः१२ः** यहूदीहरूले आफ्नो वस्त्रका चारै कुनाहरूमा झुम्काहरू लगाउनुपर्थ्यो; तिनीहरूले सदैव परमप्रभुको आज्ञापालन गर्नुपर्छ भन्ने नित्य सम्झना दिलाउनु यी झुम्काहरूको काम थियो (गन्ती १५ः१७-४१) । तिनीहरूले यी झुम्काहरू कुन उद्देश्यले बनाउनुपरेको थियो, सो सुस्पष्ट रूपले गन्ती १५ः३७-४१ पदको खण्डमा बताइएको छ ।

### ओ) व्यवस्था २२ः१३-३०ः कुमारीपनको विरुद्ध हुने अपराधहरू

**व्यवस्था २२ः१३-२१ः** यस अनुच्छेदमा कुरा यस्तो छः यहाँ एकजना मानिस छ, जसले एउटी केटीलाई विवाह गरिसकेपछि त्यसको कुमारीपनको विषयमा शङ्का गर्छ । हुन सक्छ, कुमारीपनको प्रमाणस्वरूप विवाहको ओछ्यानमा भएको सुती कपड़ामा विवाहको पहिले रातमा यस कन्यासित स्त्री-प्रसङ्ग गर्दा छोड़िएका दागहरू मानिनुपर्ला होला ।[14] यस केटीका बुबा कि यसकी आमाले यसको कुमारीपनको प्रमाण प्रस्तुत गर्न सके भने, त्यस शङ्कालु पतिलाई सजाय दिइयो, त्यसलाई चाँदीको एक सय शेकेल जरिवाना लगाइयो र त्यसले यस विवाह गरेको स्त्रीसँग विवाहको बन्धन कायम राख्नुपर्‍यो । तर यस केटीले विवाह गर्नुभन्दा पहिले व्यभिचार गरेकी फेला पर्‍यो भने यो केटी ढुङ्गाले हानेर मारियो ।

**व्यवस्था २२ः२२-३०ः** यस अध्यायको बाँकी भागको सन्दर्भचाहिँ विभिन्न प्रकारले गरिएको व्यभिचार हो, जस्तैः

**क)** परस्त्रीगमन र परपुरुषगमन पक्रा परेका स्त्री र पुरुष दुवै ढुङ्गाले हानेर मारिन्थे ।

**ख)** यदि शहरभित्र कुनै पुरुषले एउटी मगनी भइसकेकी स्त्रीलाई बलात्कार गर्‍यो, तर त्यो स्त्री आफ्नो बचाउको निम्ति कराइन भने, यी दुवैजना दोषी ठहरिन्थे, र तिनीहरूले यी दुवैलाई ढुङ्गाले हानेर मार्नुपर्थ्यो ।

**ग)** तर कुनै पुरुषले एउटी मगनी भइसकेकी स्त्रीलाई एकान्त ठाउँमा भेट्टाएर त्यसलाई बलात्कार गर्‍यो भने, जहाँ कसैले त्यस स्त्रीको गोहार मागेको चिच्च्याहट सुन्न सक्दैनथियो, यसो भएको खण्डमा पुरुष मात्र ढुङ्गाले हानेर मारिन्थ्यो, तर स्त्रीचाहिँ निर्दोष ठहरिन्थी ।

**घ)** कन्यासँग सम्भोग गर्ने पुरुषले कन्याको बुबालाई चाँदीको पचास शेकेल तिर्नुको साथै त्यस कन्यालाई विवाह पनि गर्न आवश्यक थियो ।

**ङ)** अनि व्यवस्था २२ः३० पदले कौटुम्बिक व्यभिचार र गोत्रगमन अर्थात् रगतको साइनु लाग्ने वा आफ्नै परिवारको सदस्यसँग गरिने सम्भोगमाथि प्रतिबन्ध लगाएको छ ।

### औ) व्यवस्था २३ः१-८ः परमप्रभुको सभामा प्रवेश गर्नदेखि वञ्चित भएकाहरू

निम्न व्यक्तिहरूले परमप्रभुको सभामा पस्न पाउँदैनथिए; परमप्रभुको सभामा पस्न नपाउनु भनेको यी मानिसहरूले नागरिकको पूरा अधिकार उपभोग गर्न पाउँदैनथिए; तिनीहरूले परमप्रभुको आराधना गर्न नजिक जान पाउँदैनथिए ।

**क)** त्यो मानिस, जसको गुप्त अङ्गमा चोट लागेको वा त्यो काटिएको छ ।

**ख)** अवैध वैवाहिक सम्बन्धबाट[15] जन्मेको ठिमाहा ।

**ग)** अम्मोनी वा मोआबी ।

**घ)** एदोमी वा मिस्री ।

व्यवस्था २३:४ पदले के भन्छ भने, मोआबीहरूले इस्राएलीहरूलाई रोटी र पानी लिएर भेटेका थिएनन्। तर व्यवस्था २:२९ पदले बताएअनुसार कोही मोआबीहरूले यहूदीहरूलाई खाद्यान्न बेचे भन्ने सुझाउ दिन्छ। यस सम्बन्धमा कुरा यस्तो छः 'रोटी र पानी लिएर भेट्नु' भनेको 'अथितिलाई दिने न्यानो सत्कार गर्नु' हो। अनि निस्सन्देह मोआबीहरूले यसो गर्दैनथिए।

कुनै नपुंसकले परमप्रभुको सभामा पस्न पाउँदैनथियो। दसौं पुस्तासम्म अवैध वैवाहिक सम्बन्धबाट जन्मेको कुनै ठिमाहा, कुनै मोआबी र कुनै अम्मोनी परमप्रभुको सभामा प्रवेश गर्नदेखि वञ्चित हुन्थ्यो। तर एदोमी र मिस्री मानिसले तीन पुस्तापछि सभामा पस्न पाए। तर हरेक नियममा अपवादहरू छन्। उदाहरणको निम्ति, जब कुनै व्यक्तिले परमप्रभुको खोजी गरेको थियो, तब ऊ यस नियमबाट छुट पायो। अनि दाऊदका शूरवीरहरूमध्ये कोही अम्मोनी र मोआबीहरू थिए (१ इतिहास ११:३९ र ४६)। कसैको विचारमा, यस प्रकारको बहिष्कार केवल पुरुषहरूमा लागू हुन्थ्यो; यसकारण मोआबी रूथमाथि यो नियम लागू भएन। फेरि अरू भाइहरू छन्, जसले 'दसौं पुस्तासम्म' भन्ने वाक्यांशमा भावात्मक भाषा छ भन्छन्, जसको अर्थ 'कहिल्यै हुँदैन' हो।

### औं) व्यवस्था २३:९-१४: छाउनीमा कायम राख्नुपर्ने, अनिवार्य हुनुपर्ने शुद्धता

व्यवस्था २३:९ पदले त्यही मानिसलाई चेताउनी दिन्छ, जो फौजी भएर घरदेखि टाढ़ा बसेको छ, अनि यस अवस्थामा पापको परीक्षामा पर्न सक्छ। हुन सक्छ, यस पदले व्यवस्था २३:१०-१४ पदको खण्डको भूमिका दिन खोजेको होला।

यहाँ स्वप्नदोषको विषयमा प्रस्तुत गरिएको नियमबाट के बुझिन्छ भने, परमेश्वरको दृष्टिमा जीवन उत्पादन गर्ने प्रजनन कति पवित्र कुरा रहेछ।

हरेक सिपाहीले छाउनी शुद्ध कायम राख्नको निम्ति आफ्ना हातहतियारहरूको साथमा एउटा खन्ती पनि बोक्नुपर्थ्यो; किनभने दिसा बसेपछि उसले मलमुत्र तत्कालै माटोले पुरिहाल्नुपर्थ्यो। इतिहासभरि सबै सेनाहरूले यो साधारण नियम पालन गरेका भए, तिनीहरूले धेरै चोटि महामारी फैलिने खतरा टार्न सक्नेथिए।

### अः) व्यवस्था २३:१५-२५: सामाजिक र धार्मिक नियमहरू

**व्यवस्था २३:१५-१६:** आफ्नो मालिकबाट उम्केको कमारालाई तिनीहरूले फेरि उसको मालिकको हातमा सुम्पनुहुँदैनथियो। यसरी नै इस्राएली जाति अत्याचारमा परेकाहरूको निम्ति शरणस्थल बन्नेथियो।

**व्यवस्था २३:१७-१८:** प्रतिज्ञाको देशमा वेश्या वा पुरुष-वेश्याको निम्ति कुनै ठावैं थिएन। यस देशले यस्ताहरूलाई सहन सक्दैनथियो। अनि वेश्याको कमाइ भाकलको रूपमा कहिल्यै परमप्रभुको भवनमा ल्याइनुहुँदैनथियो। अनि यहाँ, यस ठाउँमा 'कुकुरको दाम'को अर्थ पुरुष-वेश्याको निम्ति तिर्नुपर्ने रकम हो।

**व्यवस्था २३:१९-२०:** एकजना यहूदीले आफ्नो यहूदी दाजुभाइसँग ब्याजमा ऋण दिन मनाही थियो। तिनीहरूले विदेशीबाट ब्याज लिन पाउँथे। प्रस्थान २२:२५ पदमा गरिब यहूदीको विषयमा पेश गरिएको नियम यहाँ बढ़ाइएको छ। किनभने त्यहाँ तिनीहरूले आफ्नो जातिको कुनै गरिब दाजुभाइमाथि कुनै ब्याज नलगाउने आदेश पाइसके।

**व्यवस्था २३:२१-२३:** कुनै भाकल गर्नु हो भने, तिनीहरूले भाकल स्वेच्छाले गर्नुपर्थ्यो। कसैले पनि भाकल गर्नुपर्दैनथियो; तर

कुनै भाकल गरिसकेपछि मानिसले त्यो भाकल पूरा गर्ने बाध्यता रहन्थ्यो ।

**व्यवस्था २३:२४-२५:** यात्रीहरूलाई बाटोमा जाँदै गरेको बेलामा दाखबारीबाट अङ्गुर टिपेर खाने अनुमति हुन्थ्यो; तर तिनीहरूले कति पनि अङ्गुर भाँड़ामा हालेर लैजान पाउँदैनथिए। ठीक यसरी नै तिनीहरूले अन्नमाथि हँसिया नचलाईकन हातले बटुल्न सके जति मात्र अन्न लैजान पाउँथे। हाम्रा प्रभु येशूको जमानामा उहाँका बाह्रजना चेलाहरूले यस नियमबाट फाइदा उठाए (मर्कूस २:२३)।

### ऋ) व्यवस्था २४:१-५: सम्बन्ध-विच्छेद, त्यागपत्र र पुनर्विवाह

कुनै मानिसले आफ्नी पत्नीमा केही अशुद्धता भेट्टायो भने, त्यसले उसलाई एउटा लिखित त्याग-पत्र दिएर छुटानाम गर्न पाउँथ्यो। यसो गरेर त्यो स्त्री फेरि कसैसँग विवाह गर्न स्वतन्त्र हुन्थी। तर उसको दोस्रो पतिको मृत्यु भयो भने, अथवा त्यसले पनि उसलाई त्याग-पत्र दियो भने, उसको विवाह पहिलो पतिसँग फेरि हुनु सम्भव थिएन; यसो गर्न उसलाई मनाही थियो। परमप्रभुले इस्राएली जातिलाई पनि त्याग-पत्र दिनुभयो (यर्मिया ३:१-८)। तर भविष्यमा इस्राएली जाति आफ्नो अविश्वासयोग्यताबाट शुद्ध पारिनेछ; त्यसपछि परमप्रभुले यस जातिलाई फेरि आफ्नी पत्नीको रूपमा ग्रहण गर्नुहुनेछ। अहो, परमेश्‍वरको अगाध प्रेमको गहिराइ कति हो कति ! ! प्रेम पाउन नालायकलाई प्रेम गर्न उहाँ कति झुक्नुहुन्छ कति ! !

### अअ) व्यवस्था २४:५-२५:४: विभिन्न सामाजिक नियमहरू

**व्यवस्था २४:५:** भर्खरै विवाह गरेको पुरुषचाहिँ विवाहको पहिलो वर्षभरि लड़ाइँमा जानुपर्दैनथियो। यस नियमले उसलाई विवाहको सम्बन्ध विकसित गर्नुको साथै आफ्नो परिवार शुरु गर्ने समय प्रदान गर्दथियो। किनभने ऊ लड़ाइँमा गएर मर्‍यो भने, उसको नाम इस्राएलबाट हराउनेथियो, उसको नजिकको नातेदारले उसको निम्ति सन्तान खड़ा गरेन भने।

'छुटाउने कुटुम्ब'[16] भन्नाले मरेको मानिसको सबैभन्दा नजिकको नातेदार बुझिन्छ, जोचाहिँ त्यस विधवालाई विवाह गर्न सक्षम र राजी हुन्थ्यो। अनि यस विवाहको सम्बन्धबाट जन्मेको पहिलो बालक मृतकको उत्तराधिकारी हुन्थ्यो। यस नियमले परिवारको नाम कायम राख्थ्यो, साथै यसरी नै मरेको मानिसको अधिकारको भाग पनि त्यही परिवारमा रहन्थ्यो।

**व्यवस्था २४:६:** कुनै व्यापारको लेन-देनमा ऋण लागेको व्यक्तिको घरबाट जाँतोको तल्लो वा माथिल्लो फग्ल्याँटो धरौटी वा बन्धकको रूपमा लैजान मनाही गरिएको थियो; किनभने यसो गर्नाले ऋणदाताले अन्न पिँध्ने साधन लिएर ऋण लिने व्यक्तिको जीवन खतम पार्नेथियो।

**व्यवस्था २४:७:** अपहरणकर्ता वा कमारा-कामारीलाई किनबेच गर्ने मानिसलाई मृत्युदण्ड दिइन्थ्यो।

**व्यवस्था २४:८-९:** कोर रोगको प्रकोपमा परेको खण्डमा तिनीहरूले लेवीहरूलाई पहिले नै दिइएका निर्देशनहरू अनुसरण गर्नुपर्थ्यो। यसमा मरियमको सम्झनाले जन-चेतना खोल्ने काम गर्नुपरेको थियो।

**व्यवस्था २४:१०-१३:** सापट तिर्न नसक्ने मानिसको घरमा पसेर त्यहाँबाट धरौटीको रूपमा कुनै सामान निकाल्नुहुँदैनथियो। अनि त्यो मानिस अति गरिब भएको कारणले त्यसले आफ्नो ओढ्ने वस्त्र धरौटीको रूपमा दिइपठायो भने, ऋणदाताले

त्यसको वस्त्र हरेक साँझमा फर्काइदिनुपर्थ्यो, ताकि त्यसले त्यो लुगा ओढ़ेर सुत्न सकोस् ।

**व्यवस्था २४:१४-१५:** ज्यालादारी नोकरको ज्याला त्यही दिनमा, घाम अस्ताउनुभन्दा अघि नै दिइहाल्नुपर्थ्यो ।

**व्यवस्ता २४:१६:** कुनै पनि मानिसलाई अर्को मानिसको पापको खातिर मृत्युदण्ड दिनुहुँदैनथियो ।

**व्यवस्था २४:१७-२२:** अनि तिनीहरूले परदेशी, टुहुरा र विधवाहरूको निम्ति सठीक न्याय कायम राख्नुपर्थ्यो । तिनीहरूले आफ्नो बारीबाट फसल उठाउँदा एउटै अन्नको बाला नराखीकन त्यसको सम्पूर्ण फसल उठाउनुहुँदैनथियो । तर तिनीहरूले सिलाबाला टुहुरा र असहायहरूको निम्ति छोड्नुपर्थ्यो । अनि यही नियम जैतुन र अङ्गुरको विषयमा पनि लागू हुन्थ्यो । यसको विषयमा श्री रोनाल्ड साइडरले टिप्पणी गरेर यसो भनेका छन्:

> 'तिनीहरूले मिस्र देशमा सहेका अत्याचार र गरिबीको सम्झनाले तिनीहरूलाई उदारचित्तसँग फसलको सिलाबाला गरिब परदेशी, विधवा र टुहुराटुहुरीहरूको निम्ति छोड़िदिने तुल्याउनुपर्थ्यो ।' 17)

जब श्री जोहन न्यूटनले ख्रीष्ट येशूमा नयाँ जन्म पाए, तब तिनले व्यवस्था २४:२२ पदका शब्दहरू ठूला अक्षरमा एउटा कागजमा लेखे, र त्यो कगाज अगेनुमाथि झुन्ड्याए; यसरी नै यी शब्दहरूको नित्य सम्झना तिनको मनमा जारी रहन सक्यो ।

**व्यवस्था २५:१-३:** झगड़ा गर्ने मानिसको दोष साबित भयो भने, त्यसलाई चालीसभन्दा बढ़ी पल्ट कुटाइ खान लाउनुहुँदैनथियो । यसकारण यहूदीहरूले प्रायः उनन्चालीस पल्ट मात्र पिटाइ लगाउने गर्थे, नत्र ता तिनीहरूलाई गन्तीमा तलमाथि गरेर यो नियम भङ्ग गरिपठाउने डर हुन्थ्यो (२ कोरिन्थी ११:२४) ।

**व्यवस्था २५:४:** दाइँ गर्ने गोरुको मुखमा मोहोला नलगाईकन तिनीहरूले त्यसलाई केही अन्न खान दिनुपर्थ्यो । प्रेरित पावलले यो पद १ कोरिन्थी ९:९-११ पदको खण्डमा पेश गरेको शिक्षाको आधार तुल्याए, जब तिनले 'हामीले आत्मिक क्षेत्रमा परिश्रम गर्ने मानिसको ख्याल गर्नुपर्छ र उसलाई हाम्रा भौतिक कुराहरूमा भागी तुल्याउनुपर्छ' भन्ने कुरा सिकाए। यसरी नै प्रेरित पावलले हामीलाई यस नियमभित्र आत्मिक अर्थ रहेको कुरा बताएका छन्। यस पदले भन्न खोजेको कुराको अक्षरशः अर्थ सुदृढ़ रहन्छ । तर प्रेरित पावलले भन्न चाहेको तात्पर्य के हो भने, धेरै पल्ट परमेश्वरको वचनको धरातलमनि कुनै न कुनै आत्मिक पाठ लुकेर रहेको हुन्छ भन्ने कुरा स्पष्ट छ। परमेश्वरको वचन परिश्रमसाथ अध्ययन गर्ने व्यक्तिले महत्त्वपूर्ण आत्मिक पाठहरू खोजेर निकालिहाल्छ र यी पाठहरूद्वारा भन्न खोजेको कुरामाथि ध्यान दिन्छ ।

### आआ) व्यवस्था २५:५-१०: वंश कायम राख्ने कौटुम्बिक विवाहको नियम

यदि कुनै इस्राएली मानिस छोराहीन भएर मऱ्यो भने, उसको नाम इस्राएली जातिबाट लोप भएर जाने डर थियो, र उसको अधिकारको भाग उसको परिवारको हातबाट फुस्कने खतरा थियो। यसकारण मरेको व्यक्तिको भाइले यस विधवालाई विवाह गर्नुपरेको थियो । यस प्रकारको देवर-विवाह उहिलेका धेरै जातिहरूमा पाइन्थ्यो । मृतकको भाइले यसो गर्न अस्वीकार गरेको खण्डमा यस विधवाले शहरका बूढ़ा प्रधानहरूकहाँ गएर यो कुरा बताउनुपरेको थियो । तब यसको देवरलाई यी बूढ़ा प्रधानहरूको सामु बोलाइन्थ्यो र त्यसले आफ्नो अनिच्छा मानिलिनुपरेको थियो। देवर आफ्नो अस्वीकृतिमा अड़िरह्यो भने, यस विधवाले

यी बूढ़ा प्रधानहरूको सामु त्यसको एउटा चप्पल खोलेर त्यसको अनुहारमा थुकिदिई। अनि त्यस दिनदेखि त्यसले आफ्नो दाजुको वंश कायम राख्न अस्वीकार गरेको कारणले त्यसले 'चप्पल फुकालिएको मानिसको घराना' भन्ने निन्दात्मक नाम कमायो।

लेवी २०:२१ पदले यहूदी मानिसलाई आफ्नो दाजुकी वा आफ्नो भाइकी पत्नीलाई विवाह गर्न मनाही गरेको छ, तर यहाँ आएर उसलाई यसको विवाह गर्ने आज्ञा गरिएको छ। लेवीको पुस्तकको खण्डको सन्दर्भ दाजु जीवित रहेको अवस्था हो भने, व्यवस्थाको पुस्तकको यस खण्डको सन्दर्भ कसैको दाजुको मृत्यु भइसकेर उसको निस्सन्तान भएको अवस्था हो।

### इइ) व्यवस्था २५:११-१९: तीन विभिन्न नियमहरू

**व्यवस्था २५:११-१२:** दुईजना मानिसहरूले आपसमा झगड़ा गरिरहेको बेलामा के भयो भने, एकजनाकी पत्नीले बीचमा पस्दै अर्को मानिसको गुप्त अङ्ग समाती भने, त्यसको समात्ने हात काटिनुपर्थ्यो। त्यसले गरेकी अनुचित कामद्वारा त्यो चोट लागेको मानिस निस्सन्तान रहने खतरा भएको कारणले त्यसलाई यस प्रकारको कड़ा दण्ड दिइन्थ्यो।

**व्यवस्था २५:१३-१६:** किनबेच अथवा लेनदेनमा सठीक किसिमका ढक र तराजु, माना, पाथी इत्यादि राख्नु आवश्यक थियो। किनभने यस्तो हुन्थ्योः मानिसहरूसँग मालसामान किन्दा एक किसिमको र मालसामान बेच्दा अर्को किसिमको नापजोख गर्ने सामग्रीहरू प्रयोग गर्थे। तर यो छली काम परमप्रभुको दृष्टिमा घृणित थियो।

**व्यवस्ता २५:१७-१९:** अमालेकीहरूको विश्वासघात र निर्दयताको कारणले इस्राएलीहरूले यिनीहरूलाई नामनिशान नहुने गरी नाश गर्नुपर्नेथियो (प्रस्थान १७:८-१६)। *'तिमीले यो कुरा नबिर्स!'* भनेर परमेश्वरले इस्राएलीहरूलाई आज्ञा गर्नुभयो; किनभने तिनीहरूले यो कुरा भुल्न सम्भव थियो, अनि तिनीहरूले यो कुरा भुले पनि। राजा शाऊलले आफ्नो शासनकालमा अमालेकीहरूलाई पूरा नष्ट गरेनन्, र यसरी परमप्रभुको आज्ञा उल्लङ्घन गरे (१ शमूएल १५:)। अनि इतिहास साक्षी छः राजा हिजकियाको शासनकालमा मात्र *'तिनीहरूले उम्केका बाँकी अमालेकीहरूलाई प्रहार गरे'* (१ इतिहास ४:४३)।

## थ) व्यवस्था २६: विभिन्न संस्कारहरू र नियम पारित हुने तरिकाहरू

### अ) व्यवस्था २६:१-११: पहिलो फलको नियम

मानिसहरू कनान देशमा स्थायी रूपले बस्न थालेपछि तिनीहरू परमेश्वरले आफ्नो नाम राख्नको निम्ति छान्नुभएको पवित्रस्थानमा जानुपर्नेथियो र तिनीहरूले आफ्नो जमिनले उब्जाएका सबै अन्नबालिको पहिलो फल पूजाहारीको सामु प्रस्तुत गर्नुपर्नेथियो। यसरी नै तिनीहरूले खुशीसाथ परमेश्वरले तिनीहरूको निम्ति गर्नुभएको उपकार स्वीकार गर्ने मौका पाउनेथिए। परमप्रभुको उपस्थितिमा तिनीहरूले उहाँले तिनीहरूसँग गर्नुभएको अनुग्रहले पूर्ण व्यवहारको बेलीबिस्तार गर्नुपर्नेथियो। तिनीहरूले आफ्ना पुर्खा याकूब, ती घुमन्ते-फिरन्ते अरामी मानिसबाट कुरा शुरु गरेर तिनीहरूले उहाँको सामु मिस्र देशमा सहनुपरेको कठोर दासत्वको सम्झना गर्नु थियो, साथै त्यहाँबाट परमेश्वरको हातद्वारा पाएको शक्तिशाली छुटकाराको स्मरण गर्नु थियो। अन्तमा तिनीहरूले दूध र मह बग्ने देश कसरी

अधिकार गरे, सो कुरा बताउनुपर्नेथियो। यस प्रस्तुतिमा श्री फिलिप केल्लरले आफ्नो रङ्ग र रस थपेर यो कुरा यसरी सजीव वर्णन गरेका छन्ः

> 'पवित्र धर्मशास्त्र बाइबलमा प्रतिज्ञाको देश बयान गर्दा यसलाई सधैं "दूध र मह बग्ने देश" भनिएको छ। अनि इस्राएलीहरूलाई मिस्र देशबाट निकालेर यस दूध र मह बग्ने देशभित्र ल्याउन परमेश्वरले सकभर प्रयास गर्नुभयो। "दूध र मह बग्ने देश" भनेर यहाँ साङ्केतिक भाषा प्रयोग गरिएको छ; यति मात्र होइन, तर निस्सन्देह वैज्ञानिक भाषा पनि प्रयोग गरिएको छ। किनकि कृषि शब्दावलीमा हामी पनि चरमसीमामा पुगेका बसन्त ऋतु र ग्रीष्म ऋतुको सन्दर्भमा 'दूध बग्ने' र 'मह बग्ने' शब्द चलाउने गर्छौं। किनभने त्यस बेलामा खर्कहरू हरिया घाँस र फूलहरूले ढकमक्क भरेको अवस्थामा हुन्छन्। तब गाईबस्तुहरूले प्रशस्त घाँसको आहार पाउँछन्, र मौरीहरू फूलका फूलहरूको रस बटुल्न आउँछन्। यही अवस्था "दूध र मह बगेको" भनिन्छ। यसर्थ दूध र मह बग्ने देश त्यो हो, जसमा प्रशस्त हरियो खाइलाग्दा खर्कहरू पाइन्छन्। अनि जब परमेश्वरले इस्राएलीहरूलाई यस प्रकारको देशको विषयमा कुरा गर्नुभयो, तब उहाँले आफ्ना जनहरूको निम्ति आनन्दले, विजयले र पूरा सन्तुष्टिले भरिपूर्ण भएको प्रशस्त जीवन देखेर यसो भन्नुभएको हो।' [18)]

**आ) व्यवस्था २६ः१२-१५ः तेस्रो वर्षमा चढ़ाइने दशांशको विधि**

अघि पहिलो फलको कुरा गरिएको थियो भने, त्यसमाथि थपेर यहूदीहरूले यहाँ दोस्रो दशांश पनि चढ़ाउनुपर्नेथियो। यस दोस्रो दशांशको नाम 'उत्सवको दशांश' भनिन्छ; अनि यो दोस्रो दशांशचाहिँ हरेक तेस्रो वर्षमा लेवी, परदेशी, टुहुराटुहुरी र विधवाहरूसित बाँड़चुँड़ गरिनु थियो। यो दशांश तिनीहरूले आफ्ना बस्ने ठाउँहरूमा खाँचोमा परेका-हरूसित बाँड्नुपर्नेथियो। त्यस बेलामा तिनीहरूले यसो भनेर परमप्रभुको सामु यस दशांशको सम्बन्धमा स्वीकार गर्नु थियोः *'तपाईंले मलाई आज्ञा गर्नुभएका सबै कुरा-हरूअनुसार मैले गरेको छु।'*

**इ) व्यवस्था २६ः१६-१९ः करार पारित गर्ने एकमात्र तरिका**

मानिसहरूले परमप्रभुका चालहरूमा हिँड्ने प्रण दिएको कारणले उहाँले तिनी-हरूलाई आफ्नै विशेष जातिको रूपमा स्वीकार गर्नुभयो र तिनीहरूलाई अरू सबै जातिहरूभन्दा उच्च पार्नेछु भन्ने प्रतिज्ञा गर्नुभयो। परमेश्वरले तिनीहरूलाई अरू जातिहरूबाट अलग गर्नुभएको कारणले तिनीहरू एउटा पवित्र जाति भए; किनकि तिनीहरूमा पवित्रताको कुनै सद्‌गुण छँदै-थिएन। इस्राएल परमप्रभुको विशिष्ट धन भएको कारणले तिनीहरू पृथ्वीमाथि भएका अरू सबै जातिहरूभन्दा बेग्लै थिए। तिनी-हरूले परमेश्वरबाट यत्रो मान पाएको माग के थियो? तिनीहरूले उहाँका सबै आज्ञाहरू पालन गर्नुपर्थ्यो। तिनीहरूको समुचित प्रति-क्रिया यही हुनेथियो।

**द) व्यवस्था २७-२८ः श्राप र आशिषहरू**

**व्यवस्था २७ः१-८ः** इस्राएलीहरू यर्दन नदी तरेर प्रतिज्ञाको देशभित्र पसेपछि, तिनीहरूले त्यहाँ ठूला-ठूला ढुङ्गाहरू स्मारकको रूपमा खड़ा गरेर र चुनाले लिपेर ती ढुङ्गाहरूमाथि व्यवस्थाका सबै वचनहरू लेख्नुपर्नेथियो। यी स्मारक-ढुङ्गाहरू तिनी-हरूले एबाल पहाड़माथि खड़ा गर्नुपर्नेथियो, साथै नकाटिएका ढुङ्गाहरू लिएर तिनीहरूले त्यहाँ परमप्रभुको निम्ति एउटा वेदी बनाउनुपर्नेथियो, जुन वेदीका ढुङ्गाहरूमाथि कुनै फलामको हतियार लाग्नुहुँदैनथियो।

**व्यवस्था २७ः९-१०ः** *'हे इस्राएल, चुप लागेर सुन ! आजको दिनमा तिमी परमप्रभु आफ्ना परमेश्‍वरको प्रजा भएका छौ ।'* यहूदीहरू अघिदेखि नै परमेश्‍वरका जनहरू त थिए; यो उहाँको रोजी थियो । तर अबचाहिँ तिनीहरू प्रतिज्ञाको देशभित्र प्रवेश गर्न लागेका थिए । अब विशेष अर्थमा तिनीहरू उहाँको प्रजा भए । उहाँले तिनीहरूलाई देखाउनुभएको कृपादृष्टिको माग तिनीहरूको प्रेमले पूर्ण आज्ञाकारिता थियो ।

**व्यवस्था २७ः११-१३ः** इस्राएलीहरूका छवटा कुलहरू गेरिजीम पहाड़माथि खड़ा भएर त्यहाँ उच्चारण गरिएका आशीर्वादहरू पुष्टि गर्न 'आमेन' अर्थात् 'तथास्तु', 'यस्तै होस्' भन्नको निम्ति नियुक्त भए । यी छवटा कुलहरूचाहिँ लेआ र राहेलबाट जन्मेका याकूबका सन्तानहरू थिए । अनि बाँकी छवटा कुलहरू एबाल पहाड़माथि श्रापहरू पुष्टि गर्नको निम्ति उभिनुपर्नेथियो । तपाईंले यहाँ एप्रैम-कुल र मनस्से-कुलका नामहरू अलग-अलग गरी नलिइएको तर त्यसको सट्टामा यूसुफको कुल सूचिमा हालिएको कुरामाथि ध्यान दिनुहोला । रूबेन याकूबको जेठा छोरा थिए; तिनले आफ्नो जन्मसिद्ध ज्येष्ठ-अधिकार गुमाए, र जबूलून, जो लेआको कान्छा छोरा थिए, यी दुईजनाका कुलहरू एबाल पहाड़माथि दासीहरूबाट जन्मेका छोराहरूका कुलहरूको साथमा कड़ा हुनेथिए । याकूबका प्रिय मानिएका छोराहरूका सबै कुलहरू गेरिजीम पहाड़माथि उभिनेथिए ।

**व्यवस्था २७ः१४-१६ः** अनि लेवीहरूचाहिँ ? यिनीहरूको विषयमा व्यवस्था २७ः९ पदमा पढ्नुहोस् ! यिनीहरू यी दुईवटा पहाड़हरूको बीचमा भएको बेंसीमा उभिनेथिए । अनि जब यिनीहरूले श्रापहरू र आशीर्वादहरू घोषणा गर्नेथिए, तब मानिसहरूले पुष्टिमा 'आमेन !' भन्नुपर्नेथियो । व्यवस्था २७ः१५-२६ पदको खण्डमा श्रापहरू उल्लेख गरिएका छन् । मूर्तिपूजा गर्ने मानिसमाथि आउने श्राप, बुबाआमाप्रति अनादर देखाउनेमाथि आउने श्राप, जमिनको साँधसिमाना सारेर बेइमानी गर्नेमाथि आउने श्राप, अन्धालाई धोका दिनेमाथि आउने श्राप, परदेशी, अनाथ र गरिबहरूबाट फाइदा उठाउनेमाथि आउने श्राप, विभिन्न गोत्रगमन र कौटुम्बिक व्यभिचार गर्नेमाथि र पशुगमन गर्नेमाथि आउने श्राप, गुप्तमा छिमेकीको हत्या गर्नेमाथि र घूस लिएर निर्दोषको हत्या गर्नेमाथि आउने श्राप र परमेश्‍वरको व्यवस्था उल्लङ्घन गर्नेमाथि आउने श्राप – यी सबै श्रापहरू घोषणा गरिनेथिए ।

यहोशू ८ः३० पददेखिको खण्डमा आएर यो समारोह इतिहासमा पूरा भयो । यसमा याद गर्नुहोस्ः मोशाले यहोशूलाई दिएका सबै आदेशहरूअनुसार यहोशूले कति होशियारसाथ यो कार्यक्रम पूरा गरे ।

अर्को कुरा पनि याद गर्नु लायकको छः यस सत्ताइस अध्यायमा श्रापहरू मात्र उल्लेख गरिएका छन्; यसमा महत्त्व छ । किनभने प्रेरित पावलले हामीलाई स्मरण गराएका छन् कि *'जतिजना व्यवस्थाका कामहरूबाटका हुन्, तिनीहरू सबैजना श्रापमनि छन्'* (गलाती ३ः१०) । तब स्पष्ट छः इस्राएलीहरूले व्यवस्था उल्लङ्घन गर्ने नै थिए; यति मात्र होइन, तर तिनीहरू नियमित रूपले श्रापमनि हुन्थे ।

**व्यवस्था २८ः१-१४ः** यसको पहिलो पद व्यवस्था छब्बीस अध्यायको अन्तमा लेखिएको पदसित आफ्नो सम्बन्ध जोड्छ, जहाँ लेखिएको थियोः *'तब उहाँले तिमीलाई प्रशंसामा, नाममा र महिमामा आफूले बनाउनुभएका सबै जातिहरूभन्दा उच्च पार्नुहुनेछ'*; किनकि यहाँ फेरि यही कुरा दोहोरिएको छः *'परमप्रभु तिम्रा परमेश्‍वरले तिमीलाई पृथ्वीका सबै जातिहरूभन्दा उच्च*

*पार्नुहुनेछ।'* यसो हो भने, हामीले व्यवस्थाको पुस्तकको सत्ताइस अध्याय बीचमा हालिएको कोष्ठकबद्ध लेख सम्झनुपर्ला। धेरै बाइबल-विद्यार्थीहरूलाई के लागेको छ भने, व्यवस्था २८:३-६ पदको खण्डमा उल्लेख गरिएका आशिषहरू र गेरिजीम पहाड़मा उद्‍घोषणा गरिएका आशीर्वादहरू एकै होइनन्; तर यहाँ मोशाले यस अध्यायभरि भविष्यमा इस्राएलीहरूमाथि के-के आइपर्नेछ, सो विषयमा कुरा गरे जस्तै देखिन्छ। व्यवस्था २८:१-१४ पदसम्म आज्ञाकारिताको फल-स्वरूप मिल्ने आशीर्वादहरूको बारेमा कुरा गरिएको छ भने, व्यवस्था २८:१५-६८ पदसम्म बाँकी चौवन्न पदहरूमा परमप्रभुलाई त्याग्ने मानिसहरूमाथि परिआउने श्रापहरूको बारेमा कुरा गरिएको छ। पहिले हामी आशिषहरूको कुरा गरौंः सबै जातिहरूभन्दा उच्च हुने सर्वश्रेष्ठता, भौतिक प्रशस्तता, फलदायीता, परिपूर्णता, सन्तानको वृद्धि, अन्नको भरपूरी, लड़ाइँमा हुने विजय र देश-विदेशसँग सफल व्यापार-वाणिज्य आदि कुराहरू यस आशिषभित्र समावेश गरिएका छन्।

**व्यवस्था २८:१५-३७:** अब श्रापहरूको कुरा आयोः अभावग्रस्तता, बाँझोपन, उब्जनीमा घटी आउनु र फसल नहुनु, महामारीहरू, रोगहरू, वृक्ष र हाँगाहरू सुक्ने किसिम-किसिमका ढुँड़ी-रोगहरू, खड़ेरी, लड़ाइँमा हुने हार, पागलपन, भयत्रास, विरोध, विपत्ति, विनाश र शक्तिहीनता आदि कुराहरू यी श्रापहरूमध्ये हुन् (व्यवस्था २८:१५-३२)। अनि व्यवस्था २८:३३-३७ पदको खण्डमा तिनीहरू कैद गरेर विदेशमा लगिनेछन् भन्ने भविष्यवाणी गरिएको छ, जुन भविष्यवाणी अश्शूरमा र बेबिलोनमा कैद लगिएका निर्वासनहरूमा पूरा भयो।

श्रापको कारणले इस्राएली जाति सबै जातिहरूको बीचमा अत्यास, उपमा र खिसीको पात्र बन्नेथियो।

**व्यवस्था २८:३८-४६:** यहूदीहरूमाथि कुनचाहिँ श्राप आइनपर्नेथियो त? जमिन श्रापित हुनेथियो र त्यसले आफ्नो उब्जनी दिनेथिएन; दाखबारीहरूमा र जैतुनका रूखहरूमा फल नलाग्ने वा फल झर्ने श्राप पर्नेथियो। तिनीहरूका छोराछोरीहरू कैदमा लगिनेथिए, साथै सलहहरूले रूखपात र त्यसमा लागेका फलहरू खाएर शेष पार्नेथिए। परदेशीहरू उन्नति गर्दै जानेथिए, तर यहूदीहरूको चाहिँ अधोगति हुनेथियो। व्यवस्था २८:१२ र २८:४४ पदको बीचमा कुनै अमेल छैन। यहूदीहरू आज्ञाकारी भए तिनीहरू विभिन्न जातिहरूलाई ऋण दिनेथिए; तर तिनीहरू अनाज्ञाकारी भए तिनीहरूले परदेशीबाट ऋण लिनुपर्नेथियो।

**व्यवस्था २८:४७-५७:** यस खण्डमा विदेशी सेनाको हमला र घेराबन्दी हुने बेलामा तिनीहरूले सहनुपरेका आतङ्क र त्रासहरूको वर्णन गरिएको छ। मानिसहरूको परिस्थिति यति नाजुक हुनेथियो, कि तिनीहरू नरभक्षण गर्नेसम्म पुग्नेथिए। यो कुरा त्यस बेलामा पूरा भयो, जब एक समयमा बेबिलोनको सेनाले र त्यसपछि रोमी सेनाहरूले यरूशलेम घेरामा हाले। यी दुवै अप्ठ्याराभन्दा अप्ठ्यारा परिस्थितिमा मानिसहरू व्यापक रूपले मान्छेको मासु खान पुगे। यस्तो अवस्थामा सभ्य र सज्जन मानिसहरू क्रूर र नरभक्षक भए।

**व्यवस्था २८:५८-६८:** महामारीहरू र रोगहरूले इस्राएली जातिको जनसंख्या पूरा घटाउनेथिए। अनि यी विपत्तिहरूबाट उम्केकाहरू पृथ्वीभरि छरपस्ट हुनेथिए र निरन्तर सतावटको डरमा जिउनेथिए। परमेश्वरले आफ्ना जनहरूलाई पानीजहाज-हरूमा हालेर फेरि मिस्र देशमा पुर्‍याउनु-

हुनेथियो। इतिहासकार योसेफसको कुरा विश्वास गर्नु हो भने, इस्वी संवत् ७० सालमा रोमी सेनापति तीतसको पालोमा यो भविष्यवाणी आंशिक रूपले पूरा भयो; किनभने तिनीद्वारा यहूदीहरू पानीजहाजहरूमा हालीकन त्यहाँ लगिए र दासदासीको रूपमा बेचिए। तर यहाँ, अठसट्ठी पदमा लेखिएको *'परमप्रभुले तिमीलाई फेरि* ***मिस्रमा*** *ल्याउनुहुनेछ'* भन्ने वाक्यमा आत्मिक अर्थ लाग्न सम्भव छ। यसर्थ दासत्व यसको सामान्य अर्थ हुन सक्छ। बितेको समयमा परमेश्वरले इस्राएली जातिलाई मिस्रीहरूको वास्तविक दासत्वबाट छुटाउनुभएको थियो। तर यस जातिले उहाँलाई प्रेम गर्दैनथियो भने, यसले आफूमाथि उहाँको सर्वाधिकार स्वीकार गर्दैनथियो र उहाँप्रति कुनै आज्ञाकारिता देखाउँदैनथियो भने; यस जातिले उहाँकी पत्नी भई पतिव्रतमा आफैलाई शुद्ध राख्दैनथियो भने, यसले उहाँको विशिष्ट धन हुन चाहँदैनथियो भने, तर यसले अन्यजातिहरूजस्तै हुन माग्नेथियो भने, ठिक्कै छ, यो जाति फेरि दासत्वमा बेचिनेथियो। तर कसैले यसलाई दासको रूपमा राख्नेथिएन; किनभने यतिखेर यो जाति पूरा लाचार र नालायक बनिसक्नेथियो।

*'किनभने हरेक जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै फिर्ता लिइनेछ'* (लूका १२:४८)। इस्राएली जातिलाई अरू सबै जातिहरूलाई भन्दा बढ़ी सौभाग्यहरू दिइएका थिए; यसकारण यस जातिको कर्तव्य पनि अरूको भन्दा ठूलो थियो; अनि यसले भोग्नुपर्ने दण्ड पनि बढ़ी थियो।

यी श्रापहरूको विषयमा मनन गर्दा हामीलाई परमप्रभुको दन्किरहेको र यहूदीहरूमाथि खनिएको क्रोधको विषयमा अचम्म लाग्छ। यहाँ शब्दहरूको बल घटाइँदैन; यहाँ कुनै कुरा हाम्रो कल्पनामा सुम्पिएको छैन, तर एक-एक कुरा सफासँग बताइएको छ। मोशाले कोरेको नक्सा घाढ़ा रङ्गको छ, अति कड़ा भएको छ, तर पूरा यथार्थ छ, पूरा वास्तविक छ। आफ्नो जीवनमा अनाज्ञाकारिताको फल के हो, सो कुरा इस्राएली जातिले राम्ररी बुझ्नुपरेको थियो; नत्र ता यसले 'परमप्रभु तिम्रा परमेश्वर' भन्ने महिमित र भययोग्य नामको डर मान्न सिक्न सक्नेथिएन (व्यवस्था २८:५८)।

# खण्ड ३

## व्यवस्था २९-३०: मोशाको तेस्रो उपदेशः प्रतिज्ञाको देशको निम्ति दिइएको करार

### क) व्यवस्था २९:१-२१: मोआबमा पारित गरिएको करार

**व्यवस्था २९:१:** हिब्रू बाइबलमा भएझैं व्यवस्था २९:१ पद अघिल्लो अध्यायमा गाभिनु सठीक ठहरिएला। तर श्री काइल र श्री डैलिचले यो पद उनन्तीस र तीस अध्यायहरूको शीर्षकको रूपमा लिएका छन्।[19)]

**व्यवस्था २९:२-९:** मानिसहरूले त्यो करार उल्लङ्घन गरेका थिए, जुन करार परमेश्वरले तिनीहरूसित सिनाई पर्वतमा बाँध्नुभएको थियो। यसकारण अब तिनीहरू प्रतिज्ञाको देशमा प्रवेश गर्न लागेको बेलामा मोशाले अब तिनीहरूलाई व्यवस्थाको पुस्तकमा पेश गरिएको करार पारित गर्ने आह्वान गरे; किनभने व्यवस्थाको पुस्तक हालैमा मोआबका मैदानमा लेखिँदैथियो।

परमप्रभु र उहाँले तिनीहरूकै निम्ति राख्नुभएका उहाँका उद्देश्यहरू के-के थियो, सो कुरा बुझ्ने मानिसहरूसँग न जान्ने हृदय, न बुझ्ने मन थियो। यसकारण परमप्रभुले तिनीहरूलाई बुझ्ने हृदय, देख्ने आँखाहरू र सुन्ने कानहरू दिन चाहनुभयो। तर के गर्ने? तिनीहरूको निरन्तर अविश्वास र अनाज्ञाकारिताले गर्दा तिनीहरू ती दानहरू पाउन पूरा अयोग्य ठहरिए। इस्राएली जातिले स्वर्गबाट मन्ना पाइरहेको थियो र चट्टानबाट निस्किरहेको पानी उपभोग गरेको थियो। तब तिनीहरूको उत्तरजीविकाले मानवीय हातले बनाइएका थोकहरूमाथि निर्भर गरेन, जस्तैः रोटी, दाखमद्य आदि। यसबाट इस्राएलीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई चिन्नु पर्नेथियो; उहाँ तिनीहरूप्रति कति विश्वासयोग्य र प्रेमले भरपूर हुनुहुन्थ्यो!

परमप्रभुसित बाँधिएको करार कायम राख्ने प्रोत्साहन दिने हेतुले मोशाले फेरि एकपल्ट परमेश्वरले इस्राएलीहरूलाई देखाउनुभएको उपकार पुनरावलोकन गरे, जस्तैः उहाँले मिस्र देशमा देखाउनुभएका आश्चर्यकर्महरू, उहाँको सामर्थी हातद्वारा प्राप्त गरिएको महान् छुटकारा, तिनीहरूले उजाड़स्थानमा बिताएका चालीस वर्षभरि उहाँको दिव्य प्रबन्ध, हेश्बोनका राजा सीहोन र बाशानका राजा ओगमाथि हासिल गरिएका विजयहरू, यर्दनको पारिपट्टिको देश रूबेन, गाद र मनस्सेको आधा कुललाई बाँड़िएको कुरा।

**व्यवस्था २९ः१०-२१ः** मोशाले सबै मानिसहरूलाई परमप्रभुसँगको यस करारमा प्रवेश गर्नलाई शपथ खाने आह्वान गरे (व्यवस्था २९ः१०-१३); तिनीहरूले याद गर्नुपरेको थियो, कि यो करार तिनीहरूका सन्तान-दरसन्तानहरूको निम्ति पनि थियो (व्यवस्था २९ः१४-१५)। तिनीहरू यो करार कायम राख्नुमा असफल भए भने, यसको नतिजा साह्रै तीतो हुनेथियो। 'हे वागीहरूहो, अन्यजातिहरूका मूर्तिहरूको पूजा गर्नुदेखि होशियार बस! मूर्तिपूजा गरेर तिमीहरूले परमेश्वरको क्रोधबाट उम्कनेछौं भन्ने मिथ्या सोच नगर!' (व्यवस्था २९ः१६-२१)। अंग्रेजी आर.एस.भी.-बाइबलले व्यवस्था २९ः१९ पद यसरी अनुवाद गरेको छः 'अनि जब त्यसले यस शपथरूपी करारका यी वचनहरू सुन्छ र 'म आफ्नै हृदयको हठी चालमा चले पनि मलाई केही पनि हानि हुँदैन' भन्दै त्यसले आफ्नो हृदयमा आफूलाई आशीर्वाद दिन्छ, तब यो त चिसो र सुक्खा भएको दुवैलाई एकसाथ उड़ाएर लैजानु-जत्तिकै हुनेथियो।' यसो हो भने, कोही पनि उम्कनेथिएन।

### ख) व्यवस्था २९ः२२-२९ः यो करार भङ्ग गर्दाखेरि मिल्ने सजाय

**व्यवस्था २९ः२२-२८ः** पुस्ताहरू फेरिँदै जानेथिए, र विदेशी जातिहरू पनि आउनेथिए र जानेथिए। इस्राएल देशको उजाड़ अवस्था देखेर आउँदा पुस्ताका मानिसहरू अवाक् हुनेथिए। किनकि त्यो त सदोम र गमोरा, अद्मा र सबोयीम भन्ने मैदानका शहरहरूजस्तै भएको थियो। जब तिनीहरूले यसको विनाशको कारण के हो, सो सोध्नेथिए, तब यसको सही उत्तर यही हुन्छः *'किनकि परमप्रभु तिनीहरूका पितापुर्खाहरूका परमेश्वरले तिनीहरूसित बाँध्नुभएको उहाँको करार तिनीहरूले त्यागिदिए; किनकि तिनीहरू गएर अरू देवताहरूको पूजा गरे र दण्डवत् गरे'* (व्यवस्था २९ः२५-२६)।

**व्यवस्था २९ः२९ः** कति गुप्त राखिएका रहस्यहरू छन्; ती रहस्यहरू परमप्रभुका हुन्। यिनमा उहाँका न्याय गर्ने अज्ञात तरिकाहरू गन्न सकिन्छ। तर मोशाले यहाँ मानिसहरूलाई के सम्झना गराउन खोजे भने, तिनीहरूले पूरा गर्नुपर्ने जिम्मावारीचाहिँ सुस्पष्टसँग प्रकट

भएको थियो ! तिनीहरूले परमप्रभुसँग बाँधिएको यो करार कायम राख्नुपरेको थियो । उनले भन्न खोजेको तात्पर्य यो होः जब कसैले प्रकाश पाउँछ, तब यस प्रकाशको साथमा उसको जिम्मेवारी पनि आउँछ । मानिसहरू आज्ञाकारी हुनैपर्छ । परमप्रभुको वचनदेखि माथि कोही न्यायकर्ता भएर बस्दैन । यो आत्मिक नियम हामी नयाँ नियममा पनि धेरै चोटि भेट्टाएका छौं । यसको उदाहरणको निम्ति हामी यहाँ याकूब ४ः१७ पद दिन्छौं, जहाँ यसो लेखिएको छः *'यसकारण जसले भलाइ गर्न जान्दछ, तर त्यो गर्दैन, उसको निम्ति यो पाप ठहरिन्छ ।'* भलाइ जान्नु प्रकाश हो भने, भलाइ गर्नु यस प्रकाशसित आएको कर्तव्य हो ।

### ग) व्यवस्था ३०ः करारको अधीनतामा फर्केर आउँदा हुने पुनर्स्थापना

**व्यवस्था ३०ः१-१०ः** तीस अध्यायमा अनुमान गरिएको छः मानिसहरूले करार भङ्ग गर्ने नै थिए र तिनीहरू कैदमा लगिने नै थिए । अनि कुरा ठीक योजस्तै हुन आयो पनि । यसो भए पनि जब तिनीहरू पश्चात्ताप गरेर परमप्रभु आफ्ना परमेश्वरकहाँ फर्कनेथिए, तब उहाँ तिनीहरूमाथि टिठ्याउनुहुनेथियो र तिनीहरूको पुनर्स्थापना गर्नुहुनेथियो । उहाँले तिनीहरूलाई कैददेखि छुटकारा दिएर आफ्नो देशमा फर्काएर ल्याउनुहुनेथियो । तिनीहरूको पुनर्स्थापना दुई किसिमका हुनेथियो । आफ्नो देशमा फर्कन पाउनु यसको शारीरिक पुनर्स्थापना थियो भने, तिनीहरूको आत्मिक पुनर्स्थापना पनि हुनेथियोः *'परमप्रभु तिम्रा परमेश्वरले तिम्रो हृदय र तिम्रा सन्तान-हरूको हृदयको खतना गर्नुहुनेछ'* (व्यवस्था ३०ः६) । पुनर्स्थापना गरिएका मानिसहरूले यस आज्ञाकारिताबाट आशिष उठाउनेथिए, तर तिनीहरूका शत्रुहरूचाहिँ श्रापित हुनेथिए । परमप्रधानका सल्लाहहरू चुक्नेछैनन्, उहाँका आशिषका पात्रहरू, जसका निम्ति यी दिव्य सल्लाहहरू काममा लगाइन्छन्, ती पात्रहरू चुक्न र विफल हुन सक्छन् र हुन्छन् पनि । परमेश्वरले तिनीहरूका पितापुर्खा-हरूसँग शपथ खानुभएको वचन पूरा गर्नुहुने नै थियो, र यिनीहरूका सन्तानहरूलाई प्रतिज्ञा गरिएको देश सधैंको निम्ति दिनुहुनेथियो । तिनीहरू कैदमा जाने नै थिए; यो अनिवार्य थियो । परमेश्वरलाई यो कुरा राम्ररी थाहा थियो । तर त्यसपछि निस्सन्देह उहाँले तिनी-हरूको पुनर्स्थापना गर्नुहुनेथियो र तिनीहरूलाई परिवर्तन गर्नुहुनेथियो । सर्तरहित प्रेमको कारवाही यस्तो पो हुन्छ । परमेश्वरको प्रेम कति महान् छ !

व्यवस्था ३०ः६ पदमा एउटा विषय उठाइएको छ, जुन विषय त्यो नयाँ करार थियो, जसको विषयमा भविष्यवक्ताहरूले सयौं वर्षपछि प्रकाश पाए (यर्मिया ३२ः३९ पददेखि र इजकिएल ३६ः२४ पददेखि) । यो नयाँ करार पुरानो नियममा प्रकट भए तापनि ख्रीष्ट येशूको मृत्यु नभएसम्म पारित भएन; किनकि उहाँको रगतचाहिँ त्यस नयाँ करारको रगत थियो, जुन रगतमा त्यो नयाँ करार स्थापित भयो (लूका २२ः२०) ।

**व्यवस्था ३०ः११-१४ः** परमेश्वरको यस करारमा बुझ्न नसक्ने केही पनि थिएन, र यो करार तिनीहरूबाट टाढ़ा पनि थिएन । यसमा गुप्त केही पनि थिएन; अहँ, यसमा अपार र अगम केही पनि थिएन । तिनीहरूले यो करार कठोर परिश्रमद्वारा खोजिनिकाल्नुपरेन; किनकि परमप्रभुले यो व्यवस्थारूपी करार तिनीहरूकहाँ ल्याइदिनुभयो; अनि यो करार पालन गर्नु नै तिनीहरूको एकमात्र जिम्मावारी थियो ।

यी पदहरू प्रेरित पावलले रोमी १०ः५-८ पदको खण्डमा ख्रीष्ट येशू र मुक्तिको सुसमाचारमाथि लागू गराइदिएका छन् ।

परमेश्वरसँग बाँधिएको यो करार कायम राख्न तिनीहरूको निम्ति सजिलो थिएन, तर तिनीहरूको असफलता भएको खण्डमा उहाँले तिनीहरूको निम्ति प्रबन्ध गरिदिनुभएको थियोः मानिसहरूले पश्चात्ताप गर्नुपरेको थियो र परमेश्वरकहाँ निर्धारित गरिएका बलिहरू चढ़ाउनुपरेको थियो। यी सबै बलिहरू ख्रीष्ट येशूको छायाचित्रण गर्ने प्रतीक थिए; यसैले यहाँबाट हामीले सिक्नुपर्ने पाठ यस प्रकारको छः जसले पाप गर्छ, त्यसले पश्चात्ताप गर्नुपर्छ र प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुपर्छ। के तपाईंले आफ्ना पापहरू मानिलिनुभयो ? के तपाईंले प्रभु येशूमाथि विश्वास गर्नुभयो ?

**व्यवस्था ३०ः१५-२०ः** एकतिर जीवन र भलाइ थियो भने, अर्कोतिर मृत्यु र खराबी थियो; अनि मानिसहरूले यी दुईवटा कुराको बीचमा छान्नुपरेको थियो। मोशाले मानिसहरूको सामु राखेको सर्त यस प्रकारको थियोः आज्ञाकारिताको निम्ति जीवन ठहरिएको थियो, तर अनाज्ञाकारिताको निम्ति मृत्यु तोकिएको थियो। मोशाले मानिसहरूलाई आग्रह गरेर तिनीहरूलाई जीवन र आशिष चुन्ने विन्ती गरे। भनेजस्तै तिनीहरूको प्रतिक्रिया भएदेखि त्यसले असल-असल प्रतिफलहरू तिनीहरूकहाँ ल्याउनेथिए, जस्तै दीर्घायु र प्रशस्त जीवन, आत्मिक जीवन पनि, जसरी *'... र उहाँसँग टाँसिरहन सक'* भन्ने शब्दहरूको साङ्केतिक अर्थ हुन्छ होला (व्यवस्था ३०ः२०)। यसबाहेक अरू विकल्प के हुन सम्भव थियो ? केवल श्रापमा परेर नाश हुनु बाँकी थियो।

# खण्ड ४

## व्यवस्था ३१-३४ः मोशाको जीवनका अन्तिम दिनहरूः प्रतिज्ञाको देशदेखि बाहिर उनको मृत्यु

### क) व्यवस्था ३१ः मोशाको उत्तराधिकारी

**व्यवस्था ३१ः१-८ः** यहाँ आएर मोशाको उमेर एक सय बीस वर्ष पुगेको थियो। उनले आफ्नो विषयमा परमेश्वरको सुदृढ़ निर्णय जान्दथिएः उनले यर्दन नदी पार गरेर प्रतिज्ञाको देशमा प्रवेश गर्न पाउनेथिएनन्। तर उनले मानिसहरूलाई सम्झना गराएः परमप्रभु तिनीहरूको साथमा जानुहुनेथियो; अनि यहोशू तिनीहरूको अगुवा हुनेथिए, जो तिनीहरूको अघि-अघि जानेथिए। यसकारण तिनीहरूले शत्रुहरूमाथि पाउने विजय सुनिश्चित हुनेथियो। त्यसपछि मोशाले आफ्नो सट्टामा नियुक्त भएका नयाँ अगुवा यहोशूलाई मानिसहरूको सुनाइमा उत्साह दिए र *'परमप्रभु तिम्रो साथमा रहिरहनुहुनेछ'* भनी तिनलाई निश्चित गराए (व्यवस्था ३१ः७-८)।

**व्यवस्था ३१ः९-१३ः** मोशाले यो व्यवस्थाको पुस्तक लेखे र त्यो पुस्तक लेवीहरूको जिम्मामा सुम्पे। यो व्यवस्थाको पुस्तक करारको सन्दुकको छेउमा राखिरहनुपरेको थियो। दस आज्ञारूपी ढुङ्गाका दुईवटा पाटीहरू अघिबाट करारको सन्दुकभित्र राखिएका थिए (प्रस्थान २५ः१६; हिब्रू ९ः४)। यसकारण बुझ्नुहोस्ः यो व्यवस्थाको एक प्रति करारको सन्दुकको छेउमा राखियो। अनि हरेक सातौं वर्षमा सबै

इस्राएलीहरूको कानमा लेवी पूजाहारीहरूले व्यवस्थाको पुस्तक पढ़ेर सुनाउनुपर्थ्यो ।

पवित्र धर्मशास्त्र बाइबलको पठनचाहिँ बाइबलीय सिद्धान्तमा अनुदारपन्थ मण्डली-हरूमा लोप भएको यो के हो ? यो एउटा दुःखलाग्दो कुरा हो । इस्वी संवत् १८२०-१८९६ सालसम्म बाँचिरहेका श्री सी. एच. मेकिन्टोशले लेखेका मूल्यवान् शब्दहरू, जुनचाहिँ आजभन्दा एक शताब्दीभन्दा अघि लेखिए, अभाग्यवश तिनका यी शब्दहरू वर्तमान समयमा झन् बढ़ी सत्य ठहरिएका छन्ः

'परमेश्वरको वचन प्रिय मानिँदैन, पढ़िँदैन, अध्ययन गरिँदैन, यो के हो ? कुन व्यक्तिको जीवनमा, कसको परिवारमा र कुन मण्डलीमा परमेश्वरको वचनको नित्य पठन गरिन्छ त ? मलाई भन्नुहोस् ! मानिसहरूको रुचि तुच्छ, निकम्मा किताबहरूमा छ, जुनचाहिँ तिनीहरूका व्यक्तिगत अभिलाषाहरूको खुराक बनेका छन् । सङ्गीतमा, मण्डलीका रीतिबद्ध सभाहरू र भव्य संस्कारहरूमा मानिसहरूको ठूलो चाहना छ । हजारौं मानिसहरू सङ्गीतको कार्यक्रममा भेला हुन्छन्; अनि यसको निम्ति तिनीहरू प्रवेश-शुल्क पनि तिर्न तयार छन् । तर पवित्र धर्मशास्त्र बाइबलको पठन गर्ने सेवा-सङ्गतिको विषयमा थोरैजनाले मात्र चासो राख्छन् । हाम्रो बीचमा कुरा यस्तो छ; यस वास्तविकताबाट हामी उम्कन सक्दैनौं; किनकि यसका तर्कहरू बलिया छन् । धर्मको निम्ति मानिसहरूको जोश उम्लिन्छ; हाम्रो बीचमा यस प्रकारको धार्मिक उत्तेजनाको निम्ति तृष्णा पूरा बढ़िरहेको छ । तर ठीक त्यस्तै पवित्र धर्मशास्त्र बाइबलको शान्त पठनमा पनि अरुचि उत्तिकै बढ़िरहेको छ, ख्रीष्टको स्थानीय मण्डलीमा आत्मिक दान-वरदानको प्रयोगमा चासो राख्ने कुरा नगरे पनि हुन्छ । यो तथ्य नकार्नु शत प्रतिशत गलत हो । हामी यस कुराबाट आफ्ना आँखाहरू बन्द गर्न सक्दैनौं । किनकि हाम्रो चारैतिर यसका लक्षणहरू देखा परिरहेका छन् ।

तर परमेश्वरलाई धन्यवाद होस् ! यहाँ र त्यहाँ, कता-कतै केही मानिसहरू छन्, जसले परमेश्वरको वचनलाई साँच्चै प्रेम गर्छन् र जो पवित्र सङ्गतिको तृष्णा गरेर परमेश्वरको वचनका अमूल्य सत्यताहरू अध्ययन गर्नुमा प्रसन्न हुन्छन् । प्रभुले यस्ताहरूको संख्या बढ़ाइदिऊन् र यिनीहरूलाई यिनीहरूको बाँकी जीवनका सबै दिनहरूमा आशिष दिऊन् !' [20]

**व्यवस्था ३१ः१४-१८ः** मोशाको मृत्युको घड़ी आइरहेको थियो; तब परमेश्वरले उनलाई यहोशूको साथमा भेट हुने पालमा बोलाउनुभयो, र त्यहाँ उहाँ उनीहरूको सामु बादलको खाँबामा देखा पर्नुभयो । परमेश्वरले उनलाई प्रकट गर्नुभयो, कि उनको मृत्युपछि इस्राएलीहरूले चाँड़ै आफैलाई मूर्तिपूजामा दिइहाल्नेथिए र यसरी आफूमाथि परमेश्वरको क्रोध निम्त्याउनेथिए ।

**व्यवस्था ३१ः१९-२२ः** त्यसपछि उहाँले मोशालाई एउटा स्तुतिगान रचेर यो गीत इस्राएलीहरूलाई यस उद्देश्यले सिकाउने आज्ञा दिनुभयो, कि आउने दिनहरूमा यस गीतको शब्दहरूले तिनीहरूको विरुद्धमा साक्षी दिनेथिए ।

**व्यवस्था ३१ः२३ः** तब परमेश्वरले आफ्ना जनहरूलाई अगवाइ गरेर प्रतिज्ञाको देशमा ल्याइपुर्‍याउन भनी यहोशूलाई तिनीहरूको अगुवाको रूपमा आफैले नियुक्त गर्नुभयो र तिनलाई *'बलिया होऊ र खूबै साहसी होऊ'* भन्ने प्रोत्साहन दिनुभयो । मलाई के लाग्छ भने, परमप्रभुबाट सुनेका यी व्यक्तिगत वचनहरूले तिनलाई निक्कै बलियो तुल्याएको हुनुपर्ला । तिनले भर्खर परमेश्वरको मुखबाट इस्राएली जातिको पतन र पथभ्रष्ट हुने विषयमा सुने (व्यवस्था ३१ः१६) । यसकारण तिनको सामु राखिएको कार्यभारको सम्बन्धमा तिनी हताश हुनु-हुँदैनथियो, तर तिनलाई परमेश्वरको आश्वासन आवश्यक थियो ।

**व्यवस्था ३१:२४-२७:** अब व्यवस्थाको पुस्तक लेवीहरूको हातमा सुम्पियो, जुन लेवीहरूचाहिँ इस्राएलीहरूले परमेश्‍वरलाई त्यागिदिएको खण्डमा तिनीहरूको विरुद्धमा गवाह हुनुपर्नेथियो ।

**व्यवस्था ३१:२८-३०:** त्यसपछि परमेश्‍वरले मोशालाई आज्ञा गर्नुभएअनुसार उनले निम्न स्तुतिगान इस्राएली जातिका सबै कुलहरूका बूढ़ा प्रधानहरू र अधिकारी-वर्गलाई सुनाइदिए ।

### ख) व्यवस्था ३२: मोशाको स्तुतिगान

**व्यवस्था ३२:१-३:** पहिले मोशाको गीतको सारांश यस प्रकारले दिन उचित देखिन्छः सारा सृष्टि यस गीतमार्फत परमप्रभुको वचन सुन्न भेला हुनुपर्छ । यस गीतमा ताजापन छ, पानीको झरीमा भएजस्तो, यसमा मौलाउने पोषण-शक्ति छ, शीतमा भएजस्तो । व्यवस्था ३२:३ पद यस गीतको शीर्षकको रूप लिन सकिन्छ; किनभने यस पदमा मोशाले मानिसहरूलाई परमेश्‍वरको महानताको गुणगान गर्न लगाउँछन्; किनकि इतिहासमा परमेश्‍वरले आफ्नो प्रजासँग कसरी व्यवहार गर्नुभयो, यस सन्दर्भमा यस गीतले उहाँको महानता प्रकट गर्छ ।

**व्यवस्था ३२:४-९:** परमेश्‍वरको महानता, उहाँको न्याय, उहाँको विश्‍वास-योग्यता र उहाँको पवित्रता देखेर पनि इस्राएलीहरूले उहाँलाई भुले, त्यागे र उहाँको विरुद्धमा पाप गरे । परमप्रभुका सद्‌गुणहरूमा जुन महिमाको प्रदर्शन गर्न लागेको थियो, त्यस प्रदर्शनको निम्ति यहाँ, यस गीतको खण्डमा इस्राएली जातिको टेढ़ापना र दुष्टताको अँध्यारो पृष्ठभूमि लिइयो । उहाँ तिनीहरूका पिता र सृष्टिकर्ता हुनुहुन्थ्यो; तर उहाँले तिनीहरूबाट पाउनुभएको धन्यवाद अति क्षुद्र र सूक्ष्म भयो । जुन बेलामा परमप्रधानले जातिहरूको बीचमा पृथ्वी विभाजन गर्नुभयो, त्यस बेलामा उहाँले सबैभन्दा पहिले आफ्नै जनहरूको खाँचोको निम्ति प्रबन्ध गर्नुभयो । तिनीहरूप्रति उहाँको प्रेम र वास्ता यस्तै थियो ।

**व्यवस्था ३२:१०-१४:** दस पदमा इस्राएली राष्ट्रको जन्म र यसको शुरुका दिनहरूको वर्णन गरिएको छ । तिनीहरू मिस्र देशबाट निस्केर आए; त्यसपछि परमेश्‍वरले आफ्ना जनहरूलाई अगुवाइ गर्नुभयो, तिनी-हरूलाई शिक्षा दिनुभयो र गरुड़ले आफ्ना बच्चाहरूलाई प्रेम र रक्षा गरेझैं उहाँले तिनीहरूलाई प्रेम गरेर रक्षा गर्नुभयो, सुरक्षित राख्नुभयो (व्यवस्था ३२:११) । इस्राएली जातिको सुरक्षामा कुनै पराई देवताको हात थिएन । तब यो जाति किन मूर्तिपूजातिर लाग्यो ? परमप्रभुले तिनीहरूलाई देखाउनु-भएको उपकारको निम्ति किन पराईले धन्यवाद पाएको ? यो त भएन । व्यवस्था ३२:१३ पददेखि यस गीतको बोलले भविष्यवाणीको रूप लिएको छ । किनकि उहाँले तिनीहरूलाई प्रतिज्ञाको देशमा ल्याउनुभएको र त्यसका आशिषहरूको भागी तुल्याउनुभएको सन्दर्भमा यो खण्ड लेखिएको हो ।

**व्यवस्था ३२:१५-२०:** यशूरून् इस्राएली जातिको साहित्यिक नाम हो । यस गीतमा प्रयोग गरिएको नामको अर्थ 'सीधा', 'सच्चा' वा 'इमानदार' हो । तर सुनाम पाएको यो इस्राएली जाति मूर्तिहरूतिर पो लागेछ, अँ, यसले परमप्रभुको विरुद्धमा विद्रोह गरेछ र उहाँको रिस उठाएछ । तिनीहरूले प्रेतहरूको पूजा रोजे, र तिनीहरू आफ्ना छोराछोरी-हरूलाई होमबलि गर्नेसम्म पुगे । तिनीहरू कहाँसम्म पतित भए ? तिनीहरू नचिनेका नयाँ देवताहरूलाई पुज्ने मूर्खतामा डुबे । यसरी नै तिनीहरूले साँचो चट्टानलाई

अवहेलना गरे; तिनीहरूले आफ्नै पितालाई भुलिपठाए। फलस्वरूप परमप्रभुले तिनीहरूबाट आफ्नो अनुहार लुकाउनुभयो। उहाँले आफ्ना जनहरूबाट आफ्नो अनुहार लुकाउनुभएको कुरा कसरी जानिन्छ ? तिनीहरू कैदमा बेचिएको कुराबाट यो प्रमाणित भयो।

**व्यवस्था ३२ः२१-३३ः** इस्राएली जातिलाई पर पन्साउनुभएपछि परमेश्वरले तिनीहरूलाई डाही तुल्याउने हेतुले अन्यजातिहरूप्रति अनुग्रहको व्यवहार देखाउनुभयो, जसरी वर्तमान समयमा मण्डलीको युगमा पनि यस्तो भइरहेको छ। यस अवधिभरि इस्राएली जाति छरपस्ट हुनुको साथै सतावटमा परेको थियो। तर तिनीहरू सम्पूर्ण रीतिले नाश भएनन्; किनभने इस्राएली जातिका शत्रुहरूले यसको पतन भएकोमा गलत अर्थ नलगाऊन् भन्ने परमप्रभुको इच्छा थियो। तिनीहरूका शत्रुहरूले भरोसा गरेको चट्टान तिनीहरूका चट्टानभन्दा कहाँ बलियो थियो र? तर इस्राएली जातिका चट्टानले तिनीहरूलाई तिनीहरूको दुष्टताको खातिर तिनीहरूका शत्रुहरूको हातमा नाश हुन सुम्पिदिनुभयो।

**व्यवस्था ३२ः३४-४३ः** जुन जातिहरू परमेश्वरले इस्राएली जातिलाई सजाय दिन चलाउनुभयो, ती जातिहरूबाट उहाँले बदला लिने सन्दर्भमा यो खण्ड लेखिएको छ। दुवै साटो फेर्ने र बदला लिने काम परमप्रभुका हुन् (व्यवस्था ३२ः३५), साथै न्याय गरेर छुटाउने काम पनि उहाँको हो (व्यवस्था ३२ः३६)। उहाँले आफ्ना विरोधीहरूसँग कारवाही गर्नेछु भनेर उहाँले आफ्नै नाममा शपथ खानुभयो; किनभने त्योभन्दा ठूलो अरू कुनै नाम नै थिएन। व्यवस्था ३२ः४१-४२ पदमा हेर्नुहोस्, यो न्याय कति सम्पूर्ण हुँदो रहेछ। फलस्वरूप परमेश्वरका जनहरू र सबै जातिका मानिसहरूले रमाउन पाउँदा रहेछन्; किनभने परमेश्वरले बदला लिनुभयो, अनि आफ्ना जनहरू र आफ्नो देशको निम्ति प्रायश्चित्त गर्नुभयो।

**व्यवस्था ३२ः४४-४७ः** यसरी नै यस मोशाको गीतले इस्राएली जातिको ऐतिहासिक र भविष्यवाणीरूपी रूपरेखा प्रस्तुत गरेको छ। यस गीतको बोल पढ़ेर सुनाइसकेपछि मोशाले मानिसहरूलाई यसो भन्दै गम्भिरतापूर्वक यी शब्दहरू मनमा राखेर परमप्रभुको पछि लाग्ने आग्रह गरेः *'किनकि यो तिमीहरूको निम्ति कुनै व्यर्थको कुरा होइन; किनभने यो तिमीहरूको जीवन हो।'*

**व्यवस्था ३२ः४८-५२ः** तब परमप्रभुले मोशालाई नबो पहाड़को टाकुरामाथि उक्लने आदेश दिनुभयो, जुन टाकुरादेखि उनले प्रतिज्ञा देश एकचोटि नियालेर हेर्ने मौका पाउनेथिए। उनले मरीबा-कादेशमा गरेको आफ्नो पापको कारणले प्रतिज्ञाको देशभित्र प्रवेश गर्न पाएनन्, तर नबो पहाड़मा नै उनको मृत्यु हुनेथियो, अनि मोआबको बेंसीमा उनको दफन हुनेथियो (व्यवस्था ३४ः६)।

### ग) व्यवस्था ३३ः मोशाले दिएको आशीर्वाद

यस अध्यायका कति ठाउँहरूमा प्रयोग भएका हिब्रू शब्दहरूको अर्थ अस्पष्ट छ। यही कारणले विभिन्न टिप्पणीकारहरूले यस खण्डमा विभिन्न अर्थ लगाएका र आ-आफ्नो विचार व्यक्त गरेका छन्। यस्तो अवस्थामा एक-एक हिब्रू शब्दको सम्भवतः अर्थ निकाल्न हाम्रो टिप्पणीको उद्देश्य नै होइन; किनभने यो त हददेखि बाहिरको प्रयास ठहरिनेथियो। यसकारण हामी यहाँ, यस ठाउँमा एक-एक आशीर्वादको विषयमा भविष्यवाणीको दृष्टिकोण लिएर यसको संक्षिप्त अर्थ मात्र पेश गर्छौं।

**व्यवस्था ३३ः१-५ः** परमेश्वरका जन मोशाको अन्तिम कामचाहिँ इस्राएली जातिका बाह्रैवटा कुलहरूलाई आशीर्वाद दिनु थियो।

व्यवस्था ३३ः२-५ पदहरूमा परमेश्वरको प्रेम र वास्ताको प्रशंसा गरिएको छ, जुन प्रेम र वास्ता उहाँका जनहरूलाई मिलेको थियो। उहाँले सिनाई पर्वतमा तिनीहरूलाई व्यवस्था दिनुभयो। सेईर र पारान पहाड़को बाटो भएर तिनीहरूको कनान देशतर्फको यात्रा अघि बढ़िरहेको थियो। मोशाले कविताको भाषा प्रयोग गरेर परमप्रभुलाई 'यशूरून्‌का राजा' भन्ने नाम दिए, जसले राजा भएर आफ्नो प्रजालाई विजयतिर डोऱ्याउनुभयो। त्यसपछि इस्राएलीहरूको एक-एक कुलको निम्ति मिल्ने एक-एक आशीर्वाद प्रस्तुत गरिएको छ, जस्तैः

**व्यवस्था ३३ः६ः** *रूबेनः* रूबेन-कुलको इलाका यर्दनको पूर्वपट्टि परेको थियो, मोआब देशको सिमानाको उत्तरमा परेको थियो। यस परिस्थितिमा रूबेन-कुललाई आक्रमण गर्न सजिलो हुनेथियो। यसकारण 'रूबेनका सन्तानहरू नाश नहोऊन्, तर संख्यामा वृद्धि भएर जाऊन्' भन्ने प्रार्थना चढ़ाइएको छ।

यहाँ, यस ठाउँमा शिमोन-कुलको कुरा गरिएको छैन; तर यहाँ जन्मक्रमअनुसार यसको निर्धारित ठाउँ हुनुपर्नेथियो। तर शिमोन-कुल यहूदामा गाभियो र यस कुलसित मिसियो। यसकारण यहूदा-कुललाई दिइएको आशीर्वाद शिमोन-कुललाई पनि समेटेको हुन सक्छ।

**व्यवस्था ३३ः७ः** *यहूदाः* कनान देश कब्जा गर्दा यहूदा-कुलले लड़ाइँमा अग्रसर भई अगुवा हुने भूमिका निभाउनेथियो। परमप्रभुलाई विन्ती गरिएको छः 'हे प्रभु, यसका योद्धाहरूलाई सहायता गर्नुहोस्, र यिनीहरू लड़ाइँबाट सकुशलतासाथ आफ्ना जनहरूकहाँ फर्किआऊन्!'

**व्यवस्था ३३ः८-११ः** *लेवीः* परमेश्वरको तुम्मीम र उहाँको ऊरीम लेवीहरूका भए; मानिसहरूले मस्सा र मरीबाको पानीनिर यही कुललाई आलोचना गरेका थिए। लेवी-कुल त्यही कुल थियो, जुनचाहिँ परमप्रभुको पक्षमा आफ्नै मानिसहरूको विरुद्धमा खड़ा भयो, जब ती मानिसहरूले सुनको बाछाको पूजा गरेका थिए। लेवीहरू मानिसहरूलाई शिक्षा दिन र बलिहरू चढ़ाउन अलग गरिएका थिए। मोशाले तिनीहरूको निम्ति प्रार्थना गरेर 'तिनीहरूको धनसम्पत्तिमाथि आशिष रहोस्, तिनीहरूको सेवा ग्रहण गर्नुहोस् र तिनीहरूलाई अवहेलना गर्नेहरूलाई नाश गर्नुहोस्' भन्ने विन्ती चढ़ाए।

**व्यवस्था ३३ः१२ः** *बिन्यामिनः* परमप्रभुको मन्दिरचाहिँ पृथ्वीमा परमेश्वरको वासस्थान थियो। अनि त्यो मन्दिर बिन्यामिनको इलाकाभित्र अवस्थित हुनेथियो, जुन इलाका चारैतिरबाट डाँड़ाहरूले घेरिएको हुनेथियो। यसकारण बिन्यामिन-कुलको चित्र पूरा सुन्दर देखिन्छः अतिप्रिय कुल यही हुँदो रहेछ, जसका मानिसहरूले परमप्रभुसँग घनिष्ठ सङ्गति उपभोग गर्नेथिए।

**व्यवस्था ३३ः१३-१७ः** *यूसुफः* यूसुफका सन्तानहरूको साँधसिमानाभित्र परेको जमिनचाहिँ माथिबाट आकाशको शीतद्वारा र जमिनभित्रबाट पानीका मुहानहरूद्वारा सिंचिनेथियो वा भिजिनेथियो। यसकारण यो जमिन अति फलदायक हुनेथियो; उहाँ जसले आफूलाई जलिरहेको पोथ्रामा प्रकट गर्नुभएको थियो, उहाँको निगाह र शुभेच्छा त्यसमाथि रहिरहनेथियो। यूसुफका दुईजना छोराहरू महिमाले पूर्ण र शक्तिशाली बन्नेथिए र विभिन्न जातिहरूमाथि विजय हुनेथिए। जन्मसिद्ध ज्येष्ठ-अधिकार एप्रैमको थियो; यसकारण उसलाई लाखौं-लाख सन्तानको प्रतिज्ञा दिइएको थियो भने, मनस्सेलाई हजारौंहजार सन्तानको मात्र प्रतिज्ञा दिइएको थियो।

**व्यवस्था ३३ः१८-१९ः** *जबूलून* र *इस्साकारः* तिनीहरू देश-विदेशमा सफल हुनेथिए; तिनीहरूले यरूशलेम परमप्रभुको

पर्वतमा जाति-जातिका मानिसहरूलाई उहाँको सेवा र आराधना गर्न अगुवाइ गर्नेथिए। यी दुईवटा कुलहरू समुद्रहरूको भरपूरी र तिनका किनारमा भएको धन खाएर पूरा तृप्त हुनेथिए। यो इतिहासको कुरा होः अहिलेसम्म तिनीहरूले जाति-जातिहरूलाई परमप्रभुको सेवा-आराधनामा अगुवाइ गरेको कुनै विवरण पाइँदैन; अनि यी दुवै कुलहरूका इलाकाहरू बितेको समयमा चारैतिरबाट सधैं भूभागले घेरिएको हुन्थ्यो। यसकारण हाम्रो अनुमानअनुसार यहाँ पेश गरिएको आशीर्वाद ख्रीष्ट येशूको हजार वर्षको राज्यमा पूरा हुनुपर्नेछ।

**व्यवस्था ३३ः२०-२१ः** *गादः* परमेश्वरले यस कुललाई यर्दनको पूर्वमा ठूलो भूमि दिनुभयो। गादले यो देश कब्जा गर्न र यसको रक्षा गर्न सिंहले जस्तै लड़ाइँ गरेको थियो। त्यसले आफ्नो लागि चुनेको भूमि क्या राम्रो थियो! त्यो भूमि अति राम्रो खर्क थियो, जुनचाहिँ अगुवाजनको भागको रूपमा छुट्ट्याएर राखिएको थियो। तर गादले अरू कुलका अगुवाहरूसँग काँधमा काँध मिलाएर यर्दनको पश्चिममा भएको प्रतिज्ञाको देश कब्जा गर्न सहयोग पुर्‍यायो। यसरी नै यस कुलले परमपरभुको धर्ममय इच्छा पूरा गर्‍यो।

**व्यवस्था ३३ः२२ः** *दानः* दानलाई सिंहको डमरुसँग तुलना गरिएको छ, जुनचाहिँ हिंस्रक र बलियो छ, र जसले ढुकेर बसेको ठाउँबाट शत्रुलाई अकस्मात् आक्रमण गर्छ। शुरुमा दानको सिमाना कनान देशको दक्षिण-पश्चिममा परेको थियो; तर कतिजना दानीहरूले उत्तरी-पूर्वतिर आफ्नो बसाइ सरे, र बाशानको सिमानाको छेउमा अतिरिक्त इलाकाहरू कब्जा गरे।

**व्यवस्था ३३ः२३ः** *नप्तालीः* नप्ताली-कुलको इलाका कनान देशको उत्तरी-पूर्वमा परेको थियो, र यसको सिमाना दक्षिणमा गालीलको समुद्रलाई पनि छोयो। यो कुल परमप्रभुको निगाह र आशिषको भरपूरीले सुसम्पन्न थियो।

**व्यवस्था ३३ः२४-२५ः** *आशेरः* आशेर-कुलको आशिष यस प्रकारको थियोः यसका प्रशस्त सन्तानहरू हुनेथिए, अरू कुलहरूसँग यसको असल सम्बन्ध कायम रहनेथियो र यसको भूमि जैतुनको तेलले पोखिनेथियो। फलाम र पित्तलजस्ता धातुहरू जुत्ता बनाउन कति असामान्य सामग्रीहरू हुँदा रहेछन्। श्री काइलले जुत्ताको सट्टामा 'किल्लाहरू' भनेर अनुवाद गरेका छन्। श्री एफ. डब्ल्यू. ग्रान्टले व्यवस्था ३३ः२५ पदको अन्तिम वाक्यको चाखलाग्दो अनुवादको विषयमा निम्न सुझाउ दिएका छन्ः

> 'वर्तमान विद्वान्हरूले "शक्ति" भन्ने शब्दको बदलीमा "विश्राम" पढ्छन्। यसो हो भने, शक्ति र विश्राम – यी दुवै कुराहरूले इस्राएली-हरूको स्थायी सुरक्षा कति राम्रोसँग व्यक्त गर्नेथिए। अनि हुन सक्छ, "तिम्रा दिनहरू-अनुसार तिम्रो शक्ति भएको होस्" भन्ने हामीलाई प्रिय लागिरहेको वाक्य खारिज गर्न हामी हतपत तयार नहोऔं; ठिक्कै छ; तर तपाईं आफै भन्नुहोस्ः "तिम्रा दिनहरूअनुसार तिम्रो विश्राम भएको होस्" भन्ने वाक्यचाहिँ पक्का पनि यस उदेकलाग्दो आशीर्वादको निम्ति नमिल्ने अन्त हुनेथिएन; यसमा कुनै शङ्का छैन।' 21)

**व्यवस्था ३३ः२६-२९ः** यी अन्तिम पदहरूमा परमेश्वरको महानताको बढ़िबढ़ाउ गरिएको छ; किनभने उहाँले आफ्नो महानता आफ्ना जनहरूको पक्षमा काममा लगाउनु-भएको हो। यशूरून्का परमेश्वर अद्वितीय परमेश्वर हुनुहुन्छ; उहाँ स्वर्गदेखि सहायता गर्नुहुन्छ। व्यवस्था ३३ः२७ पदका शब्दहरूले लाखौं मानिसहरूलाई आड़ दिएका छन्ः *'अनन्त परमेश्वर तिम्रा शरणस्थान*

*हुनुहुन्छ, र मनिपट्टि अनन्त पाखुराहरू हुन्छन् ।'*

परमेश्वरको प्रतिज्ञा जारी रहेको थियो। यसैकारण उहाँले भविष्यमा इस्राएली जातिका शत्रुहरूलाई नाश गर्नुहुनेथियो; इस्राएलीहरू सुरक्षित हुनेथिए; तिनीहरूको शान्ति र समृद्धि हुनेथियो; अनि तिनीहरूले विजय प्राप्त गर्नेथिए। यसरी नै मोशाको स्तुतिगान समाप्त भयो ।

### घ) व्यवस्था ३४ः मोशाको मृत्यु

**व्यवस्था ३४ः१-८ः** यहाँ, परमेश्वरको वचनको यस भागमा अरू कसैले मोशाको मृत्युको वर्णन लेखे। यसो भए पनि यस कुराले पेन्टटुकको बाँकी भाग मोशा आफूले लेखेका थिए भन्ने तथ्यमाथि कुनै खास प्रभाव पार्दैन ।[22] मोशाले प्रतिज्ञाको देश देख्न पाए; त्यसपछि नबो पहाड़मा उनको मृत्यु भयो, अनि परमप्रभुले हाम्रो निम्ति अज्ञात स्थानमा उनको दफन गर्नुभयो। परमेश्वरले मोशाको चिहान गुप्तमा राख्ने कारण यही थियोः उहाँले मानिसहरूलाई यी महान् व्यवस्थापकको समाधि निर्माण गर्नदेखि रोक्न चाहनुभयो, नत्र ता तिनीहरूले अवश्य त्यहाँ गएर उनको पूजा गर्नेथिए। मोशा आफ्नो मृत्युमा एक सय बीस वर्ष भएका थिए; तर उनी अझै पनि बलिया र फूर्तिला थिए; अनि उनको बुद्धि तेज थियो। यो कुरा व्यवस्था ३१ः२ पदसँग मेल नखाने होइन। किनभने मोशाले अबदेखि उसो मानिसहरूको अगुवाइ गर्न नसक्ने कारण शारीरिक होइन, तर आत्मिक थियो। परमेश्वरले उनलाई सीधा भन्नुभएको थियोः उनले गरेको पापले गर्दा उनले परमेश्वरका जनहरूलाई कनान देशभित्र ल्याइपुऱ्याउन पाउनेथिएनन्। यसकारण बुझ्नुहोस्ः मोशाको शरीर कमजोर भएको थिएन; तर उनी अयोग्य ठहरिएको हुनाले उनले यसो गर्न सकेनन् ।

**व्यवस्था ३४ः९ः** तब यहोशूले आफ्नो कार्यभार उठाए र सेनापतिको रूपमा आफ्नो काम शुरु गरे। गन्ती २७ः१८-२३ पदको खण्डमा उल्लेख गरिएको परमप्रभुको वचनअनुसार मोशाले यहोशूलाई आफ्ना उत्तराधिकारीको रूपमा सुनिश्चित गरे। यसरी नै उनका सेवक उनको ठाउँमा उनको उत्तराधिकारी बने। योचाहिँ मोशाको नम्रताको निम्ति अर्को साक्षी हो ।

**व्यवस्था ३४ः१०-१२ः** अन्तमा यहाँ मोशालाई दिइएको सम्मान र श्रद्धाञ्जली अरू कुनचाहिँ मानिसलाई दिन सकिनेथियो? यसको योग्य को हुन सक्नेथियो? यो कुरा पक्का हो, यी अन्तिम पदहरू लेखिएको समयमा पृथ्वीमा ख्रीष्ट येशू देखा पर्नुभएको थिएन। यसकारण हामी बुझौंः व्यवस्था ३४ः१० पदमा बताइएको कुरा ख्रीष्टको पहिलो आगमन भएको बेलासम्म मात्र लागू हुनेथियो ।

*'अनि मोशा उहाँको सम्पूर्ण घरमा साँच्ची नै एउटा सेवकको रूपमा विश्वासयोग्य थिए'* (हिब्रू ३ः५)। उनी आफ्नो पापको खातिर मर्नुपऱ्यो; उनको चिहानको कुनै पत्ता छैन। तर उनको प्रतिरूप प्रभु येशूचाहिँ *'आफ्नै घरमाथि पुत्रको रूपमा विश्वासयोग्य हुनुहुन्थ्यो'* (हिब्रू ३ः५-६)। उहाँ हाम्रा पापहरूको निम्ति मर्नुभयो; उहाँको चिहान रित्तो छ; किनभने उहाँ पिताको दाहिने हातपट्टि बस्नलाई स्वर्गमा चढ़िजानुभयो। *'यसकारण हे पवित्र भाइहरूहो, स्वर्गीय बोलावटका भागीदारहरूहो, हामीले स्वीकार गरेका प्रेरित र महापूजाहारीलाई अर्थात् ख्रीष्ट येशूलाई ध्यान देओ! ... किनकि जसरी घरको भन्दा घरको निर्माणकर्ताको बढ़्ता आदर हुन्छ, त्यसरी नै उहाँ पनि मोशाभन्दा बढ़्ता गरी महिमाको योग्य ठहरिनुभयो।'* (हिब्रू ३ः१ र ३)।

## ENDNOTES:

1) **2:1–23:** “Giants” (transliterated *rephâ’îm*), were an ancient race of giants, from whom Og was descended. The word ‘rephaim’ came to mean any people of large stature.
2) **3:1–11:** J. A. Thompson, *Deuteronomy: An Introduction and Commentary*, p. 93.
3) **4:44–49:** The Syriac Version reads ‘Sirion’.
4) **5:22:** J. A. Thompson, *Deuteronomy*, p. 119.
5) **8:1 Introduction:** Ibid., p. 134.
6) **10:1 Introduction:** The chapter and verse divisions in the Bible were made centuries after the originals were written.
7) **15:1–3:** Matthew Henry, *“Deuteronomy,” Matthew Henry’s Commentary on the Whole Bible*, I:786.
8) **15:4–6:** E. W. Bullinger, *The Companion Bible*, p. 259.
9) **16:1–8:** D. L. Moody, *Notes from My Bible*, pp. 44, 45.
10) **16:16-17:** Ibid., p. 45.
11) **18:9–14:** Henry G. Bosch, *Our Daily Bread*, Grand Rapids: Radio Bible Class, June–July–August 1989, August 31.
12) **20:1–8:** Matthew Henry, *“Deuteronomy,”* I:806.
13) **20:10–20:** See Introduction to Jonah for some details.
14) **22:13–21:** Another possible meaning is that “tokens of virginity” should be translated “tokens of adolescence,” that is, that the girl was menstruating regularly. A man who married such a girl would expect to have evidence of this after his marriage unless, of course, she became pregnant by him at once. What was needed was evidence that at the time of marriage the girl was not pregnant and was menstruating. If she had been guilty of sexual misconduct after betrothal, any pregnancy before marriage would eventually show up and a child would be born before nine months had elapsed. The law of verses 13–21 might therefore be concerned with the bride’s conduct during her betrothal period prior to marriage and the ’tokens of adolescence’ might have been a pregnancy test. (J. A. Thompson, *Deuteronomy*, pp. 236. See also discussion on p. 235.)
15) **23:1–8:** The category may refer specifically to offspring of incestuous relations among Jews, or of mixed relations with pagans.
16) **24:5:** “Kinsman redeemer” is the older term from the KJV.
17) **24:17–22:** Ronald Sider, *Rich Christians in an Age of Hunger*, p. 92.
18) **26:1–11:** Phillip Keller, *A Shepherd Looks at Psalm 23*, pp. 46, 47.
19) **29:1:** C. F. Keil and F. Delitzsch, *“Deuteronomy.” In Biblical Commentary on the Old Testament*, III:446.
20) **31:9–13:** C. H. Mackintosh, *“Deuteronomy,” in Notes on the Pentateuch*, p. 895.
21) **33:24-25:** F. W. Grant, *“Deuteronomy,” in The Numerical Bible*, I:622.
22) **34:1–8:** See “Introduction to the Pentateuch” for a defense of the Mosaic authorship of the Pentateuch in this commentary.

## BIBLIOGRAPHY

Grant, F. W. "Deuteronomy." In *The Numerical Bible*. Vol. I. Neptune, NJ: Loizeaux Brothers, 1977.

Henry, Matthew. "Deuteronomy." In *Matthew Henry's Commentary on the Whole Bible*. Vol. I. MacLean, VA: MacDonald Publishing Company, n.d.

Keil, C. F. and Delitzsch, F. "Deuteronomy." In *Biblical Commentary on the Old Testament. The Pentateuch*, Vol. III. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Kline, Meredith G. "Deuteronomy." In *The Wycliffe Bible Commentary*. Chicago: Moody Press, 1962.

Mackintosh, C. H. "Deuteronomy." In *Notes on the Pentateuch*. Neptune, NJ: Loizeaux Brothers, 1972.

Shultz, Samuel J. *Deuteronomy: The Gospel of Love*. Everyman's Bible Commentary. Chicago: Moody Press, 1971.

Thompson, J. A. *Deuteronomy: An Introduction and Commentary*. The Tyndale Old Testament Commentaries. Downers Grove, IL: InterVarsity Press, 1974.

Towns, Elmer L. "Deuteronomy." In the *Liberty Bible Commentary*. Lynchburg, VA: The Old-Time Gospel Hour, 1982.